महेन्द्र माला

कक्षा ९ र १०

भाग १



लेखक तथा सम्पादक
डा. तारानाथ शर्मा

महेन्द्र माला

कक्षा ९ र १०

भाग १

लेखक तथा सम्पादक
डा. तारानाथ शर्मा

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पाठ्यक्रम (२०३८) अनुसार
पहिलो संस्करण २०३९
संशोधित दशौं संस्करण २०४८
चौधौं संस्करण २०५२
पन्धौं संस्करण २०५३

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सकुहुनेछ ।

ज. शि. सा. के. लि..

मूल्य रु.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

-श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

श्रमप्रति श्रद्धा जगाई उपयोगी नागरिक तयार गराउने र देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई अनुशासित सुयोग्य नागरिक तयार गराउने माध्यमिक शिक्षाको उद्देश्यमा आधारित संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

यस पाठ्यपुस्तकका लेखक तथा सम्पादक डा. तारानाथ शर्मा हुनुहुन्छ ।

सम्बन्धित विषयका अनुभवी शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझाव समेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान् । तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर।

विषयसूची

१. शान्तिको ध्वनि छर्दै जाऊ (कविता) : चाँदनी शाह १
२. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (जीवनी) ५
३. महादेवले पनि हार्नुपरेछ (लोक कथा) १०
४. म चटकी हुन्नँ (दैनिकी) १५
५. जङ्गी निशान हाम्रो (कविता) : गोपालप्रसाद रिमाल २३
६. मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन (जीवनी) २८
७. टीका (नाटक) : भीमनिधि तिवारी ३४
८. कर्तव्य (कथा) : गुरुप्रसाद मैनाली ४२
९. आँखाको गुराँस र हत्केलाको सुनगाभा (कविता) : हिमांशु थापा ५४
१०. पशुपतिनाथको मन्दिर (प्रबन्ध) ५९
११. तीन चिठी ६५
१२. लालु र काल (लोककथा) ७४
१३. पहिलो विमान उडाउने राइट दाजुभाइ (जीवनी) ८४
१४. इच्छा (कविता) : बालकृष्ण सम ९२
१५. पालाको पैचो (कथा) : शिवकुमार राई ९८
१६. घनघस्याको उकालो काट्ता (निबन्ध) १०९
१७. शहीदहरूको सम्झनामा (कविता) : भूपि शेरचन · १२०
१८. हाम्रा हक्की विद्वान् बाबुराम आचार्य (जीवनी) १२४
१९. कक्षागत गीत १३२

१. शान्तिको ध्वनि छर्दै जाऊ

पुस माघ महिनाको जस्तै पारिलो घाम बनेर
यो आकाश धर्ती बीचको कुहिरो हटाइदेऊ तिमी
ध्रुव तारा जस्तै सधैं सत्य अटल अमर बनेर
विकासका लक्ष्य र बाटाहरू पहिल्याइदेऊ तिमी

यी पाइलाहरू तिम्रा सधै बढिरहून् यसरी नै
हर गाउँ गोठ आँगन पँधेरीमा पुगिदेऊ तिमी
यो उत्साह अनि जाँगर सधैं रहिरहोस् यस्तै नै
हर बाधा हाँक र चुनौती पन्छाई बढिदेऊ तिमी

ज्ञानको ज्योति जस्तै गरी चहकिलो र दीगो बनेर
एउटा एउटा गर्दै दियालो सल्काउँदै जाऊ तिमी
हरेक नेपालीको मुटुको स्पन्दन स्पन्दन छोएर
देशभक्तिको यो सङ्लो मायाप्रीति गाँस्दै जाऊ तिमी

यो मातृभूमिको भूगोलको रेखा रेखालाई खोजेर
पहाडका गर्खा अनि खेतका गरा टेक्दै जाऊ तिमी
यो जन्मभूमिको इतिहास शब्द शब्दपिच्छे रचेर
संसारका कुना कुना शान्तिको ध्वनि छर्दै जाऊ तिमी

(चाँदनी शाह)

अभ्यास

अप्ठ्यारा शब्दहरू

ध्वनि	– आवाज, स्वर
पारिलो	– न्यानो
धर्ती	– धरती, पृथ्वी, भूमि
कुहिरो	– बादल
ध्रुव तारा	– सधैं उत्तरमा रहने एक प्रसिद्ध तारा
सत्य	– साँचो
अटल	– कहिल्यै नहट्ने, नहल्लने
अमर	– कहिल्यै नमर्ने
विकास	– उन्नति, प्रगति
लक्ष्य	– ध्येय, टुङ्गो, तारो, उद्देश्य
पहिल्याउनु	– पत्ता लगाउनु, खुट्याउनु
पैंधेरी	– पैंधेरो, घरमा चलाउने पानी ल्याउने ठाउँ
उत्साह	– उमंग, जोश
बाधा	– विरोध
ज्योति	– उज्यालो, प्रकाश
चहकिलो	– चम्किलो
दीगो	– स्थायी, रहिरहने
दियालो	– राम्री बल्ने एक प्रकारको घूपी जातको काठ
सल्काउनु	– आगो बाल्नु, आगो लगाउनु
स्पन्दन	– धुकधुकी
मायाप्रीति	– पिर्ती, प्रेम, प्यार
मायाप्रीति गाँस्नु	– माया लगाउनु, प्रेम बसाउनु
मातृभूमि	– आफू जन्मेको मुलुक, जन्मभूमि
गर्खा	– सानो इलाका, गाउँहरूको समूह
गरा	– खेतका सस्याना भाग, आलीले घेरेका जमीन
जन्मभूमि	– मातृभूमि
कवयित्री	– महिला कवि, नारी कवि
प्रारम्भिक	– थालनीको, पहिलेको, सुरुसुरुको
अध्ययनरत	– पढ्नमा तल्लीन, पढाइमा लागेको
समुत्तीर्ण	– उत्तीर्ण, जाँचमा पास भएको
अध्ययन	– पढाइ, पढ्ने काम
व्यक्तिगत	– निजी

अनुभूति – हृदयले ठानेको अनुभव, भित्री भावना
राष्ट्रनायक – राष्ट्रका सर्वश्रेष्ठ नेता, श्री ५ महाराजाधिराज सरकार
श्रद्धा – भक्ति
प्रकट गर्नु – देखाउनु
मार्मिक – मर्मले भरिएको, कोमल भाव भरिएको
कर्मठ – काम गर्न मन पराउने, जाँगरिलो
प्रेरणा – हुटहुटी, प्रोत्साहन
साहित्यिक – साहित्यको, साहित्य सम्बन्धी
उपनाम – कसैको वास्तविक नाउँदेखि बेग्लै अर्को प्रसिद्ध नाउँ, कवि वा लेखकको छोटकरी नाउँ

कवयित्रीको चिनारी– चाँदनी शाहको जन्म २००६ सालमा काठमाडौंमा भएको हो । दार्जीलिङ्गमा प्रारम्भिक शिक्षा पछि काठमाडौंमा अध्ययनरत भई बी. ए. समुत्तीर्ण गर्ने कवयित्रीको आफ्नै गहिरो अध्ययनबाट र आफ्नै व्यक्तिगत अनुभूतिबाट असाध्य राम्रा कविता निस्केका छन् । आफ्नो राष्ट्र, आफ्नो जाति र आफ्ना राष्ट्रनायकप्रतिको अटल श्रद्धालाई अत्यन्त मीठो भाषामा कवयित्रीका कविताहरूले प्रकट गरेका छन् । कवयित्री शाहका कविताहरू थौरै सङ्ख्यामा भए पनि साह्रै मार्मिक र हृदय छुने खालका छन् ।

यस कवितामा मातृभूमिप्रति हुरुक्क हुने हरेक कर्मठ नेपालीले हाम्रो मुलुकका कुना कुनामा गएर अभाव र अज्ञानमा पिल्सिएका जनतालाई न्यानो स्नेह, मीठो प्रेरणा र रमाइलो घामले सिंगार्न सक्नुपर्छ भनी अति सजिलो र रसिलो भाषामा लेखिएको छ । नेपालको शान्तिप्रियतालाई यस कविताले आफ्नो मुख्य आधार बनाएको छ ।

श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहको साहित्यिक उपनाम नै चाँदनी शाह हो ।

प्रश्नहरू

(क) आकाश र धर्तीका बीचको कुहिरो के भएर हटाउन सकिन्छ ?
(ख) गाउँका गोठ र पँधेरीमा किन पुग्ने ?
(ग) कुन मायाप्रीति सङ्लो हुन्छ र त्यो कसरी गाँसिन्छ ?
(घ) यो जन्मभूमिको इतिहास शब्द शब्दमा रचेर भनेको के हो ?
(ङ) तलका हरफहरूलाई आफ्नै वाक्यमा ढालेर अर्थ राम्ररी बुझाउनुहोस्–
ध्रुव तारा जस्तै सधैं सत्य अटल अमर बनेर
विकासका लक्ष्य र बाटाहरू पहिल्याइदेऊ तिमी
(च) यस कविताका विचारहरूलाई बढाएर अर्थ खुलाई बीस वाक्यहरू लेख्नुहोस् ।
(छ) तलका दुई पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्नुहोस्–
यो जन्मभूमिको इतिहास शब्द शब्दपिच्छे रचेर
संसारका कुना कुना शान्तिको ध्वनि छर्दै जाऊ तिमी

[सप्रसङ्ग व्याख्या गर्दा दिइएका हरफ कुन रचनाबाट लिइएका हुन् र त्यस रचनाका लेखक वा कवि को हुन् भन्ने कुरा खुलाई ती हरफहरूको अर्थ छर्लङ्ग हुने गरी उत्तर लेख्नुपर्छ । सप्रसङ्ग व्याख्या कविताका अंशहरूको मात्र होइन, कथा, निबन्ध वा नाटकका अंशहरूको पनि सोधिन्छ । यस्ता प्रश्नको उत्तर लेख्दा दिइएका पंक्तिको अर्थ खुलाएर मात्र पुग्दैन, त्यस्ता पंक्ति कुन पाठका हुन्, त्यस्तो भनाइको पृष्ठभूमि के हो र त्यस पाठका लेखक को हुन् भन्ने कुराहरू सिलसिला मिलाएर दिनुपर्छ ।]

व्याकरण

माथि, मुनि, पछि, अघि, पछाडि, अगाडि, पनि, अनि, तापनि, यति, उति, कति, जति, त्यति, खोइ, एक्कासि, कुन्नि, औंधि, चोटि, पालि, बाजि, पट्टि, नेरि, निम्ति, लागि, कि, चाहिं, फेरि, खालि, खेरि, जस्ता शब्दहरूको पछिल्लो इकार ह्रस्व लेख्नुपर्छ । **राति, भोलि, पर्सि, अस्ति,** जस्ता समय बुझाउने शब्दहरूका पुछारमा भएको इ पनि ह्रस्व नै हुन्छ । ठाउँ र समय बुझाउने, वाक्य वा शब्द जोड्ने र आवाज र तरीकालाई नक्कल गर्ने शब्दहरू **अव्यय** हुन् । अव्ययको रूप चल्दैन अर्थात् तिनका रूप सधैं एउटै रहिरहन्छन् ।

ठाउँ र समय बुझाउने – **आज, हिजो, भरे, राति, अस्ति, भोलि, पर्सि, निकोर्सि, त्यहाँ, त्यता, उता, यता, कता, अगाडि, पछाडि, माथि, मास्तिर, तल, तल्तिर, वरि, परि, वरिपरि, वारि, पारि,** इत्यादि ।

वाक्य वा शब्द जोड्ने – **र, अनि, तापनि, हुनत, यदि, तर, किनभने,** इत्यादि ।

आवाज र कामगराइको पारालाई नक्कल गर्ने शब्दहरू अनुकरणात्मक हुन् । अनुकरणात्मक शब्दका पुछारको **ई** भने दीर्घ हुन्छ ; जस्तै, **भक्भकी, फटाफटी, खल्खल्ती, सरासरी, खराखरी, स्याउँस्याउँती, डङ्डङ्ती, चस्चसी,** इत्यादि । यी शब्दहरूले कामको तरीका बुझाउने हुनाले यिनीहरू **राम्ररी, बेसरी, बिस्तारी,** जस्तै हुन्छन् । राम्ररी भनेको राम्रो गरी हो । **त्यसरी, उसरी, कसरी, जसरी, यसरी** पनि पुछारमा दीर्घ नै लेखिन्छन् ।

दनादन, सटासट, फुर्र, हुर्र, ग्वारार, स्वाट्ट, हुत्त, फ्यात्त, बङ्लङ्ग, टक्कक, घ्याच्च, चुइँय, झ्वाम्म, क्वाम्म, ढ्वाङ्ग, फ्वास्स, च्वास्स, कटक्क, चसक्क, भुसुक्क जस्ता हजारौं अनुकरणात्मक शब्दहरूले गर्दा नेपाली भाषा धेरै धनी छ ।

(ज) दस वटा अनुकरणात्मक शब्द आफैं सोचेर लेखी वाक्यमा लगाउनुहोस् ।

(झ) **गर्त्यामगुर्लुम** कस्तो शब्द हो ? यसलाई अर्थ खुल्ने गरी आफ्नै वाक्यमा लगाउनुहोस् ।

(ञ) तलका शब्दहरू लगाएर एउटा एउटा वाक्य बनाउनुहोस् :

तर, किनभने, हुनत, तापनि

२. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

नेपाल पुरानो मुलुक हो, तर प्राचीन कालदेखि नै यसका सीमाहरू फेरिइरहन्थे । त्यसको कारण के हो भने कहिले यो मुलुक टुक्रा टुक्रा भएर सस्याना राज्यहरूमा बाँडिन्थ्यो र कहिले चाहिं कुनै वीर शासकको बलले विशाल हुन पुग्थ्यो । यसरी देशलाई विशालता दिने अनेकौं वीर पुरुषहरूलाई नेपाल आमाले समय समयमा जन्माएकी थिइन् । पृथ्वीनारायण शाह ती ऐतिहासिक वीरहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण हुन् ।

पृथ्वीनारायण शाहले नै आधुनिक नेपाललाई एक पारेका हुन् । पृथ्वीनारायण शाहले गोर्खा राज्यको राजगद्दी चढेका वेला नेपाल अनेकौं राज्यहरूमा टुक्रिएको थियो । पश्चिमतर्फ बाईसी र चौबीसी राज्यहरू थिए, काठमाडौं उपत्यकामा काठमाडौं, भादगाउँ, पाटन र कीर्तिपुर जस्ता नगरराज्यहरू थिए र पूर्वतर्फ पनि माझ किराँत, पल्लो किराँत र विजयपुर जस्ता बेग्ला बेग्लै राज्यहरू छरिएका थिए । आफ्नो मुलुक यसरी बाँडिएर, बेग्लिएर र भित्रभित्रै झगडामा लागेर भाँडिएको देख्ता पृथ्वीनारायण शाहको चित्त दुख्थ्यो ।

यसरी एउटै मुलुकका जनता आपसमा नमिलेर बेग्ला बेग्लै वस्ता दुई कुराका ठूला बेफाइदा भइरहेको उनले देखे । साना साना राज्यहरू आफू आफूमै लडाइँ गर्दा जनतालाई असाध्यै पीर पर्थ्यो । साधारण जनताले सुखसुबिस्ता, शान्ति र न्याय त्यति बेला मात्र पाउन सक्थे जब देशभरि एउटै बलियो शासन हुन्थ्यो । जम्मै नेपाल ढाक्ने एउटै केन्द्रीय शासन नभएकाले नेपालीहरूलाई हुनसम्म असुबिस्ता परेको थियो । यो पहिलो बेफाइदा थियो । नेपाल बलियो र ठूलो नभएकाले यसले दक्षिण तिरबाट उर्लेर बढिरहेको अङ्ग्रेजहरूको साम्राज्यलाई रोक्न सक्तैनथ्यो । यो दोस्रो बेफाइदा थियो ।

आफू गोर्खाका राजा हुने बित्तिकै पृथ्वीनारायण शाहले यी दुवै बेफाइदालाई हटाउने अठोट गरे । उनले गोर्खाको वरिपरिका छिमेकी राज्यहरूलाई जितेर नेपालको शक्ति दह्रो बनाउने जीवनको धोको बनाए । जसले ठूलो विचार लिन्छ उसले उत्तिकै राम्ररी सोचेर मात्र पाइला सार्नुपर्छ । असाध्यै बुद्धि पुऱ्याएर योजना गरेपछि र त्यसै योजना अनुसार उत्तिकै ध्यान दिएर तयारी गरेपछि मात्र पृथ्वीनारायण शाहले अरू राज्यहरूमाथि आक्रमण गरे । छिमेकी राज्यहरूलाई जितेर दबाउने, हेप्ने र शोषण गर्ने उनको उद्देश्य थिएन । उनको उद्देश्य त भत्केको घरका भित्ताहरूको मरम्मत गर्नु थियो, आफन्तहरूकै बीचका अविश्वास र ईर्ष्यालेे बनाएका खाडलहरू पुर्नु थियो र आफ्ना सम्पूर्ण जनतालाई स्नेह, सहयोग र एकताको मालामा गाँस्नु थियो ।

त्यसैले बडामहाराज पृथ्वीनारायण शाह सबैलाई भन्ने गर्थे, 'नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।'

नेपाली जनतालाई एउटै प्रेमको माला गाँसेर पृथ्वीनारायण शाहले नयाँ नेपाललाई जन्माए । एकातिर आपसका भेदभाव हटाएर सबै जनता एक भए भने अर्कातिर आफ्ना प्यारा नेताको नेतृत्वमा तिनले अङ्ग्रेजी साम्राज्यसित वीरतापूर्वक लडाइँ गरी नेपाललाई बचाए ।

पृथ्वीनारायण शाहले आफ्नो राज्यकालभरि लडाइँ मात्र गरिरहनुपऱ्यो । एकातिर आफ्नै मुलुक भित्रका अनेकौं राज्यहरूसित जुधेर उनले नेपाललाई एक पार्नुपऱ्यो भने अर्कातिर अङ्ग्रेजी सेनाले हाम्रो मुलुकभित्र पस्ने विचारले गरेका आक्रमणको डटेर सामना गर्नुपऱ्यो । दुवै प्रकारका लडाइँमा उनले सफलता पाए । पृथ्वीनारायण शाहका तिनै वीरतापूर्ण सफलताले गर्दा हामी आज स्वतन्त्र नेपाल राष्ट्रका नागरिक हुन पाएका छौं, विश्वमा गर्वसाथ शिर ठड्याएर हिंड्न पाएका छौं र आफ्नै खुट्टामा उभिएर आफ्नो भविष्य सपार्न पाएका छौं ।

पृथ्वीनारायण शाहले जीवनभर युद्धमा समय बिताउनुपरे तापनि उनले शासन सुधार्ने र जनतालाई सुखसुविस्ता दिने बारेमा पनि प्रशस्त ध्यान दिएका छन् । राष्ट्रलाई जनताको साझा फूलबारी मान्दै उनले आफ्नै उद्योधन्दाको र आफ्नै सँस्कृति, नाटक र नाचहरूको विकास गर्ने प्रेरणा दिएका छन् । सबै जनताले सुखी र सम्पन्न हुन पाउनुपर्छ भन्ने उनको महान् विचार छ । उनका महान् विचारहरू हामी उनको 'दिव्योपदेश' मा पढ्न सक्छौं । 'दिव्योपदेश' उनको मृत्यु हुनु भन्दा केही समय अघिका उनले भनेका कुराहरूको संग्रह हो । उनले राष्ट्रका सबै भन्दा ठूला शत्रु घुस दिने र घुस खानेलाई मानेका छन् ।

गोर्खाका राजा नरभूपाल शाह र महारानी कौशल्यावतीका पुत्र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म गोर्खा दरबारमा १७७९ सालमा भएको थियो । आफ्ना पिताको मृत्यु पछि १७९९ मा बीस वर्षको रहरलाग्दो उमेरमा उनले गोर्खाको राजगद्दी सम्हाल्नुपरेको थियो । छब्बीस वर्षसम्मका योजनाहरू र युद्धहरूमा सफलता पाई उनले १८२५ सालमा काठमाडौं उपत्यकालाई जितेका थिए । काठमाडौंलाई राजधानी बनाएको छ वर्ष पनि बित्ता नबित्तै १८३१ मा उनको देहान्त भयो ।

थालनीमा पृथ्वीनारायण शाह गोर्खाका राजा थिए । आफूले जितेका सबै राज्यहरूको राजधानी आफ्नै गोर्खालाई उनी बनाउन सक्थे, तर उनले त्यसो गरेनन् । विशाल नेपालको राजधानी उनले काठमाडौंलाई बनाए । आफूले जितेको ठाउँलाई राजधानी बनाएर उनले सबै जनतामा उत्तिकै स्नेह, उत्तिकै अधिकार र उत्तिकै मौका दिए । त्यसै हुनाले उनलाई मुलुक भित्रका हरेक जनसमूहले आफ्नै हृदयका सम्राट् मानेका छन्, राष्ट्रका निर्माता मानेका छन् र विशाल नेपालका जन्मदाता मानेका छन् ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

बडामहाराजाधिराज	-सबैले मानेका, हजुरबुवा जस्ता ठूला राजा
निर्माता	-निर्माण गर्ने, बनाउने
प्राचीन	-धेरै पुरानो
काल	-समय, युग

शासक	–राज गर्ने, शासन गर्ने
विशाल	–ठूलो
ऐतिहासिक	–इतिहासको, इतिहासमा नाउँ चलेको
महत्त्वपूर्ण	–महत्त्वले भरिएको, काम लाग्ने गुणले भरिएको
आधुनिक	–अचेलको, हिजोआजको, नयाँ
उपत्यका	–ब्याँसी, चारैतिर पहाडले घेरिएको मलिलो र फराकिलो फाँट
नगरराज्य	–सहर र त्यसको नजिकै मात्र फैलिएको सानो राज्य
भाँडिएको	–नराम्रो बाटो लागेको, बिग्रिएको
शासन	–राज
साम्राज्य	–ठूलो राज्य, फैलिएको शासन
शक्ति	– बल, तागत
शोषण	– चुसाइ, थिचोमिचो
ईर्ष्या	– ईख, डाह
सम्पूर्ण	– सबै, जम्मै, समस्त, समग्र
बडामहाराज	– सबैले मानेका हजुरबुबा जस्ता ठूला राजा
वर्ण	– रङ, उपजात, जातभित्रको भेद
नेतृत्व	– नेताले देखाएको बाटो
वीरतापूर्वक	– बहादुरीसाथ
आक्रमण	– चढाई, अर्कामाथि लडाईंको थालनी
स्वतन्त्र	– अरूको अधीनमा नभएको, फुक्का, स्वाधीन
नागरिक	– देशभित्र पूरा अधिकार पाएको मान्छे
विश्व	– संसार, पृथ्वी
गर्व	– राम्रो घमण्ड, सुहाउँदो अभिमान
भविष्य	– भोलि, पछि आउने समय
युद्ध	– लडाईं
प्रशस्त	– यथेष्ट, धेरै
सम्पन्न	– धनी, समृद्ध
दिव्योपदेश	– देवताको उपदेश, देवताले दिने जस्तो राम्रो अर्ती
संग्रह	– सङ्कलन, जम्मा पारेका कुराहरू
थालनी	– सुरु, प्रारम्भ
अधिकार	– हक
समूह	– हूल, दल, गण, बथान
सम्राट्	– ठूला राजा, राजाहरूका राजा
जन्मदाता	– जन्म दिने, जन्माउने

प्रश्नहरू

(क) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले एक पार्नु अघि नेपाल कस्तो थियो ? दश वाक्यमा लेख्नुहोस् ।

(ख) पृथ्वीनारायण शाहलाई तपाईं कसरी नेपालका निर्माता हुन् भनी बयान गर्न सक्नुहुन्छ ? तर्क दिनुहोस् ।

(ग) पृथ्वीनारायण शाहले किन र कसकससित लडाईं गर्नुपऱ्यो ?

(घ) तल लेखिएका वाक्यको आफ्नै भाषामा प्रयोग गर्नुहोस्-

नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।

(ङ) राष्ट्रका सबैभन्दा ठूला शत्रु को र किन हुन् ?

(च) पृथ्वीनारायण शाहले गोर्खालाई राजधानी किन बनाएनन् ?

(छ) तलका प्रश्नमध्ये कुनै एकको **विवेचनात्मक उत्तर** दिनुहोस् :

१. पृथ्वीनारायण शाह आधुनिक नेपालका निर्माता हुन् ।

२. पृथ्वीनारायण शाहको एकीकरण अभियानले साँच्चै नै नेपाललाई 'चार जात छत्तीस वर्णको साझा फूलबारी' हो भन्ने स्थापित गऱ्यो ।

('विवेचना' भनेको राम्रो र नराम्रो खुट्याउने काम हो, जसलाई समीक्षा पनि भनिन्छ । 'विवेचनात्मक उत्तर' भन्नाले राम्ररी विचार पुऱ्याएर लेखिएको अर्थात् राम्रा र नराम्रा सबै कुरा छुट्याएर र खुट्याएर लेखिएको उत्तर बुझिन्छ ।)

व्याकरण

संज्ञा - कुनै चीज वा प्राणीको नाउँलाई संज्ञा भनिन्छ । संज्ञालाई नाम पनि भन्ने चलन छ । **राम, नेपाल, सीता, मौरी, रूख, किताप, सुन, गाडी, शान्ति, लडाईं, प्रेम** आदि शब्द संज्ञा हुन् । संज्ञा मोटामोटी पाँच खालका हुन्छन् -

व्यक्ति बुझाउने, जाति बुझाउने, द्रव्य बुझाउने, समूह बुझाउने र भाव बुझाउने ।

व्यक्ति बुझाउने - **राम, भरत, सीता, शिव, लक्ष्मी, मदन, शकुन्तला,** इत्यादि । मानिस बाहेक देशका नाउँ पनि एउटै हुने हुनाले व्यक्ति बुझाउने नै मानिन्छन्; जस्तै, **नेपाल, भारत, श्रीलङ्का, बङ्लादेश, बर्मा, पाकिस्तान, भूटान,** इत्यादि ।

तपाईंको आफ्नो नाउँ पनि यसै खालको संज्ञा हो ।

जाति बुझाउने - **गाई, मानिस, चरो, बाघ, बाँदर, स्वास्नीमान्छे, नेपाली,** इत्यादि ।

द्रव्य बुझाउने - **पानी, सुन, ताँबो, मट्टीतेल, पेट्रोल, दूध,** इत्यादि ।

समूह बुझाउने -**समाज, बथान, राश, गण, वर्ग, सेना, फौज, पल्टन, क्लास, हूल,** इत्यादि ।

भाव बुझाउने - **गरीबी, दरिद्रता, समानता, नेतृत्व, शान्ति, मित्रता, हिंडाइ, लेखाइ, भनाइ, गराइ,** इत्यादि ।

नेपाली क्रियाबाट बनेका भाव बुझाउने संज्ञाका पुछारको इ ह्रस्व हुन्छ ।
नु पुछारमा हुने क्रियाबाट नु झिकेपछि बाँकी रहेका भागमा आइ जोड्नाले भाव बुझाउने संज्ञा बनिन्छ । जस्तै –

क्रियामूल	धातु	भाववाचक संज्ञा
खेल्नु	खेल्	खेलाइ
भन्नु	भन्	भनाइ
गन्नु	गन्	गनाइ
डुल्नु	डुल्	डुलाइ

(ज) तल दिएका संज्ञाहरू उदाहरणमा देखाए झैं कस्ता खालका हुन् भन्ने छुट्टाई वाक्यमा प्रयोग गर्नुहोस् –

उदाहरण – संज्ञा : जनता
जनता समूह बुझाउने संज्ञा हो ।
वाक्य : नेपालका जनता परिश्रमी छन् ।
संज्ञा : रिस, मान्छे, दही, ज्ञान, पृथ्वीनारायण शाह, गोर्खा, गाउँ, देवता, दल, फूल

(झ) तल देखाए बमोजिम क्रियाबाट भाववाचक संज्ञा बनाउनुहोस् :

उदाहरण – क्रिया : सुत्नु
सुत्नु सुत् सुताइ
वाक्य : दिउँसोको सुताइ राम्रो होइन ।
क्रिया : उठ्नु, बस्नु, पढ्नु, बिहे गर्नु, भित्र पस्नु, खोज्नु, लेख्नु, बोल्नु, सोच्नु, थुक्नु, कुट्नु, चिथोर्नु, डुक्नु, सप्रनु, हम्कनु

३. महादेवले पनि हार्नुपरेछ

धेरै धेरै वर्ष अगाडिको कुरा हो । महादेव र पार्वतीको भर्खर भर्खर बिहे भएको थियो । पार्वती जस्ती परम रूपवती पत्नी पाएकाले उनलाई साथै लिई महादेव त्यसै त्यसै मख्ख परेर संसारभरि घुमिहिंड्थे । यसरी घुम्दा ती दुई जना कहिले मिर्ग र मिर्गिनी, कहिले बाघ र बघिनी र कहिले चाहिं जोगी र जोगिनीको भेषमा हुन्थे रे ।

एक दिन जोगी र जोगिनीको भेषमा घुम्दै जाँदा उनीहरू नेपालको कुनै गाउँमा पुगेछन् । वैशाखको महिना रहेछ । टन्टलापुर धाममा एउटा किसान घमाघम आफ्नो बारीमा धैया रोप्दै रहेछ । पानी नै नभएको ठाउँमा त्यसरी त्यस किसानले मरी मरी धैया रोपेको देखेर महादेवलाई हुनसम्म हाँस उठेछ । उनले पार्वतीलाई त्यस किसानतिर औंल्याउँदै भनेछन्, "त्यो मान्छे कति मूर्ख रहेछ, हेर न, पानीविनै धैया रोपिरहेछ !"

"बिचरालाई भरे रातितिर पानी पर्छ भन्ने आशा होला र त त्यो त्यस्तो एकोहोरिएर काम गरिरहेछ ।" पार्वतीले उसप्रति दया देखाइछिन् ।

"भरे पानी पर्ने कुनै लक्षणै छैन । यस्तो देख्तादेख्तै पनि त्यस मान्छेले किन त्यसरी अपहत्ते गरेर काम गरेको होला ?" हलल्ल हाँसै महादेवले भनेछन् ।

"उसैसित गएर सोधे त भइहाल्छ नि !" पार्वतीले उत्तर दिइछिन् ।

त्यसपछि महादेव र पार्वती त्यस किसानको छेवैमा गएछन् ।

"होइन, ए किसान दाइ, तिमीले यस पानी नै नभएको ठाउँमा किन धैया रोपेको हौ ? यस्तो सुख्खा ठाउँमा धैया उम्रन्छ भन्ठानेको कि क्या हो ?" महादेवले त्यसलाई सोधेछन् ।

"भरे त पानी परिहाल्छ नि ।" किसानले महादेवतिर हेर्दा पनि नहेरी जवाफ दिएछ । "भरे पानी पर्ने छेकछन्दै छैन, तिमी भने पानी पर्छ भनेर ठेकुवा गर्छौं ।" महादेवले विरोध जनाएछन् ।

जोगी र जोगिनीको जोडी आफ्नो अगाडि उभिएर त्यस्तो कुरो गरेको देख्ता किसानलाई पनि जङ चलेछ, "बुझ्झकी मान्छेले नजाने गाउँको बाटो सोधिहिंड्नु राम्रो होइन । तिमी पचासौंका दैला कुरेर मागिहिंड्ने जोगीलाई खेतीपातीको कुरो के थाहा छ र अर्कालाई बिनबिच्चमा पानी पर्दैन भन्दै अलच्छिन लगाइहिंड्छौ ? तिमीले पर्दैन भनेर हुन्छ ? भरे पानी परेरै छाड्छ, बुझ्यौ ?"

महादेवलाई आफनी प्रियतमाको अगाडि किसानले फुर्ती लगाएको देख्ता निकै रिस उठेछ र उनले प्याच्च मुखबाट निकालेछन्, "म मरेकाटे पनि भरे राति पानी पर्न दिनेछैनँ !"

यति भएपछि सोझै स्वर्गमा इन्द्रलाई भेट्न गएर महादेवले अनुरोध गरेछन्, "भरे राति जसरी भए पनि पानी नपार्नू है ।"

"प्रभु ! किसानको खेत वरिपरिका भ्यागुताहरूले मिलेर उच्च स्वरमा ट्यारट्यार गर्दै गीत गाउन थालेपछि मेरो केही जोड चल्दैन । मैले पानी नपारी धरै पार्दैदिन । त्यसो हुनाले भ्यागुताहरूलाई गएर आज राति तिमीहरूले गीत नगाउनु भनेर तपाईंले अह्राउनुभयो भने तिनले गीत नगाउलान् र म पनि पानी नपार्नुला ।" इन्द्रले बिन्ती गरेछन् ।

महादेव फेरि मर्त्यलोकमा झरेर भ्यागुताहरू भएका ठाउँमा गएछन् । उनले भ्यागुताहरूलाई बोलाएर भनेछन् "आज राति तिमीहरूले गीत नगाउनू ।"

"जूनकीरीहरूले आफ्ना शरीरका पुछारमा बत्ती बालेको देखे बित्तिकै हामीले गीत गाउनैपर्छ । त्यसो हुनाले जूनकीरीहरूलाई आज राति बत्ती नबाल्ने आज्ञा दिनुहोला ।" भ्यागुताहरूले भनेछन् ।

त्यस किसानको घमण्ड चूर गर्ने उद्देश्यले महादेवले जूनकीरीहरूलाई समेत भेटेछन् र भनेछन्, "जूनकीरी हो ! आज राति तिमीहरूले आफ्ना जीउका पुछारका बत्तीहरू बाल्दै नबाल्नू ।"

यति गरिसकेपछि महादेवले पार्वतीलाई भनेछन् "देख्यौ प्यारी, अब त त्यस घमण्डी किसानको मेख मर्ने भयो कि ? मसित शेखी गर्ने भएको नाथे, अब त्यसको धैया त्यसै सुकेर जानेछ ।"

महादेव पार्वतीलाई लिएर त्यसपछि आफ्नो कैलासको दरबारतिर फर्केछन् र टन्न भाङ खाएर पत्नीका काखमा शिर अड्याई मस्तसित सुतेछन् ।

किसान राति राँको बालेर बारीतिर गएछ । उसको राँको टाढाबाट हेर्दा भ्यागुताहरूलाई हो न हो जूनकीरीले नै आफ्नो बत्ती बालेछ भन्ने भान भएछ र ती मच्ची मच्ची ट्यारट्यार र टुरुटुर गर्दै गाउन थालेछन् । तिनले गाएको सुनेपछि इन्द्रले पनि पानी पारेछन् ।

दरडरडरड पानी परेको आवाजले कैलासमा महादेवको निद्रा भङ्ग भएछ । आफूले चौतिरबाट पर्न नदिएको पानी त्यसरी जोडतोडसित ओइरिएको देखेपछि रिसले चूर हुँदै महादेव इन्द्रको झाँको झार्न हिंडेछन् ।

"मैले भनेको समेत मान्न छाड्यौ होइन तिमी ?" उनले रोकिएर भनेछन् ।

आफ्नो उत्तरदायित्वलाई सरक्क पन्साएर इन्द्रले भ्यागुताहरूमाथि सारा दोष थोपरेपछि महादेवले मर्त्यलोकमा झरेर भ्यागुताहरूको सातो लिएछन्, "पाजी हो ! झन ठतिमाथि मैले आज राति गीत नगाउनू है भनेको त तिमीहरू मात्तियौ होइन ?"

"के गर्नु भगवान्, एउटा जूनकीरीले बत्ती बालेको हुनाले हामीले गीत नगाई हुँदै भएन !" भन्दै तिनीहरूले त्यहाँबाट छर्लङ्ग देखिने एउटा पिलपिले बत्तीतिर औंल्याएछन् ।

एउटा जूनकीरी अटेरी भइदिनाले सारा योजना विफल भयो भनेर भुत्भुताउँदै महादेव त्यस बत्तीतिर गएछन् । त्यहाँ पुगेर हेर्दा त त्यही किसानले नै राँको बालेको पो रहेछ ।

महादेव यसरी किसानसित हारेछन् र मैले नजाने गाउँको बाटो सोधेर नकाम गरेछु भनेर पछुताउँदै पार्वतीलाई भेट्न उनले हतार हतार कैलासतिर पाइला सारेछन् ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

परम रूपवती – असाध्यै राम्री, औधि राम्रो रूपकी
छेकछन्द – लक्षण, चिह्न
अपहते गर्नु – हुरुक्क हुनु, मरिमेट्नु
विरोध जनाउनु – कुरो नमान्नु, सहमत नहुनु
जड चल्नु – रिस उठ्नु

बुझ्झकी	– जान्ने बुझ्ने मान्छे
बिनबिच्चमा	– व्यर्थमा
प्रियतमा	– प्यारी
मरे काटे पनि	– अवश्य पनि, कुनै हालतमा पनि
अनुरोध	– बिन्ती
धरै नपाउनु	– जसरी भए पनि र मन नलागे पनि गर्नैपर्ने हुनु
मर्त्यलोक	– पृथ्वी, मान्छेहरू बस्ने संसार, एक पल्ट मर्नैपर्नेहरूको संसार
आज्ञा दिनु	– अह्राउनु, आदेश गर्नु
घमण्ड चूर गर्नु	– घमण्ड हटाइदिनु
मेख मर्नु	– घमण्ड खतम हुनु
शेखी	– गर्व, घमण्ड, फुट्यानी, फुइँ
नाथे	– बेकामे
टन्न	– प्रशस्त, पेटभरी
भङ्ग हुनु	– खल्बलिनु, बिग्रनु
झाँको झार्नु	– बेसारी हकारेर टुङ्गामा ल्याउनु
राँकिनु	– रिसले रातो र डरलाग्दो देखिनु
सातो लिनु	– तर्साउनु, कस्सिएर हकार्नु
पाजी	– काम नलाग्ने, फटाहा
मात्तिनु	– फुइँ गर्नु, घमण्डले फुल्नु, पात्तिनु
विफल	– असफल
भुत्भुताउनु	– रिसले गन्गनाउनु
नकाम	– नगर्नुपर्ने काम, बेकाम
हस्तक्षेप	– बाधा दिनु, अर्काका काममा नचाहिंदो हात हाल्नु

यो लोककथा : यो लोककथा काठमाडौं उपत्यकाका किसानहरूमा चलेको छ । लोककथा भनेको जनताका मुखमुखमा सदैं आएको र युगौंयुगका अनुभवहरूले खारिएको रचना हो । यस्ता कथामा शास्त्रहरूको तर्क खोज्न मिल्दैन ।

'महादेवले पनि हार्नुपरेछ' मा महादेवप्रति उचित सम्मान नभएको भन्नेहरू पनि हुन सक्छन्, तर साँचो कुरो त्यो होइन । ठूलाबडाले पनि अर्काका कुरामा अनावश्यक चासो राखेर बाधा पुऱ्याउनु राम्रो होइन भन्ने तथ्यलाई यस लोककथाले राम्ररी देखाएको छ । एकातिर यस लोककथाले आफूले नजानेका कुरामा अथवा आफूसित सम्बन्धै नभएका कुरामा दक्खल दिनु बुद्धिमानी होइन भन्ने शिक्षा दिएको छ भने अर्कातिर यस कथाको किसानले झैं आफ्नो काममा दत्तचित्त र एकोहोरो भएर दिनरात लागिरह्यो भने अवश्य पनि सफल हुन सकिन्छ भन्ने उदाहरणलाई अघि सारेको छ । यसरी आफ्नो

काम ईमानदारीपूर्वक कर्मठ भएर गरिरह्यो भने त्यस्तासित महादेवले समेत हार मान्नुपर्छ र अर्काका काममा नचाहिंदो हस्तक्षेप गर्दा महादेव जस्ताले पनि पछि गएर पछुताउनुपर्दो रहेछ भन्ने कुराको शिक्षा दिने यस लोककथाको लक्ष्य रहेको छ ।

प्रश्नहरू

(क) यो लोककथा पढेपछि तपाईलाई महादेव र किसानमा को राम्रो लाग्यो ? किन ?

(ख) के महादेवलाई हराउने किसानै हो त ? महादेवको हारमा कसको हात बढी छ ? आफ्नो तर्क दस वाक्यमा नघटाई लेख्नुहोस् ।

(ग) तलका प्रश्नहरूमा दिइएका दुई कुरामा साँचालाई छानेर जवाफ दिनुहोस् :

१. महादेवले किसानसित हार्नुपरेको खेतीपातीको कुरो नजानेकाले हो कि अर्काका कुरामा नचाहिंदो चाख लिएकाले हो ?

२. महादेवलाई किसानले टन्टलापुर घाममा घैया रोपेको देखेर कि आफ्नी पत्नीलाई वाल्ल परेको देखेर हुनसम्म हाँस उठेछ ?

३. महादेवलाई किसानले घैया रोपेको देख्दा कि फुर्ती लगाएको देख्दा रिस उठेछ ?

४. ध्यागुताले ट्यारट्यार गरेको सुनेर कि जूनकीरिको बत्ती देखेर इन्द्रले पानी पार्दा रहेछन् ?

५. इन्द्र महादेवलाई मान्दा रहेछन् कि ध्यागुतालाई मान्दा रहेछन् ?

(घ) कोष्टकमा दिइएका मध्ये मिल्ने चाहिंलाई छानेर तलका खाली ठाउँमा लेख्नुहोस् :

१. पानी परेको आवाजले .....**(वैकुण्ठमा, कैलासमा, स्वर्गमा)** महादेवको निद्रा भङ्ग भएछ ।

२. ध्यागुताले ..... **(गाएको, कराएको, ट्यारट्यार गरेको)** सुनेपछि इन्द्रले पनि पानी पारेछन् ।

३. महादेव टन्न ..... **(धतुरो, भाङ, गाँजा)** खाएर पार्वतीका काखमा मस्त निधाएछन् ।

४. त्यसपछि महादेव र पार्वती ..... **(किसानको, इन्द्रको, ध्यागुताको)** छेवैमा गएछन् ।

५. ..... **(चैतको, वैशाखको, जेठको)** महिना रहेछ ।

(ङ) 'नजाने गाउँको बाटो नसोध्नु' भन्ने नेपाली उखानको अर्थ हो- अर्काका कुरामा अनावश्यक चासो नराख्नु । आफूलाई थाहै नभएको र आवश्यकै नपरेको कुरामा बाधा दिन जाँदा पाइएका सास्ती र गोताबारे बीस वाक्य लेखेर एउटा छोटो प्रबन्धको रचना गर्नुहोस् ।

व्याकरण

नुमा टुङ्गिने क्रियाको नाउँ क्रियामूल हो । **खानु, जानु, रुनु, हाँस्नु, गर्नु, दिनु** आदि क्रियामूल हुन् **क्रियामूलबाट** पुछारको **नु** हटाएमा जे बाँकी रहन्छ, त्यो धातु हो । **खा, जा, रु, हाँस्, गर्, दि,** धातु हुन् । अघिल्लो पाठमा धातुका पछि **आइ** थपेर भाव बुझाउने संज्ञा बनाइएको थियो । तलका धातुहरूमा **आइ** मात्र थपेर पुग्दैन :

(१) बाँच्नु, मान्नु, टाल्नु जस्ता क्रियामूलका धातुको आ हटेर अ हुन्छ । जस्तै,

क्रियामूल	धातु	भाववाचक संज्ञा
बाँच्नु	बाँच्	बँचाइ
मान्नु	मान्	मनाइ
टाल्नु	टाल्	टलाइ

(२) जुन धातुको पुछारमा स्वर छ त्यसमा आइ जोड्दा व या य पनि जोड्नुपर्छ । जस्तै,

क्रियामूल	धातु	भाववाचक संज्ञा
दिनु	दि	दियाइ
सिउनु	सिउ	सियाइ
रुनु	रु	रुवाइ
खानु	खा	खवाइ

हुनुको भाववाचक संज्ञा आइ जोडेर बनाउन मिल्दैन । चोर्नुको चोरी र चोराइ दुवै हुन्छन् । गन्नुको पनि गनाइ र गन्ती दुवै हुन्छन् ।

(च) यी क्रियामूलका धातु र भाववाचक संज्ञा बनाई आफ्ना वाक्यमा प्रयोग गर्नुहोस्-

हाँस्नु, बाँध्नु, जानु, टार्नु, पिउनु, लिनु, कुट्नु, चाख्नु, माग्नु, भाग्नु

(छ) तलका वाक्यहरूमा भएका भाववाचक, द्रव्यवाचक र जातिवाचक संज्ञाहरू छुट्याउनुहोस् र तिनलाई लगाएर आफ्ना वाक्यहरू बनाउनुहोस्-

किसान राति राँको बालेर बारीतिर गएछ । उसको राँको टाढाबाट भ्यागुताहरूको समूहलाई जूनकीरीले नै बत्ती बालेको भान भएछ र ती मच्ची मच्ची गाउन थालेछन् । तिनले गाएको सुनेपछि इन्द्रले पनि पानी पारेछन् । पानीको आवाजले कैलासमा महादेवको निद्रा भङ्ग भएछ । उनी रिसले चूर भएछन् ।

४. म चटकी हुन्छु

२०३९ साल असोज १५ गते शुक्रवार

आज आँखा पाँच बजेतिर खुलेका थिए, तर मलाई उठ्न मन लागेन । अल्छी मानेर म सात बजेसम्म ओछ्यानमै पल्टिरहे । मनमा अनेकौं कल्पनाहरू तँछाड् र मछाड् गर्दै मडारिरहे । एक वर्षको लामो अमेरिका बासपछि बा भोलि घर फर्कंदै हुनुहुन्छ । बा आमाको म एक्लो छोरो ! आमालाई मात्रै त्रिभुवन विमानस्थलमा देख्दा बाको मन खिन्न होला भन्ठानेर नै म हिजो साथीहरूसित दार्जीलिङको भ्रमणमा सामेल भइन । दार्जीलिङ त फेरि फेरि पनि जान सकिहालिन्छ । त्यतिका दिन परदेश बसेर फर्कने आफ्ना बासित भेट्ने जुन उत्सुकता छ त्यसलाई पर सार्नु मैले उचित ठानिनँ । आमाले त तेरा सबै मन मिल्ने साथीहरू जाँदै छन् तैं पनि जान्छस् भने जा, एकहप्ता पछि त बासँग भेट भइहाल्छ नि भनेर भन्नुभएको थियो तर मन मानेन ।

म सबैरै उठेर दुगुर्न जाने छोरालाई यसरी सात बजेसम्म सुतेको देखेर आमा घरक्क ढोका खोलेर भित्र पस्नुभयो । उहाँको हातमा तात्तातो दूधको गिलास थियो । "किन बाबु आज तँलाई सन्चो छैन कि क्या हो ?" आमाले स्नेहपूर्वक मेरो निधारमा हात राखेर भन्नुभयो ।

"मलाई सन्चै छ आमा" मैले उठ्दै भने ।

"बालाई भेट्ने कल्पनामा डुबेको कि साथीहरू दार्जीलिङमा के गर्दै होलान् भनेर पिरोलिएको ?" हो, मैले बिहान ओछ्यानमा पल्टँदा मात्र होइन, दिनभरि नै भने जस्तो आज ती दुवै कुरालाई मनमा खेलाइरहे । हामीलाई नेपाली पढाउने शारदा गुरुआमा दार्जीलिङ जानुभएको हुनाले पहिलो घण्टीमा हेड सर हाम्रो नवौं कक्षामा पढाउन आउनुभयो ।

हेड सरले आज साहित्य र संगीतको महत्त्व बारे राम्रा-राम्रा कुराहरू सुनाएर हामीलाई पनि कविताहरू र लेखहरू गाउने सल्लाह दिनुभयो । जन्मँदै कोही पनि ठूलो कवि, कलाकार वा गायक हुँदैन । लेख्दै जानुपर्छ, गाउँदै जानुपर्छ । पछि गएर हामी बालकबालिका मध्येबाटै कति जना बालकृष्ण सम, शेक्सपियर, लक्ष्मीप्रसाद देवकोटा, लता मंगेशकर जस्तै ठूला र प्रसिद्ध हुन सक्छौं ।

अङ्ग्रेजी पढाउने गोविन्द सर पनि दार्जीलिङ जानुभएको हुनाले दोस्रो घण्टी खाली जाला भनेको त एक जना नौला मान्छेलाई लिएर हेड सर फेरि आउनुभयो । ती नौला मान्छे बेलाइतमा उच्च अध्ययन सकेर फर्केका प्रसिद्ध डाक्टर रहेछन् । उनका प्रेरणादायी कुरा सुन्दा मलाई पनि पछि पढेर डाक्टर हुने इच्छा भयो । हाम्रा गाउँघरका जनतालाई स्वास्थ्यसेवा पुऱ्याई देशको सेवा गर्ने मनमा लोभ जाग्यो ।

असोज १६ गते शनिवार

हिजो राति धेरै बेरसम्म आमाछोरा कुरा गरेर बस्यौं । मलाई रातभरि निद्रा लागेन । बाले कस्ता-कस्ता ठाउँ घुमेर के-के हेर्नुभयो होला र मलाई र आमालाई के-के ल्याइदिनुहोला भन्ने हजार खालका कुराहरू सोच्दा सोच्दै छर्लङ्ग रात बितेछ ।

बिहान आँखा मात्र यस्तो लागेको थियो । आमाले झक्झक्याउँदै उठाएर भन्नुभयो, "बाबु रमेश, कति सुतिरहेको हँ ! आज बा आउने दिन ! जा एक किलो राम्रो मासु लिएर आइज ।"

जतिसुकै फन्याकफुरुक गरे पनि एघार बजेतिर मात्रै हामी आमाछेराले खाइसक्यौं । बाको वायुयान तीन बजे मात्रै आइपुग्ने भए तापनि तुरुन्तै त्रिभुवन विमान बिसौंनीतिर जाउँ कि जाऊँ भन्दै आमालाई तयार हुन कर लगाएँ । पर्खँदा पर्खँदा तीन बज्न पनि धेरै समय लाग्यो । बालाई लिएर थाई वायुयान साढे तीन बजे मात्र आइपुग्यो । विदेशबाट आउने यात्रीलाई भन्सारले सामान नजाँची नछाड्ने हुनाले त्यहाँ आधी घन्टा लाग्यो । बल्ल चार बजे ढोकाबाट बा हातमा झोलाहरू झुन्ड्याएर र वायुयान बिसौंनीको कुल्लीलाई दुइटा ठूल्ठूला सुटकेश गाडामा घचेड्न लगाएर निस्कनु भयो । हामी असाध्यै रमायौं ।

बेलुका धेरै बेरसम्म बाका मुखबाट अमेरिकाको अद्भुत बयान हामीले सुन्यौं । उहाँले पूर्वपट्टि न्यूयोर्कदेखि पश्चिम सान फ्रान्सिस्कोसम्म घुम्न पाउनु भएछ । उहाँलाई वायोमिङ भन्ने राज्यको राष्ट्रिय निकुञ्ज साह्रै राम्रो लागेछ । त्यहाँ तातो पानीका फोहराहरू भुईंदेखि असी नब्बे फुट माथिसम्म केही समय थामिँदै उर्झँदै गर्छन् रे । जति उन्नति त्यहाँ भएको रहेछ त्यो मान्छेकै बुद्धि र परिश्रमले भएको रहेछ । मान्छेले गर्न खोज्यो भने जे पनि हुँदो रहेछ । हाम्रा सबै जान्नेबुझ्ने र पढेलेखेका मान्छेहरूले कम्मर कसे भने नेपाल जस्तो प्रकृतिले सिंगारेको देशलाई त झन् छिट्टै राम्रो बनाउन सकिने रहेछ ।

बाले मलाई अंकहरू भएको घडी, हिसाब गर्ने क्याल्कुलेटर, नीलो जीनका पेन्टहरू र थुप्रै रमाइला किताबहरू ल्याइदिनुभएछ ।

असोज १७ गते आइतवार

अस्ति राति पनि राम्ररी नसुतेकाले र हिजो राति पनि धेरै बेर बाका बयानहरूमा अल्मलिएकाले आज बिहान म आठ बजेतिर मात्र उठ्न सकें । झट्टपट्ट उठेर हातमुख धोई खाजासाजा खाएर म विद्यालय जान तयार भएँ । बा अझै सुतिरहनुभएको थियो ।

स्कूलमा पनि उति मन लागेन । कहिले स्कूल सकिएला र घर गएर बाका कुरा सुनौं भन्ने लागिरह्यो । शारदा गुरुआमा र गोविन्द सर दार्जीलिङ जानुभएको हुनाले दुई घण्टीसम्म हाम्रो पढाइ भएन । हेड सरले त्यस बेला हामीलाई पुस्तकालयमा लगेर आफूलाई मन परेको किताब पढ भनी स्वतन्त्र छाडिदिनुभयो । मैले केशवराज पिंडालीको फेरि उल्टै मिल्यो भन्ने किताबभित्रको कान्छी डुइनीको चिठी पढें । साह्रै राम्रो लाग्यो ।

मेरा साथीहरू दार्जीलिङ शैक्षिक भ्रमणमा गए तापनि म चाहिं बाकै लागि गइनैं भन्ने थाहा पाएर बाले मलाई भन्नुभयो, "यसपालिको दशैंको बिदामा हामी तिनै जना दार्जीलिङ घुम्न जाऔंला ।'

असोज १८ गते सोमवार

बल्ल आज एक वर्षपछि बा र म सँगै बिहानै दुगुर्न निस्क्यौं । हाम्रो कक्षाका तीस जना छात्रछात्रा, दुई जना शिक्षिका र एक जना शिक्षकसित दार्जीलिङ गएकाले अचेल क्लासै रित्तो जस्तो लाग्छ । तर हेड सरले हामीलाई घुमाउन लाने कुरा सुनाउनुभयो ।

एउटा बसमा चढेर हेड सर, दाहाल सर, श्रेष्ठ सर र मीना गुरुआमासित हामी हाम्रो कक्षाका पच्चीस जना केटाकेटीहरू गोदावरी घुम्न गयौं । त्यहाँ श्रेष्ठ सरले हामीलाई सिउँडीहरू र अरू प्रकारका फूलहरू चिनाइदिनुभयो । दाहाल सरले चौरमा भेला पारेर हामीलाई मीठा-मीठा कविताहरू सुनाउनुभयो । मीना गुरुआमाका गीतहरू सुन्दा हामीले सारा थकाइलाई बिर्स्यौं । हुन पनि उहाँ साह्रै राम्रो गाउनुहुन्छ ।

असोज १९ गते मंगलवार

रातभरि बालाई रुघाले असाध्यै दुःख दियो, खोकीले गर्दा सुत्नै सक्नु भएन । हनहनी जरो आयो । आमा त अत्तालिएर चौपट । बिहानै डाक्टर शर्मालाई बोलाएर ल्याएँ । उहाँले छाती राम्री जाँचेर मामुली रुघा हो, डराउनुपर्दैन, हावापानी एक्कासि फेरिएर र यात्राको झन्झटले गर्दा जरो आएको हो भनेपछि बल्ल हामीलाई ढुक्क भयो ।

आज म स्कूल नगई बासित बसिरहें ।

बेलुकी खसीका नली खुट्टीको तात्तातो सुरुवा खाइयो ।

असोज २० गते बुधवार

बालाई हिजो बेलुकादेखि नै सन्चो भयो । तर आमाले उहाँलाई एकाबिहानै दुगुर्न जान दिनुभएन र म पनि आज गइनँ ।

स्कूलमा पुग्ने बित्तिकै "रमेश हिजो किन स्कूल नआएको ?" भनी हेड सरले सोद्धा मैले नराम्रोसित कपाल दुखेको थियो भनेर ढाँटे । मलाई हेड सर आफ्नै छोरालाई जस्तै माया गर्नुहुन्छ । उहाँलाई यसरी मैले कहिल्यै पनि ढाँटेको थिइनँ । आज त झन् मैले ढाँट्नुपर्ने कारणै पनि थिएन । बालाई रुघा लागेकाले उहाँसितै बात मारेर घरैमा बसेको थिएँ भनेको भए भई हाल्ने थियो । यसरी आफ्नै हेड सरलाई मैले ढाँटे । पश्चात्तापले भित्रभित्रै पोल्दै थियो, एउटा साथीले दुगुर्दै आएर भन्यो, रमेश, थाहा पायौ ? जादू हेर्न पाइने भयो !"

त्यस साथीले भनेको कुरा साँचो रहेछ । आज हाम्रो स्कूलमा भारतबाट आएको राम सिंह भन्ने चटकीले अनेक किसिमका जादू र खेल देखाएर हामीलाई छक्कै पार्‍यो । उसले आफ्नै छोरीलाई काठका भित्तामा उभ्याएर त्यसका छेवैमा छुराहरू फाल्दा मेरो आङ जिरिङ्ग जिरिङ्ग भयो । त्यसले फालेका छुराहरू सन्सनाएर उसकी छोरीलाई नै छेडे जस्तो गरेर बज्रे । टाउकाको वरिपरि र फैलाएका दुवै पाखुरा मुनि र कम्मरका दुवैतिर ती धारिला र तीखा छुरीहरू गएर भासिंदा मुटु नै फुट्ला जस्तो मलाई कहाली लाग्यो । त्यसका खेलहरूलाई जतिसुकै प्रशंसा गरे पनि मलाई पछि गएर चटकी हुने इच्छा भने पटक्कै जागेन । म आमाले भने झैं डाक्टर हुँला, बाले भने झैं इन्जिनियर हुँला, शारदा गुरुआमाले भने झैं लेखक हुँला वा गोविन्द सरले भने झैं नेता भएर देशको सेवा गरुँला तर चटकी भने म कुनै हालतमा पनि हुन सक्तिनँ ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

मडारिनु	-छट्पटाउनु, लडीबुडी गर्नु
विमानस्थल	-हावाजहाज बिसाउने ठाउँ
खिन्न	-उदास
भन्ठानेर	-भनी ठानेर, सोचेर
भ्रमण	-यात्रा

सामेल हुनु	-मिल्नु, साथ लाग्नु
उत्सुकता	-चाख, कुतुहल
तात्तातो	-निकै तातो
स्नेहपूर्वक	-मायाले, प्यारसाथ
हेड सर	-प्रधानाध्यापक
सर	-शिक्षक, गुरु
खाली	-रित्तो
खालि	-केवल, मात्रै
नौलो	-नयाँ र अनौठो
प्रेरणदायी	-प्रेरणा दिने, हौसला दिने
झक्झक्याउनु	-बिस्तारी हल्लाउनु, हल्लाएर बिउँझाउन खोज्नु
विमान	-वायुयान, हावाजहाज
विमान बिसौंनी	-विमान बिसाउने ठाउँ
निकुञ्ज	-बगैंचा-पार्क
क्याल्कुलेटर	-हिसाब गर्न बनाइएको सस्यानो यन्त्र
शैक्षिक	-शिक्षासम्बन्धी
पालि	-पल्ट, पटक
हनहनी	-निस्लोट, धेरै
सुरुवा	-मासुको झोल
एकबिहानै	-सबैरै
पश्चात्ताप	-पछुतो
चटकी	-जादू देखाउने, चटक गर्ने
सन्सनाएर	-हुन्हुनाएर, हुत्तिएर
बज्रनु	-बेस्मारी खस्नु
भासिनु	-गाडिनु
कहाली लाग्नु	-डरले भुतुक्क हुनु

लेखको चिनारी- यो लेख दैनिकी हो । दैनिकीमा दिनहुँ आफूले गरेका अनुभवका आडमा मान्छेले केही निजी कुराहरू लेख्ने गर्छ । यसो गर्नाले आफूले गरेका गल्ती फेरि नदोहोरिने र अरूले गरेका राम्रा कुराहरूको पनि लेखाजोखा हुन सक्छ । मनमा अनेकौं भावनाहरू उम्लिन्छन्, विचारहरू भुँवरी पर्छन् र ती मध्ये कति कुरा हामी अरूहरूलाई इवाट्ट भन्न सक्तैनौं । कति मान्छेहरूका बारेमा हाम्रा निजी धारणाहरू हुन्छन् । तिनलाई पनि सोझै भन्न सामाजिक वातावरणले गर्दा सकिदैन । यस्ता नितान्त निजी कुराहरूलाई दैनिकीमा लेखाले मन हलुको हुन्छ । फेरि आजका कति अनुभवहरू, विचारहरू र ज्ञानहरू भोलि गएर बिर्सन सकिन्छ । मान्छेको मन न हो- फर्कन सक्छ,

बदलिन सक्छ । त्यसैले यस्ता कुराहरूको टिपोट गरिराख्नाले र फुर्सदको बेलामा पछि तिनको अध्ययन गर्नाले आफैंलाई पनि धेरै फाइदा हुन्छ र पछि गएर त्यस्ता दैनिकी पढ्ने अरूहरूलाई पनि मनुष्यका चरित्रको र मित्री कुराहरूको ज्ञान पनि हुन्छ । सके र भ्याएदेखि सबैले नियमित रूपले (अर्थात् कुनै दिन नछुटाई) दैनिकी लेख्ने गर्नु औधि राम्रो बानी हो । दिनहुँ सुलु भन्दा अगाडि विद्यार्थीहरूमा यसरी केही लेख्ने बानी बसोस् भन्ने आशाले यो दैनिकी यहाँ दिइएको हो ।

प्रश्नहरू

(क) रमेश दार्जीलिङको शैक्षिक भ्रमणमा सामेल भएन

(१) किनभने उसलाई उसकी आमाले रोक्नु भयो ।

(२) किनभने उसलाई हनहनी जरो आयो ।

(३) किनभने उसका बा अमेरिकाबाट फर्केर थिए ।

(४) किनभने ऊ एकपल्ट दार्जीलिङ गइसकेको थियो ।

(५) किनभने हेड सर गएनन् ।

माथिका पाँच उत्तर मध्ये कुन चाहिं असत्य र कुन चाहिं सत्य हुन् ? हरेकको कारण दिनुहोस् ।

(ख) रमेश किन पश्चात्तापमा पऱ्यो ?

(ग) रमेशलाई चटकी हुन मन नपर्नाका के-के कारण हुन सक्छन् ? पूरा व्याख्या गर्नुहोस् ।

(घ) यो दैनिकी पढेर तपाईं रमेशलाई कस्तो खालको छात्र मान्नुहुन्छ ? उसका बारेमा कम्तीमा पनि पन्ध्र, बीस वाक्यहरूमा आफ्नो मत प्रकट गर्नुहोस् ।

(ङ) मानिलिनोस् तपाईं आवासीय विद्यालयमा हुनुहुन्छ र तपाईंको नवौं श्रेणीको पढाइ चम्किरहेको छ । यस्तैमा तपाईंकी दिदीको बिहे हुने भयो । तपाईंले एक हप्ताको पढाइ माया मारेर भए पनि आफ्नी स्नेहालु दिदीको बिहेमा नगई हुँदै भएन । त्यस महत्त्वपूर्ण समारोहका अनुभवहरूलाई लिएर एक हप्ताको दैनिकी लेखेर देखाउनुहोस् ।

व्याकरण

(च) वाक्यपद्धति – कुनै शब्दहरूले सोझो अर्थ नबताएर विशेष अर्थको छनक दिए भने तिनलाई **वाक्यपद्धति, वाग्धारा वा तुक्का** भन्ने चलन छ । यस पाठमा तलका तुक्का वा वाक्यपद्धति परेका छन् । अर्थ खुल्ने गरी तिनलाई आफ्ना वाक्यहरूमा पनि प्रयोग गरेर देखाउनुहोस् :

मन मान्नु, लोभ जाग्नु, आँखा लाग्नु, फऱ्याकफुरुक गर्नु, कम्मर कस्नु, मन लाग्नु, भित्रभित्रै पोल्नु, आङ जिरिङ्ग हुनु, कहाली लाग्नु, इच्छा जाग्नु

स्थानवाची विशेषण

(१) **नेपालको नेपाली** भए जस्तै नेपाली भाषामा धेरै ठाउँका नाउँ पछाडि ली फुर्केर जोडेर विशेषण बनाउने चलन छ । तर नेपालीको ली चाहिं नेपालमा ई जोडिएर बनेको हो ।

कुनै ठाउँका नाउँको पछिल्तिर आ छ भने ली लाग्छ । जस्तै–

ठाउँको नाउँ	विशेषण
गोर्खा	गोर्खाली
एसिया	एसियाली
अमेरिका	अमेरिकाली
झापा	झापाली
केन्या	केन्याली
पाल्पा	पाल्पाली
कुन्छा	कुन्छाली
बनेपा	बनेपाली
दुम्जा	दुम्जाली
स्याङ्जा	स्याङ्जाली
बर्मा	बर्माली
कोरिया	कोरियाली
पोखरा	पोखराली
श्रीलङ्का	श्रीलङ्काली

तर, लामा टुक्निने ठाउँका विशेषण भने लाली नभई ली मात्र हुन्छन् :

जुम्ला	जुम्ली
हुम्ला	हुम्ली
दार्चुला	दार्चुली

(२) याल, एल वा एली फुर्को चाहिं ई मा टुक्निने ठाउँका पछिल्तिर लाग्छ :

डोटी	डोट्याल, डोटेल, डोटेली
बैतडी	बैतड्याल, बैतडेल, बैतडेली
जर्मनी	जर्मनेल, जर्मनेली
जिरी	जिरेल

तर, केही यस्ता ठाउँ छन् जसका पुछारमा ई भए तापनि एल वा एली नलागी गाउँको गाउँले भए जस्तै ले लाग्छ र ई ह्रस्व पार्नुपर्छ :

मादी	मादिले
ठिमी	ठिमिले
गुल्मी	गुल्मिले
चुँदी	चुँदिले
म्याग्दी	म्याग्दिले

(३) व्यञ्जनमा टुङ्गिने ठाउँका ठाउँकों पछाडि ठूलो देश भए ई र सस्थानो ठाउँ भए ए लाग्छ :

नेपाल	नेपाली
इरान	इरानी
भारत	भारती
जापान	जापानी
रूस	रूसी
बेलाइत	बेलाइती
हिन्दुस्थान	हिन्दुस्थानी
बिहार	बिहारी
बङ्गाल	बङ्गाली
इलाम	इलामे
पाटन	पाटने
दार्जीलिङ	दार्जीलिङे
रामेछाप	रामेछापे
विराटनगर	विराटनगरे
धरान	धराने
भक्तपुर	भक्तपुरे
बाम्लुङ	बाम्लुङे
ब्राजिल	ब्राजिली
धुलिखेल	धुलिखेले
तिब्बत	तिब्बती

(४) चीनको चिनियाँ र धनकुटाको धनकुटे चाहिं चलनचल्तीका विशेषण हुन् जसमा माथिका नियम लाग्दैन् । फ्रान्सको फ्रान्सेली पनि चलिसकेको छ । तराईको तराईली हुन सक्छ, तर दिल्लीको भने दिल्लीवासी, दिल्लीको, इत्यादि नगरी धरै छैन । तलका विशेषणहरू पनि चलिसकेका छन् :

दाङ	दङाली
गुल्मी	गुल्मिले, गुल्मेली
भादगाउँ	भादगाउँले
फ्रान्स्	फ्रान्सेली, फ्रन्सी
भारत	भारती, भारतीय, भारतेली
कङ्गो	कङ्गोली
स्पेन	स्पेनियाँ, स्पेनी
इटाली	इटालेली, इटालीय

जर्मनी	जर्मनेली, जर्मनीय
बर्मा	बर्माली, बर्मेली
पोखरा	पोखराली, पोखरेली
काठमाडौं	काठमाडौंली
युरोप	युरोपेली (युरोपी, युरोपीय)

(छ) तलका ठाउँहरूबाट उपयुक्त विशेषण बनाई आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् :

अमेरिका, केन्या, अस्ट्रेलिया, बनारस, सिक्किम, काश्मीर, झापा, बुन्छा, जापान, कोरिया, मधेश, पहाड, पाल्पा, पोखरा, स्याङ्जा, दुम्जा, भादगाउँ, चापागाउँ, बनेपा, रसिया, धादिङ, बयल्पाटा, खर्साङ, कालिम्पोङ, फिक्कल, दिङ्ला, डँडेलधुरा, भोजपुर, ओखल्ढुङ्गा, धरान, हेटौंडा, सुखेत, मुस्ताङ, थाक खोला, पाल्पुङ, बाम्लुङ, जनकपुर, चितौन, भरतपुर, सल्यान, प्यूठान, कलकत्ता, गौहाटी, चिली, मलेसिया, टोकियो, दोलखा, रम्घा, पनामा, कोलम्बिया, घनघस्या, दिपायल, पाँचथर, दार्चुला ।

५. जङ्गी निशान हाम्रो

रातो र चन्द्र सूर्य, जङ्गी निशान हाम्रो
जीउँदो रगत सरी यो, बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो, झुकेन यो कहिल्यै,
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मँदै जगतमा कैयौं प्रहार आए,
साम्राज्य दुई हारे, हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

(गोपालप्रसाद रिमाल)

अभ्यास

अठ्घारा शब्दहरू

जङ्गी	– फौजी, युद्धसम्बन्धी, सैनिक
निशान	– सेनाको झन्डा जस्तो चिह्न, झन्डा, ध्वजा
सरी	– जस्तै
शान	– इज्जत, गौरव
अटल	– दृढ, एक ठाउँ डटेर रहने
लत्रनु	– तल झर्नु, हार मान्नु
प्रहार	– आक्रमण, चढाई
साधु	– सीधा, सोझो, सज्जन, भलाद्मी

कविको चिनारी – गोपालप्रसाद रिमालको जन्म काठमाडौंमा १९७५ सालमा भएको थियो । नेपाली भाषाको पहिलो गद्यकविता उनैले लेखेका थिए । उनको मृत्यु २०३० सालमा भयो । उनको 'आमाको सपना' भन्ने पुस्तकमा असाध्यै राम्रा गद्यकविताहरू पढ्न सकिन्छ । 'मसान' र 'यो प्रेम' जस्ता नाटकहरू पनि उनले नै लेखेका हुन् ।

हाम्रो झन्डामा चन्द्रमा र सूर्य राखिएका छन् । यो झन्डा रातो छ जसले हाम्रा शरीर भित्रको तातो रगतलाई बुझाउँछ । हाम्रो झन्डा स्वतन्त्रताको प्रतीक (चिह्न) हो । हामीलाई हेप्ने र हामीमाथि आक्रमण गर्नेलाई हामी छाड्दैनौं, तर शरण माग्नेलाई भने हामी स्नेहपूर्वक रक्षा गर्छौं ।

यसरी यस कवितामा कवि रिमालले हाम्रो ध्वजाको र त्यसका सहायतातले हाम्रो राष्ट्रको गुण गाएका छन् । कवि देशप्रेमी र जातिप्रेमी छन् । लयमा गाउन सजिलो होस् भनी लेखिएको यो कविता साह्रै राम्रो छ ।

प्रश्नहरू

(क) यस कविताका पहिला चार लहरलाई तल सजिलो गद्यमा ढालिएको छ । त्यसै गरेर बाँकी छ लहरलाई पनि सरल गद्यमा लेख्नुहोस् ।

यो हाम्रो जङ्गी निशान हो । यसमा रातो रङ र चन्द्र सूर्य छन् । यो जीउँदो रगत जस्तै छ । यो हाम्रो बल्दो शान हो । हाम्रो जङ्गी निशान हिमाल झैं अटल छ । यो कहिल्यै झुकेन र कहिल्यै लत्रेन ।

(ख) तलका प्रश्नहरूको एक एक वाक्यमा उत्तर लेख्नुहोस्:

१. हाम्रो जङ्गी निशान जन्मँदा के आयो ?
२. दुश्टा के हारे, तर हाम्रो के हारेन ?
३. यो हाम्रो आफ्नै रातो रगत कहिलेसम्म हुन्छ त ?
४. हाम्रो जङ्गी निशान कसकसको बलियो शरण हो ?
५. हाम्रो निशान के जस्तै अटल छ ?

(ग) तलका हरफहरूको विचारलाई बढाएर लामो पार्नुहोस् :

गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

(घ) हाम्रो निशानलाई कविले जीउँदो किन भनेको ? यो यति यति कारणले जीउँदो पनि हो र बल्दो पनि हो भनी आफ्ना तर्क प्रकट गर्नुहोस् ।

(ङ) सप्रसङ्ग व्याख्या गर्नुहोस् :

जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो ।

व्याकरण

(च) वाक्य वा शब्दहरू जोड्ने शब्दहरूका बारेमा पहिलो पाठमा पनि केही उल्लेख भएको छ । त्यस्ता शब्दलाई संयोजक भन्ने चलन छ । तेस्रो पाठमा भएका कुनै पाँच संयोजकहरूलाई टिप्नुहोस् र आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस् ।

(छ) तल लगाइएका संयोजकहरूको सहायताले अ र आका मिल्दा जोडी छानेर सुहाउँदा वाक्य बनाउनुहोस् :

अ	आ
(१) म रातभरि पढ्छु	र पनि उत्तीर्ण हुन्छु
(२) हुनत म उति धनी छैन	तर म गुन्द्रुक ढिंडो खान्छु
(३) म धनाढ्य छु	तापनि म हरेक वर्ष अमेरिका घुम्न जान्छु
(४) हामी नेपाली परिश्रम गर्छौं	अनि कृष्णमन्दिर घुम्छौं
(५) हामी गयौं भने	निशुल्क हुनेछौं
(६) यदि पानी पऱ्यो भने हामी	र उत्तीर्ण हुन्छौं
(७) राम निकै व्यस्त छ	र पनि हाम्रो अवस्था उस्तो सप्रेको छैन
(८) हामी पाटन जान्छौं	त्यसैले ऊ आज आएन
(९) हामी पढ्छौं	पुस्तकालय निस्कनेछौं
(१०) म उति पढ्दिनँ	किनभने मैले यस पालि उत्तीर्ण हुनैपर्छ

अव्यय– पहिलो पाठमा अव्ययको सानो चिनारी दिइएको थियो । अव्ययको रूप चल्दैन । धातुमा ई, एर, न, तै वा दै फुर्का जोड्नाले क्रियाबाट बनिने अव्यय बनिन्छन् । त्यस्ता अव्ययलाई व्याकरणमा कृदन्त अव्यय भन्ने चलन छ । जस्तै,

	क्रियामूल	धातु		अव्यय		
		ई	एर	न	तै/दै	
(१)	गर्नु	गर्	गरी	गरेर	गर्न	गर्दै
	पढ्नु	पढ्	पढी	पढेर	पढ्न	पढ्दै
	सक्नु	सक्	सकी	सकेर	सक्न	सक्तै/सक्दै
	थुन्नु	थुन्	थुनी	थुनेर	थुन्न	थुन्दै
(२)	खानु	खा	खाई	खाएर	खान	खाँदै
	जानु	जा/ग	गई	गएर	जान	जाँदै
	रुनु	रु/रो	रोई	रोएर	रुन	रुँदै
	हुनु	हु/भ	भई	भएर	हुन	हुँदै
(३)	पाउनु	पाउ/पा	पाई	पाएर	पाउन	पाउँदै
	नुहाउनु	नुहाउ/नुहा	नुहाई	नुहाएर	नुहाउन	नुहाउँदै
	पढाउनु	पढाउ/पढा	पढाई	पढाएर	पढाउन	पढाउँदै

कुन कुन कृदन्तमा त, ता, ती, तो र तै लाग्छन् र कुन कुनमा द, दा, दी, दो र दै लाग्छन् भन्ने विषयमा तलका नियमहरूलाई ध्यान दिनुपर्छ :

अ. जुन धातुका पुछारमा क्, ख्,च्, छ्, ट्, ठ्, त्, थ्,प्, फ्, स् (अर्थात् अघोष ध्वनि) छन् तिनका पछि त, ता, ती, तो र तै लगाउनुपर्छ । जस्तै–

धातु	कृदन्त
सक्	सक्त, सक्ता, सक्ती, सक्तो, सक्तै
खोक्	खोक्त, खोक्ता, खोक्ती, खोक्तो, खोक्तै
राख्	राख्त, राख्ता, राख्ती, राख्तो, राख्तै
लेख्	लेख्त, लेख्ता, लेख्ती, लेख्तो, लेख्तै
भाँच्	भाँच्त, भाँच्ता, भाँच्ती, भाँच्तो, भाँच्तै
बाँच्	बाँच्त, बाँच्ता, बाँच्ती, बाँच्तो, बाँच्तै
पुछ्	पुछ्त, पुछ्ता, पुछ्ती, पुछ्तो, पुछ्दै
ताछ्	ताछ्त, ताछ्ता, ताछ्ती, ताछ्तो, ताछ्दै
कुट्	कुट्त, कुट्ता, कुट्ती, कुट्तो, कुट्तै
बाट्	बाट्त, बाट्ता, बाट्ती, बाट्तो, बाट्तै
उठ्	उठ्त, उठ्ता, उठ्ती, उठ्तो, उठ्तै
चुठ्	चुठ्त, चुठ्ता, चुठ्ती, चुठ्तो, चुठ्तै
कात्	कात्त, कात्ता, कात्ती, कात्तो, कात्तै
च्यात्	च्यात्त, च्यात्ता, च्यात्ती, च्यात्तो, च्यात्तै
मथ्	मथ्त, मथ्ता, मथ्ती, मथ्तो, मथ्तै
रोप्	रोप्त, रोप्ता, रोप्ती, रोप्तो, रोप्तै
खेप्	खेप्त, खेप्ता, खेप्ती, खेप्तो, खेप्तै
टाँस्	टाँस्त, टाँस्ता, टाँस्ती, टाँस्तो, टाँस्तै
खस्	खस्त, खस्ता, खस्ती, खस्तो,खस्तै

माथिका धातुपछि पनि द लगाउनेहरू छन्, तर व्याकरणले मात्र होइन, ध्वनिविज्ञानले पनि त लाईनै रुचाउँछ ।

आ. धातुका पुछारमा ग्, घ्, ङ्, ज्, झ्, ड्, ढ्, द्, ध्, न्, ब्, भ्, म्, र्, ल् भएमा द नै लगाउनुपर्छ । जस्तै–

भाग्	भाग्द, भाग्दा, भाग्दी, भाग्दो, भाग्दै
नाघ्	नाघ्द, नाघ्दा, नाघ्दी, नाघ्दो, नाघ्दै
रुङ्	रुङ्द, रुङ्दा, रुङ्दी, रुङ्दो, रुङ्दै
खोज्	खोज्द, खोज्दा, खोज्दी, खोज्दो, खोज्दै
बाझ्	बाझ्द, बाझ्दी, बाझ्दो, बाझ्दै
लड्	लड्द, लड्दा, लड्दी, लड्दो, लड्दै
पढ्	पढ्द, पढ्दा, पढ्दी, पढ्दो, पढ्दै
गोद्	गोद्द, गोद्दा, गोद्दी, गोद्दो, गोद्दै

साँध	साँध्द, साँध्दा, साँध्दी, साँध्दो, साँध्दै
खन्	खन्द, खन्दा, खन्दी, खन्दो, खन्दै
खोब्	खोब्द, खोब्दा, खोब्दी, खोब्दो, खोब्दै
गाभ्	गाभ्दै, गाभ्दा, गाभ्दी, गाभ्दो, गाभ्दै
छाम्	छाम्द, छाम्दा, छाम्दी, छाम्दो, छाम्दै
पार्	पार्द, पार्दा, पार्दी, पार्दो, पार्दै
खेल्	खेल्द, खेल्दा, खेल्दी, खेल्दो, खेल्दै

माथिका धातुका पुछारका ध्वनि सबै सघोष हुन् र द पनि सघोष हुनाले यस्ता स्थितिमा अघोष त ध्वनि कहिल्यै लाग्दैन ।

इ. धातुका पुछारमा स्वर भएमा स्वरमा चन्द्रबिन्दु लाग्छ र स्वरहरू सघोष भएकाले द नै हुन्छ । जस्तै –

आउ	आउँद, आउँदा, आउँदी, आउँदो, आउँदै
जा	जाँद, जाँदा, जाँदी, जाँदो, जाँदै
हु	हुँद, हुँदा, हुँदी, हुँदो, हुँदै
गइ	गइँद, गइँदा, गइँदी, गइँदो, गइँदै

(ज) तलका क्रियामूलबाट १, २ र ३ मा देखाएका चारै किसिमका कृदन्त अव्यय बनाउनुहोस् र आफना वाक्यमा प्रयोग गर्नुहोस् :

हिंड्नु, जान्नु, पिउनु, उसिन्नु, घुनु, कुट्नु, मार्नु, चोर्नु, लेख्नु, बस्नु

(झ) पहिलो कविता र यस कवितामा भएका जम्मै कृदन्त अव्ययहरू बटुल्नुहोस् र तिनका क्रियामूल र धातु लेख्नुहोस् ।

६. मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन

अझै पनि मान्छेहरू जातभातका कुरा गर्छन् । गाउँघरतिर अझै पनि सानो जातका मनिने दाजुभाइ दिदीबहिनीहरूलाई सबै घरभित्र पस्न दिँदैनन्, हेलाँ गर्छन् र खानेकुराहरू छुन दिँदैनन् । यसो किन गरेको भनेर सोध्यो भने तल्लो जातका मान्छेहरू फोहोरी हुन्छन् भनेर जवाफ पाइन्छ । वास्तवमा जातले गर्दा कुनै मान्छे फोहोरी र कुनै सफा हुँदैन । जसरी राम्ररी नुहाइ धुवाइ गऱ्यो भने, सफा खानेकुराहरू खायो भने र जताततै मैलाहरू फालेन भने मान्छे स्वच्छ देखिन्छ उसरी नै सबैलाई माया गऱ्यो, सबैसित राम्रो व्यवहार गऱ्यो र दुःखमा परेका साथीभाइलाई सकेको महत हृदय खोलेर दियो भने उसको स्वभाव पनि स्वच्छ हुन्छ, सफा हुन्छ र शुद्ध हुन्छ । असल र ठूलो मान्छे हुनलाई बाहुन र छेत्रीको सन्तान भएर जन्मँदैमा पुगँदैन, आफ्नो हृदयलाई उदार र परमार्थी पार्नुपर्छ र सकेसम्म आफ्नो बाहिरी शरीरलाई पनि सदैव स्वच्छ, सफा र सुक्सुकाउँदो राख्नुपर्छ ।

हो, लक्ष्मीप्रसाद देवकोटा बाहुनका छोरा थिए । उनी उच्च र पठित परिवारमा जन्मेका थिए । उनी सफा र टक्टकाउँदा लुगा लगाउँथे । तर त्यसका साथै उनी अत्यन्त दयालु, औधि उदार र अति शिष्ट मानिस थिए । दुःखी मानिसलाई भेटे भने उनी आफ्नो सर्वस्व दिनुपरे पनि अत्यन्त प्रेमसाथ अघि सर्थे ।

यस्तो अनुकरणीय चरित्र भएका व्यक्तिको जन्म काठमाडौंको घोबीघाट भन्ने टोलमा विक्रमाब्द १९६६ साल कार्तिक २७ गतेका दिन भएको थियो । त्यस दिन नेपालको ठूलो पर्व लक्ष्मी पूजा परेकाले उनका पिता तीलमाधव देवकोटा र उनकी माता अमर राज्यलक्ष्मी देवकोटा आफ्ना साहिला छोरालाई लक्ष्मीको प्रसाद ठानी लक्ष्मीप्रसाद भन्न थाले । तर विधिको विडम्बना पनि विचित्रकै छ । त्यत्रो धनसम्पत्ति र दौलतकी देवीको प्रसाद भन्ने नाउँ पाएर पनि लक्ष्मीप्रसाद देवकोटाको जीवनमा जहिले पनि पैसाको संकट पऱ्यो । उनी यसरी लक्ष्मीका प्रसाद नभएर सरस्वतीका प्रसाद पो हुन पुगे, विद्या, शिक्षा र ज्ञानका अत्यन्त ठूला अधिपति पो हुन पुगे ।

लक्ष्मीप्रसाद देवकोटाको जीवन आँधीबेहेरीको कथा जस्तो छ । राणाशासन छँदा दुनियाँदारका छोराहरूले स्वतन्त्रतापूर्वक केही गर्न पाउँदैनथे, आँखी हुन्थ्यो । प्रतिभाका धनी देवकोटाका विचारहरू देखेर, उनको तीक्ष्ण बुद्धि देखेर र उनका उच्च प्रकारका कविताहरू देखेर अधिकारी वर्ग रिसले मुर्मुरिन्थे । उनी कस्तो छिटो कविता गर्न सक्थे भने तीन महिना भित्रमा 'शाकुन्तल' महाकाव्य, दस दिनमा 'सुलोचना' जस्तो महाकाव्य र एक रातमा 'कुञ्जिनी' जस्तो खण्डकाव्य उनले सकेका थिए । बात मार्दा मार्दै उनी कविता लेखिसक्थे । त्यसरी थामिँदै नथामिई छाँगो छड्छडिए झैं कविता गर्ने मान्छेलाई आशुकवि भन्ने चलन छ । देवकोटा आशुकवि थिए ।

देवकोटाले 'शाकुन्तल', 'सुलोचना', 'वनकुसुम', 'महाराणा प्रताप', र 'प्रमीथस' जस्ता पाँच पाँच महाकाव्य लेखेका छन् । महाकाव्य भनेको छन्द र लयमा लेखिएको उपन्यास जस्तै लामो न लामो कविता हो । यस बाहेक उनका धेरै खण्डकाव्यहरू र छोटा कविताहरू छन् । ती कुनै संस्कृत छन्दहरूमा, कुनै नेपाली झ्याउरे लयहरूमा र कुनै चाहिं गीत गाउन मीठो पारेर लेखिएका

छन् । कति चाहि उनले गद्यकविता लेखेका छन् । उनले जति कविता अरू कुनै नेपालीले पनि लेखेका छैनन् । त्यसै हुनाले हामी उनलाई स्नेहसाथ महाकवि देवकोटा भन्ने गर्छौं । उनी महाकाव्यहरू लेखेकैले मात्र महाकवि वा ठूला कवि भएका होइनन् । उनी त राम्रा र हृदय जिले कविता लेखेकैले महाकवि भएका हुन् ।

१९९२ सालमा उनको 'मुनामदन' भन्ने झ्याउरे खण्डकाव्य लेखिएको थियो । यसमा मदन पैसा कमाउन झासा जाँदा उसकी प्यारी पत्नी कसरी विरहमा सुकेर मरी र मदनले कस्तो दुःख पायो भन्ने असाध्यै राम्रो कथा मुटु चुँडाउने गीतमा लेखिएको छ । छेत्री मदनलाई उसका स्वार्थी साथीहरूले हिमाली बाटामा बिरामी परेका बेला अलपत्रै छाडेर हिंडेपछि एउटा भोटेले भेट्यो र प्रेमसाथ आफ्नो घरमा लगी निको पार्‍यो । त्यस गाउँले र गरीब भोटेको त्यो प्रेम देखेर छेत्री मदन भन्छ –

छेत्रीको छोरो यो पाउ छुन्छ, बिनले हुँदैन
मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन

'मुनामदन' कस्तो राम्रो छ भने मर्ने वेलामा लक्ष्मीप्रसाद देवकोटाले "मेरा अरू जस्मै कविता र लेखहरू जलाइदिए पनि हुन्छ तर यो 'मुनामदन' चाहिं नजलाइदिनू" भनेका थिए ।

१९९७ सालमा जहानियाँ शासनको विरुद्ध लागेकाले दशरथ चन्द, गंगालाल र धर्मभक्त जस्ता देशभक्तहरूलाई मृत्युदण्ड दिएपछि देशमा असाध्यै नराम्रो वातावरण भयो । यस्तो निसासिंदो वातावरणमा बस्न नसकेर देवकोटा बनारसतिर गए । त्यहाँ गएर उनले 'युगवाणी' भन्ने क्रान्तिकारी पत्रिकाको सम्पादन गरे र प्रशस्त कविताहरू लेखे । यता उनको घरमा अभाव र रोगले हुनसम्म हुँदा छोराको मृत्यु समेत भयो । उता बनारसमा खर्च नपुगेर उनले कविता बेच्नुपर्‍यो । वेदनाले ग्रस्त भएका कवि झन्नै झन्नै बौल्हाए पनि ।

देवकोटा तीन महिनासम्म २०१३ सालतिर शिक्षामन्त्री पनि भएका थिए । त्यसै वेला उनले नेपाल देशभरिका स्कूलहरूमा नेपाली भाषालाई अनिवार्य बनाएका थिए । शाही नेपाल एकेडेमी बनाउने योजना पनि उनैको हो । यो एकेडेमी २०१४ मा खुल्यो र उनी २०१६ सालमा आफ्नो मृत्यु नहुन्जेल यसका सदस्य थिए ।

देवकोटा अनेकौं भाषाका ज्ञाता थिए । अंग्रेजीमा पनि उनी कविता गर्न सक्थे । अंग्रेजी साहित्य र कानूनमा उनले उच्च शिक्षा पाएका थिए । उनी धेरै पल्ट लेखकहरूका अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालको प्रतिनिधित्व गर्न विदेश पनि गए । जहाँ उनी गए र जहाँ उनले बोले दर्शकहरू उनका धाराप्रवाह र विद्वत्तापूर्ण भाषण सुनेर विमुग्ध भए । नेपाली साहित्यलाई विश्वमा चिनाउनुपर्छ भन्ने उनको ठूलो इच्छा थियो र उनले सकेसम्म त्यसतर्फ काम पनि गरे ।

देवकोटा कवि मात्र होइनन्, उनले निबन्धहरू पनि लेखेका छन् । उनका कथाहरू पनि छन् र एउटा 'चम्पा' भन्ने उपन्यास पनि छापिएको छ । तर चाहे कविता लेखून्, चाहे कथा अथवा चाहे निबन्ध नै लेखून्, देवकोटाले नेपाली भाषा र साहित्यलाई उच्च बनाएका छन् । आफ्नो देश, आफ्नो भाषा र आफ्नो संस्कृतिको लागि हुरुक्क हुने देवकोटा मान्छेको मुटु जस्तै कोमल, सगरमाथा जस्तै उच्च विचारका र चराहरू जस्तै स्वच्छन्द थिए । उनी ईश्वरलाई मान्थे, तर ईश्वर सजिसजाउ गरेको मन्दिरको कोठाभित्र होइन मान्छेको शरीरभित्र बस्छन् र चराहरूका तानामा र रोगी र दुःखीहरूको

पीडाको गानामा हुन्छन् भनी भन्थे । मान्छेको सबैभन्दा ठूलो धर्म दरिद्रहरूको सेवा गर्नु हो र उनका घाउमा मलम लगाउनु हो भनी उनले लेखेका छन् । उनी मान्छे मात्रलाई माया गर्थे र दिलको उदारताले मान्छे ठूलो हुन्छ भन्थे ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

वास्तवमा	– साँच्चै, सत्यमा
स्वच्छ	– सफा, सुग्घर
स्वभाव	– बानी बेहोरा
उदार	– फराकिलो
परमार्थी	– अर्काको भलाइँ गर्ने
पठित	– पढेको, शिक्षित
अनुकरणीय	– पछ्याउन लायक
विडम्बना	– लीला, खेल
विचित्र	– अनौठो
संकट	– कष्ट
अधिपति	– मालिक, स्वामी
आँखी हुनु	– विरोधीका रूपमा चिनिनु
तीक्ष्ण	– तीखो
खण्डकाव्य	– कथा भएको लामो कविता
आशुकवि	– तुरुन्तै र नरोकी कविता गर्न सक्ने कवि
गद्य कविता	– छन्दलाई वास्ता नगरी लेखिएको कविता
मृत्युदण्ड	– मार्ने सजाय
सम्पादन गर्नु	– भाषा सुधारेर र सपारेर राम्रो पार्नु
खग्रास हुनु	– डढ्नु
अनिवार्य	– लिनैपर्ने, गर्नैपर्ने
ज्ञाता	– जान्ने, ज्ञानी
धाराप्रवाह	– नदी जस्तै नथामिने
विद्वत्तापूर्ण	– ज्ञान र बुद्धिले भरिएको
विमुग्ध	– मुग्ध, लट्ठ
संस्कृति	– जनताका धार्मिक, सामाजिक र बौद्धिक कुराहरू जो परम्परादेखि आएका हुन्छन्

प्रश्नहरू

(क) तलको हरेक भनाइको उचित कारण कुन हो ? त्यसलाई छानेर पूरा वाक्य फेरि लेख्नुहोस्-

(१) ठूलो जातकाहरूले तल्लो जातकाहरूलाई घरभित्र पस्न दिँदैनन्

अ. किनभने ती फोहोरी हुन्छन्

आ. किनभने तिनले नीच काम गर्छन्

इ. किनभने जातभातको चलन छँदै छ

(२) लक्ष्मीप्रसाद देवकोटा ठूला भए

अ. किनभने उनी बाहुनका छोरा थिए

आ. किनभने उनी सफा लुगा लगाउँथे

इ. किनभने उनी उदार र परमार्थी थिए

(३) लक्ष्मीप्रसाद देवकोटा आशुकवि हुन्

अ. किनभने उनले एक रातमा 'कुञ्जिनी' लेखिसके

आ. किनभने उनले हृदय जिले कविता लेखेका छन्

इ. किनभने उनले पाँच वटा महाकाव्य लेखेका छन्

(४) देवकोटाले नेपाली भाषा र साहित्यलाई उच्च बनाए

अ. किनभने उनले साह्रै राम्रा कविताहरू लेखे

आ. किनभने उनले साह्रै राम्रा निबन्धहरू लेखे

इ. किनभने उनले साह्रै राम्रा उपन्यासहरू लेखे

(५) देवकोटा झन्नै झन्नै बौल्हाए

अ. किनभने उनी तीन महिना मात्रै शिक्षामन्त्री भए

आ. किनभने उनी जनक्रान्तिमा होमिए

इ. किनभने उनले पुत्रशोक परेर व्यथित हुनुपऱ्यो

(ख) जोडी मिलाउनुहोस्-

(१) देवकोटा कवि मात्र होइनन्	– उनले अंग्रेजीमा पनि कविता लेखे
(२) देवकोटा अनेकौं भाषाका ज्ञाता थिए	– देशभरिका स्कूलमा नेपाली अनिवार्य भयो
(३) देवकोटा शिक्षामन्त्री पनि भएका थिए	– जहिले पनि पैसाको संकट पऱ्यो
(४) देवकोटा सरस्वतीका प्रसाद पो हुन पुगे	– मानिस ठूलो दिलले हुन्छ
(५) मदन गैसा कमाउन ल्हासा गयो	– उनले निबन्धहरू पनि लेखेका छन्

(ग) कोष्टक (ब्राकेट) भित्रबाट छानेर खाली ठाउँ सुहाउँदोसित भर्नुहोस्-

(१) १९९२ सालमा उनको ... ... (**मुनामदन, कुञ्जिनी, सुलोचना**) भन्ने खण्डकाव्य लेखिएको थियो ।

(२) अङ्ग्रेजी ... ... (**भाषा, साहित्य, इतिहास**) र कानूनमा उनले उच्च शिक्षा पाएका थिए ।

(३) देवकोटाको एउटा ... ... (**शाकुन्तल, सुलोचना, चम्पा**) भन्ने उपन्यास पनि छापिएको छ ।

(४) मान्छेको सबैभन्दा ठूलो धर्म ... ... (धर्मीहरू, दरिद्रहरू, लेखकहरू) को सेवा गर्नु हो भनी देवकोटाले लेखेका छन् ।

(५) देवकोटा मान्छेमात्रलाई माया गर्थे र ... ... (धन, दिल, विद्या) को उदारताले मान्छे ठूलो हुन्छ भन्थे ।

(घ) देवकोटाको जीवन आँधीबेहेरीको कथा जस्तो थियो भन्ने कुराको पुष्टि गर्नुहोस् ।

(ङ) देवकोटाले हामीलाई के सिकाएका छन् ?

व्याकरण

(च) यस पाठमा तल लेखिएका **वाक्यद्धति** प्रयोग भएका छन् । तिनका विशेष अर्थ खुल्ने गरी तिनलाई आफ्ना वाक्यहरूमा प्रयोग गरेर देखाउनुहोस्–

हृदय खोल्नु, सर्वस्व दिनु, अघि सर्नु, आँखी हुनु, बात मार्नु, हृदय जिल्नु, मुटु चुँडाउनु, हुरुक्क हुनु

व्युत्पन्न शब्द – धातुमा प्रत्ययहरू वा फुँदाहरू गाँसेपछि बनिने कृदन्त अव्ययका बारेमा पाँचौ पाठमा केही व्याख्या भइसकेको छ । तलका अव्ययहरू पनि धातुबाटै बनिएका हुन् –

क्रियामूल	धातु	प्रत्यय	व्युत्पन्न शब्द
बस्नु	बस्	उन्जेल	बसुन्जेल
खानु	खा	उन्जेल	खाउन्जेल
पढ्नु	पढ्	उन्जेल	पढुन्जेल
पाउनु	पा (उ)	उन्जेल	पाउन्जेल
रुनु	रो	उन्जेल	रोउन्जेल

(छ) यस पाठमा प्रयोग भएका बीस वटा मुख्य क्रियाहरू टिप्नुहोस् र तिनका क्रियामूल र धातु रूपहरू देखाई ती धातुमा **उन्जेल** र **दाखेरि** प्रत्यय जोडेर **व्युत्पन्न शब्द** बनाउनुहोस् । ती व्युत्पन्न शब्दलाई आफ्ना वाक्यमा प्रयोग पनि गर्नुहोस् ।

(ज) पुरानो कालदेखि चलिआएका रसिला भनाइहरूलाई **उखान** भन्ने चलन छ जसले व्यङ्ग्य गर्दै अर्थ छर्लङ्ग पार्छन् ।

तलका उखानहरूलाई कोष्टकमा दिइएका अर्थ संकेतको सहायताले आफ्ना वाक्यहरूमा प्रयोग गरेर देखाउनुहोस्–

अ. रातभरि रुँग्यो बूढी ता जीउँदै (अनेक प्रयत्न गर्दा पनि सफल नहुनु)

आ. आफैं त महादेव उत्तानो पर्, कसले दिने वर ? (आफैं असमर्थ मान्छेसित के सहयोग माग्नु ?)

इ. गर्ने भन्ने हनुमान पगरी गुल्ने ढेडु ! (दुःख गरेर सफलता ल्याउने एउटा, जस अकैलाई)

ई. अगुल्टाले हिर्काएको कुकुर बिजुली चम्किंदा तर्सिन्छ (एक पल्ट ठूलो ठक्कर खाएको मान्छे जहिले पनि तर्सिरहन्छ)

उ. भदौमा आँखा फुटेको गोरु सधैं हरियै देख्छ (परिस्थिति बदलिएको नदेख्ने एकोहोरे)

ऊ. बाह्र वर्ष रामायण पढ्यो सीता कसकी जोई ! (धेरै सम्झेरबुझेर पनि सस्यानो कुरामा गल्ती गर्ने)
ए. ह्रासामा सुन छ कान मेरो बुच्चै ! (अर्काका धन र इज्जतले आफूलाई के गर्नु ?)
ऐ. मेरो गोरुको बाह्रै टक्का (हद जिद्दी)
ओ. जुन गोरुको सिङ छैन उसैको नाउँ तीखे (जुन अयोग्य छ उही फुर्ती छाँट्छ)
औ. जति भाँडो उति चुबुर्को (जति कर्मचारी बढाए पनि काम झन झन बढ्दै जान्छ)

७. टीका

पात्र

आमै	– आमा बूढी
कमानसिंह	– छोरो
सुन्तली	– बुहारी
कालु	– नाति

(टीकाको ठूलो साँझ, आँगनभरि जून टहटह लागिरहेछ । पिँढीमा आमै र सुन्तली खिन्न मुद्रामा छन् । डोरीमा कालु पीङ खेलिरहेछ । खोपामित्र डिबियामा बत्ती बलिरहेछ ।)

आमै – यस्तो त कुनै बर्ख पनि गर्दैनथ्यो । ढीलै आको बेलाँ पनि फूलपातीको साँझसम्म त टुप्लुक्क आइपुग्थ्यो । टीकाको दिन पनि गैसक्यो, रात परिसक्यो, अझै आएन ।

सुन्तली – बरु लाइदिनोस् टीकाको टीको । यत्रो टीकाको दिन के निदार खाली गरौं !

कालु – (पीङमा खूब मच्चिएर) आमै ! हेर्नोस् त, खुट्टाले दलिन छुनै आँट्यो । चचहुई .....चचहुई ।

आमै – हामीले त हेरेकै छौं नि बा, तेरो बाबु तैले पीङ खेल्या हेर्न आएन त ।

कालु – आउँदै होलान् । उकालो चढ्दै होलान् । चचहुई .....चचहुई ।

आमै – तेरो मुखाँ गाईको दुधभात जाओस् ! आओस् यत्रो टीकाको दिन !

सुन्तली – पुकारेको त हामीले पनि त्यसै हो नि । बालकको मुखमा डाँक बसेको हुन्छ भन्छन्, आइहाल्नुहुन्छ कि त ।

आमै – आओस् ! **(लामो सास तानेर)** खै, के आउला, रात चढिसक्यो । उ .....जून छिप्सिसक्यो । मेरो मायाको डोरो के आउला ! **(सम्झेर)** ऊ जन्मेकै बर्ख उसका बाबु पनि चारै दिनको जरोले अपर्झट जानुभो ! कस्ता दुःखले हुर्काको छोरो यो !

सुन्तली – पुर्ने सम्मम भए पनि आउनुहोला । काम गरेको ठाउँमा बिदा मिलेन कि ।

आमै – कस्तो बिदा नपाउनु त – दसैं जस्तो चाडाँ पनि । नोकरी गर्नुपर्ने, अनेक दुक्ख गर्नुपर्ने, घर छोडेर देश पस्नुपर्ने यस्तै चाडाबाडाँ सँगै बसेर मीठो खान, रम्रो लाउन त हो नि । लगन पछिको पोते के काम ?

सुन्तली – अब आजलाई आउनुहुन्न, लाइदिनोस् हामीलाई टीका । तपाईं पनि खानोस्, बूढी मान्छे दिनभर भोकै । बोली नै कमजोर भइसक्यो ।

आमै – तैं पनि भोकै छेस् नि ।

सुन्तली – मेरो त के कुरो भो र– उमरे छ । तीन दिनको भोकलाई पनि खाइदिन सक्छु ।

कालु – चचहुई ..... चचहुई । खुट्टोले दलिन छुनै आँट्यो, हेर्नोस् त आमै ।

सुन्तली – बरु टीका लाऔं । कालुलाई आसीक दिनोस् ।

आमै – खै, ले उ टीकाको चारकुने र जमरा । म तिमी आमा छोरालाई लाइदिन्छु टीको ।

सुन्तली – आइज कालु, आमैसित टीका थाप्र । **(टीकाको चारकुने र जमराको मुठो आमैको अगिल्तिर लगेर राखिदिन्छे र टीका थाप्ने आसनले बस्छे ।)**

आमै - नूनै नहाल्या कस्तो कस्तो खल्लो टीको भयो यो बर्ख ! (सुन्तलीलाई टीका लाइदिन के हात उठाएकी मात्र हुन्छे खेल्दाखेल्दैको पीङ छोडेर कालु चिच्याउँदै बाहिरतिर दगुर्छ ।)

कालु - उ .....बा आए !

आमै - (हातको टीका हातैमा लिएर, खुशी र आश्चर्यले) खै ? खै, कालु ?

सुन्तली - म त भन्दै थिएँ नि । (दुवै जना उठेर हेर्छन् । बायाँ काँधमा टिनको बाकस बोकेको बायाँ हातले कालुलाई ङ्याक्याएको कमानसिंहको प्रवेश ।)

कमानसिंह - आमै, सन्चै छ ?

आमै - सन्चै छ बा, आजसम्म । यस बेलासम्म पनि नआउँदा मेरो त हड्सले नै ठाउँ छोडिसक्या थियो । (सुन्तली भित्रबाट तुरुन्तै राडी ल्याएर गुन्द्रीमाथि ओछ्याइदिन्छे । सबै त्यहीं बस्छन्, ढोगभेट चल्छ । कालु बाबुको अनुहार टुलुटुलु हेरिरहन्छ । सुन्तली फेरि भित्रतिर जान्छे । आमै कमानसिंहलाई टीका लाइदिएर टोपीभरि जमरा घुसारिदिन्छे । ऊ फेरि ढोग्छ ।)

आमै - चिरञ्जीवी भएस् !!
(कमानसिंह बाकस खोलेर एउटा पोको आमैलाई र पींपीं गर्ने बाजा कालुलाई दिन्छ । ऊ बजाउन थाल्छ । यत्तिकैमा अहिलेको. अहिल्यै आँखाभरि कोस झिकेर गाजल लाएकी, फरिया फेरेकी सुन्तली आउँछे ।)

कमानसिंह - घरपछाडि केको खलबल हो ?

आमै - पीङ हाल्या छन् बा, गाउँका ठिटा ठिटीहरूले कति रमाइलो गरिराख्या छन् !

सुन्तली - हामी पनि जाऔंला भरे भरे । आज टीकाको दिन, खेल्नु भन्छन् ।

कमानसिंह - (टीकाको चारकुने तानेर) लौ त ।
(कमानसिंह र आमै सुन्तली र कालुलाई टीका लाइदिन्छन्, फेरि ढोगभेट चल्छ । सुन्तली पनि कालुलाई लाइदिन्छे ।)

आमै - जा बुहारी, अब रोटी पोल्न थाल् । भोकाको होला । (सुन्तली जान्छे ।)

आमै - खसी मार हान्ने कैले, बा ?

कमानसिंह - भोलि एकादशी भइहाल्यो । अब पर्सि ।

कालु - पर्सि मार हान्ने । पर्सि मार हान्ने ! (उफ्रँदै पींपीं बाजा बजाउँदै पीङतिर जान्छ र एक दुई झट्का खेलेर फेरि बाबुकहीं आएर बस्छ ।)

आमै - यो बर्ख किन यस्तो ढीलो ? सधैं त फूलपातीभित्रै आइपुग्थिस् ।

कमानसिंह - मालिकको छोरो सिकिस्त बिरामी भयो । त्यस्तो वेलामा दसै भनेर छोड्न धर्मले पनि दिएन, नूनको ढिकाले पनि दिएन । बल्ल बाँच्छ भन्ने ठहरियो र टीकासम्म त भेटिहालुँला कि भनेर बिदा लिएर धापिएर आएको ।

आमै - भलाई त अहिलेको अहिल्यै बिछट्ट भोक लागेर आयो । झन तँ त त्यत्रो बाटो हिंडेर आको, कस्तो भाको होला ।

कालु - उ ..... चन्द्रमा !

आमै - बाबुसित के कुरो गरूँ जस्तो लाग्या यल्लाई । कहिले के भन्छ, कहिले के भन्छ । यस्तो तामाको मुना जस्तो छोरोलाई छोडेर नजा बाबु देशाँ । आफ्नै नेपालाँ नोकरी खोज् न पाइहालिन्छ नि ! यतिका मान्छे अटाका छन् त, तैं एउटा कसो नअटाउलास् !

कमानसिंह - त्यसो त नेपालमा नोकरी नपाएर देश पसेको होइन म । के भने, यहाँ महिनाको चालीस खाइयो भने चालीस मात्रै हुन्छ, वहाँ चालीस खाइयो भने यहाँको चौसट्ठी हुन्छ ।

आमै - उसो भए बढी रुपैयाँ पाइन्छ भनेर गाको होइन त ?

कमानसिंह - हो त नि ।

(कालु फेरि पीङमै गएर खेल्न थाल्छ ।)

आमै - तैं यो घरको छानु दिनभर छाउँछस्, म एक घान मकै भुटेर दिन्छु, त्यही खाएर सन्तोष हुन्छस् । अरूको मेलाँ काम गऱ्या भए दुई रूपैयाँ पाउँथिस्, किन नगाको त ?

कमानसिंह - ल ..... के कुरा गरेको आमै ? आफ्नो घरको काम त एक डल्लो ढिंडो खाएर पनि गर्नुपर्छ ।

आमै - तब त नि बा, पैसाको निम्ति काम गर्ने होइन । आफ्नो घरको काम एक गाँस मात्तै खाएर पनि गर्नुपर्छ । यो सारा नेपाल आफ्नै घर त हो नि । एक पाइलो हिंडे पनि आफ्नै भूइँमा हिंड्नुपर्छ, एक थोपा पसीना चुहाए पनि आफ्नै माटाका डल्लाँ चुहाउनुपर्छ । आफ्नो घर बने पो आफूलाई सुख हुन्छ ।

कमानसिंह - **(केहि बेर सोचेपछि)** आमै, यही पुरान मलाई पोहोर साल सुनाइदिएको भए म देश जाने नै थिइनँ - यस्तो मैना जस्तो छोरालाई छोडेर । खै, कता गएछ ?

(दायाँ बायाँ हेर्छ)

आमै - उ.....पींगाँ ।

कमानसिंह - बूढी आमा, उमेरदार जहान, बालक छोरोलाई-केही कमाइएला कि भनेर - पैसाकै निम्ति छोडेको न हुँ । मन त कहाँ पो मानेको छ र ! भैगो, आएँ आएँ, अब जान्नँ । दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ? हो चित्त बुझ्यो, आमै । आफ्नै गाउँमा बस्नुपर्छ, आफ्नै घरमा रमाउनुपर्छ, आफ्नै छानु छाउनुपर्छ । जे भए पनि चार पाँच बर्ष बसिहालियो, नूनको सोझो, म आउन नपाउने भएँ भनेर एउटा चिठी पठाइदिन्छु ।

आमै - त्यसै हो, बाबै ।

कालु - चचहुई ..... चचहुई ..... ए बा ! हेर त खुट्टोले दलिन छुनै आँत्यो ।

(सबै उतैतिर हेर्छन् ।)

(भीमनिधि तिवारी)

अभ्यास

अप्ठ्यारा शब्दहरू

[गाउँलेहरूको बोली थुपुक्क टिपेर जस्ताको त्यस्तै राखेकाले यस नाटकमा केही शब्दहरू छोट्ट्याएका छन् । जस्तै, १. **एकोलाई आको-आको** (आएको), **हुर्काको** (हुर्काएको), **गाको** (गएको), **अटाका** (अटाएको) र **नगाको** (नगएको), २. **एको** लाई **या-खेल्या** (खेलेको), **नह्याल्या** (नहालेको), **छोडिसक्या** (छोडिसेकेको), **गरिराख्या** (गरि-राखेको), **लाग्या** (लागेको) र **गर्‍या** (गरेको), ३. **मा** लाई **आँ- बेलाँ** (वेलामा), **मुखाँ** (मुखमा), **चाडाँ** (चाडमा), **चाडबाडाँ** (चाडबाडमा), **देशाँ** (देशमा), **नेपालाँ** (नेपालमा), **मेलाँ** (मेलामा), **डल्लाँ** (डल्लामा) र **पींगाँ** (पींडमा)]

पात्र	– नाटक वा कथामा बयान गरिएको मानिस
आमै	– बूढी आमा, हजुरआमा
पिढी	– घरको बाहिरपट्टि बस्न बनाइएको माटाको फलैचाको जस्तो भाग
खिन्न	– उदासी, दुःखी
मुद्रा	– अनुहार
डिबिया	– घिप्री, टुकी, पानस
बर्ख	– वर्ष, साल
टीको	– टीका
चचहुई	– पीड मच्चाउँदा केटाकेटीले उत्साहसाथ भन्ने शब्द
बा	– बाबा, नानी, सानो बालकलाई सम्बोधन गर्ने शब्द; पिता,बुवा, बाबु
डाँक	– शुभ सङ्केत, राम्रो खबरको लच्छिन
अपर्झट	– अकस्मात्
पूर्ने	– पूर्णिमा
देश पस्नु	– विदेश भासिनु, परदेश जानु
चारकुने	– चारकुना भएको थाल
हड्सले ठाउँ छोड्नु	– होसले छाड्नु, चेतना हराउनु
चिरञ्जीवी	– दीर्घजीवी, लामो समयसम्म बाँच्ने
कोस झिक्नु	– आँखाका कुनामा गाजल तान्नु
फरिया	– सारी
रोटी पोल्नु	– सेलरोटी पकाउनु, घुमाउने रोटी पकाउनु
मार हान्नु	– एकै तालमा छप्काउनु, एकै खेपमा टाउको छिनाल्नु
झट्का	– झड्का, डोरीमा अकस्मात् झड्कार्दा हुने कुरो
नूनको ढिको	– नोकरी गर्नेको स्वामीभक्ति
यल्लाई	– यसलाई
तामाको मुना	– बाँसको कलिलो टुसो

देश – विदेश, परदेश, भारत
ढिंडो – मकै वा अरू अन्नको पीठो पानीमा ओडालेर पकाएको खाने कुरो
मेला – खेतीको काम, मेलापात
एउडा – एउटा

लेखकको चिनारी– भीमनिधि तिवारीको जन्म १९६८ सालमा काठमाडौंमा भएको थियो । उनको मृत्यु पनि काठमाडौंमै २०३० सालमा भयो । अनेकौं राम्रा राम्रा नाटकहरू बाहेक उनले थुप्रै कविताहरू, असङ्ख्य कथाहरू, निकै निबन्धप्रबन्धहरू र एउटा 'इन्साफ' भन्ने उपन्यास पनि लेखेका छन् । भीमनिधि तिवारीको भाषा सजिलो र मीठो हुन्छ । उनी समाजका समस्याहरूलाई सुघार्ने किसिमले लेख्छन् । राष्ट्रप्रेम उनको विशेषता हो ।

एउटै मात्र अङ्क भएको नाटकलाई एकाङ्की भन्ने चलन छ । **टीका** एकाङ्की नाटक हो । यस नाटकमा भीमनिधि तिवारीले हाम्रा जनताको साझा भावनालाई औंधि राम्ररी देखाएका छन् । दशै नेपालीहरूको सबैभन्दा ठूलो चाड हो, राष्ट्रिय चाड हो । यस चाडको मुख्य दिन टीका हो । टीकाका दिन परिवारका सबै सदस्यहरू मूल घरमा भेला हुन्छन् र नातामा ठूला र मान्यजनले आफूभन्दा सानाहरूलाई रातो रङ मिसाएको दहीअक्षताको टीका लगाइदिन्छन् । घटस्थापनाका दिन अर्थात् टीकाको दस दिन अगावै पूजा कोठामा जौ रोपेर उमारेका पहेला जमराहरू पनि तिनले टीकासँगै लगाइदिन्छन् र आशीर्वाद दिन्छन् । जति नै टाढा गएका भए पनि नेपालीहरू टीकाका दिन अवश्य पनि घर फर्कन्छन् । यस सांस्कृतिक प्रथाको राम्रो चित्रण **टीका**मा पाइन्छ ।

यस नाटकमा टीका लगाउन विदेशबाट घर फर्कने कमानसिंह र उसकी आमाको साधारण घटनाको सहायता लिई नाटककार ले नेपालप्रति ठूलो श्रध्दा प्रकट गरेका छन्, पवित्र देशप्रेम देखाएका छन् ।

प्रश्नहरू

(क) दिएका जोडीबाट पाठमा मिल्ने उत्तर छानेर आफ्ना उत्तरहरू पूरा वाक्यमा लेख्नुहोस्–

१. आमै र सुन्तली कस्तो मुद्रामा छन् ?
   अ. खिन्न आ. प्रसन्न
२. आमै र सुन्तली कमानसिंहलाई कति वेला पर्खदै छन् ?
   अ. बिहान आ. साँझमा
३. कालु के गर्दैछ ?
   अ. पीङ खेल्दै छ आ. मीठाई खाँदै छ
४. पहिले पहिले कमानसिंह कुन दिनसम्म घर आइपुग्थ्यो ?
   अ. फूलपातीको दिनसम्म आ. टीकाको दिनसम्म
५. टीकाको दिन के गर्नुपर्छ ?
   अ. भोकै बस्नुपर्छ आ. टीका लगाउनुपर्छ

६. सुन्तलीलाई उसको लोग्ने किन आउन नसकेको जस्तो लाग्छ ?
अ. बिरामी भएर आ. बिदा नमिलेर
७. कमानसिंह कहिले आइपुग्यो ?
अ. टीका लाउनै लाग्दा आ. खान लाग्दा
८. कालु चिच्याउँदै किन बाहिरतिर दुगुऱ्यो ?
अ. पीङ खेल्न आ. बाबुलाई लिन
९. कमानसिंहलाई घर आउन किन ढिला भयो ?
अ. खर्च नपाएकाले आ. मालिकको छोरो बिरामी भएकाले
१०. टीका पछि कमानसिंह के गर्छ ?
अ. फर्कने कुरा गर्छ आ. नफर्कने कुरा गर्छ

(ख) तलका भनाइहरूलाई व्याख्या गरेर बढाउनुहोस्-

१. लगन पछिको पोते के काम ?
२. बालकको मुखमा डाँक बसेको हुन्छ ।
३. तेरो मुखमा गाईको दूधभात जाओस् ।
४. पैसाको निम्ति काम गर्ने होइन ।
५. दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ?

(ग) एक पाइलो हिंडे पनि आफ्नै भूइँमा हिंड्नुपर्छ भनी नाटककार आमैलाई भनाउँछन् । के उसो भए हामीले नेपाल बाहिर खुट्टै नहाल्नु त ? तपाईको के विचार छ ? यस विषयमा आफ्नो गहकिलो तर्क गर्नुहोस् ।

(घ) यस नाटकमा नाटककार तिवारीले देखाउन खोजेका कुराहरू लिएर एउटा विवेचना प्रस्तुत गर्नुहोस् ।

व्याकरण

ह्रस्व र दीर्घका बारेमा नेपाली भाषाको नियम के छ भने इ र उ शब्दका थालनीमा र बीचमा ह्रस्व र पुछारमा दीर्घ हुन्छन् । तर यस सामान्य नियमले मात्र काम चल्दैन, किनभने पुछारमा ह्रस्व हुने र थालनीमा र बीचमा दीर्घ हुने धेरै शब्दहरू पनि भाषामा पाइन्छन् । त्यसै हुनाले तल लेखिएका केही उदाहरण अत्यन्त महत्त्वपूर्ण छन् ।

पुछारमा ह्रस्व हुने - शब्दको पुछारमा ह्रस्व हुनेमा केही अव्ययहरू (पहिलो पाठमा उल्लेख गरिएका **यति, उति, पनि, माथि, मुनि, पछि, अघि, भोलि, राति, भरि, अनि, औंधि,** बरु जस्ता शब्दहरू) र त्यस्ता भाले नाउँ छन् जसले पेशा, थर र जात बुझाउँदैनन् तर नाता बुझाउँछन् (जस्तै - **भाइ, दाइ, दाजु, नाति, पनाति, पति, बाबु, ज्वाईं, भिनाजु, फुपाजु, जेठाजु,** आदि) ।

थालनीमा ई दीर्घ हुने केही शब्द - चीन, दीन, हीन, लीन, बीच, नीच, पीच, बीज, चीज, जीव, शीत, प्रीत, रीत, गीत, जीत, श्री, यी ती, जी, पीठ, पीप, सीप, शील, मीत, पीर,

वीर, भीड, बीउ, धीर, शीत, तीज, तीर, कीट, खीर, चील, चीर, जीउ, झीर, टीठ, ठीक, धीत, नीर, नील, दीप, तीव्र, तीक्ष्ण, तीर्थ, दीर्घ, शीघ्र, जीर्ण, वीर्य, ग्रीष्म, पीडा, क्रीडा, ग्रीवा, वीणा, सीता, मीना, प्रीति, गीति, ईश, नीति, मीति, भीति, रीति, गीता, दीक्षा, ईर्ष्या, तीतो, मीठो, टीका, हीरा, कीर्ति, पीरो, दीप्ति, नीलो, तीखो, धीमा, सीमा, ईमान, शीर्षक, जीवन, जीविका, ईश्वर, स्वीकार, स्वीकृति, बीभत्स, चीत्कार, जीवाणु, दीक्षित, नीरव, नीरस, नीराजन, नीरोग, पीठो, पीपल, पीयूष, लीला, मीमांसा, शीतल, (अंकहरू) - तीन, बीस, तीस

बीचमा ई दीर्घ हुने केही शब्द - समीप, नवीन, प्रवीण, ग्रामीण, प्राचीन, अर्वाचीन, काश्मीर, सुनीता, रवीन्द्र, न्यायाधीश, मठाधीश, अंचलाधीश, कुलीन, विलीन, विहीन, सुशील, उत्पीडन, अतीत, उत्तीर्ण, व्यतीत, तल्लीन, आशीर्वाद, गम्भीर, गरीब, अभिनीत, मनोनीत, परीक्षा, परीक्षण, निर्जीव, सजीव, परजीवी, चिरञ्जीवी, प्रतीक्षा, समीक्षा, प्रतीक, विपरीत, शरीर, शारीरिक, अधीन, वकील

राष्ट्रिय बाहेक इय फुँदो लाग्ने जम्मै - केन्द्रीय, क्षेत्रीय, दलीय, आदरणीय, माननीय, आत्मीय, विचारणीय, शोभनीय, शोचनीय, तुलनीय, राजकीय, (अंकहरू) - एक्काईस, बाईस, तेईस, चौबीस, पच्चीस, छब्बीस, सत्ताईस, अट्ठाईस, उनन्तीस, एकतीस, बत्तीस, तेत्तीस, चौंतीस, पैतीस, छत्तीस, सैंतीस, अठतीस, उनन्चालीस, चालीस, एकचालीस, बयालीस, त्रिचालीस, चवालीस, पैंतालीस, छयालीस, सतचालीस, अठचालीस

थालनीमा ऊ दीर्घ हुने केही शब्दहरू - पूँजी, मूर्ख, मूर्ति, भूमि, शूर, पूर्ण, पूरा, सूर्य, भूत, पूर्व, दूबो, दूर, खून, खूब , सूचना, सूची, नून, चूर्ण, थूक, भूगोल, पूजा, फूल, मूल, रूप, चूप, धूप, कूप, ऊष्ण, ऊर्ध्व, ऊन, दूषण, दूषित, भूइँ, ठूलो, बूढो, सूँढ, ऊँट, दूध, रूख, पूर्ति, मूर्च्छा, शून्य, दूत, मूक, भूमिका, भूल, चूक, मूढ, कूची, कूट, चून, ऊर्जा, गूढ, घूस, जून, झूटो, झूल, चूडा, धूत, जूठो, जूवा

बीचमा ऊ दीर्घ हुने केही शब्दहरू - सम्पूर्ण, अंगूर, कुतूहल, अनुभूति, सहानुभूति, अनुकूल, कस्तूरी, समूह, विमूढ, स्वरूप, कुरूप, अपूर्व, अपूर्ण, कानून, प्रसूति, मयूर, (इच्छा प्रकट गर्ने क्रिया) - गरून, खाऊन, सकून, जानून, बढून, पढून

पुछारमा इ ह्रस्व हुने केही चल्तीका शब्द - प्रीति, मिति, नीति, रीति, गीति, इति, मति, पूर्ति, मूर्ति, त्रुटि, गति, उन्नति, अवनति, रति, स्थिति, शान्ति, क्रान्ति, भ्रान्ति, शक्ति, सम्पत्ति, भक्ति, मुक्ति, शनि, रवि, दृष्टि, व्यक्ति, युक्ति, पुनरुक्ति, उक्ति, वृद्धि, बुद्धि, शुद्धि, स्वीकृति, अशुद्धि, प्रसिद्धि, भूमि, हरि, ग्लानि, मुनि, कवि, छवि, क्षति, नियुक्ति, राष्ट्रपति, कुलपति, सभापति, अधिपति, विधि, विस्तृति, सृष्टि, वृष्टि, कृति, वृत्ति, ऋषि, रुचि, लिपि, सन्धि, समाधि, प्रतिनिधि, अवधि

(ङ) तलका शब्दहरूको हिज्जे मिलाई आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस्-

मुर्खता, मरुन्, भुमीहिन कीसान, राष्ट्रिय सम्पत्ती, जतासूकै, जाउन्, नुन्कोसोझो, सान्तीकि दीदी, बिणाको भाई, गीतीको ईतीहास्

(च) तलका वाक्यहरूलाई शुद्ध पारेर सार्नुहोस्-

प्राचिनकालमा नेपाल् एकटा बीसाल्पर्वत थीयो । यहाँ पनी समूह छेवैमा हुनाले औधी डर्लाग्दो थीयो । आपना सम्पुर्ण भाईबहीनिहरूलाइ लीएर एकटा राक्षसएस्ठाऊँ मा बसेको थीयो । इस्वर्ले यो देखि अब भएन भने बीचार्ले एकमुहुकि हीर्काएर भएजती चुच्चे पहाडहरूलाइ भत्काई दिएछन् र अहिलेको नेपाल् जन्मेछ । उन्ले निती र धर्मको स्थीति चलाइ सृष्टि रचेछन् ।

८. कर्तव्य

लगालग नौ दिन ज्वरो आएर मुखिया गंगाधरले संसार छोडे । उनी एउटा महान् पुरुष थिए । आफ्नू विपुल सम्पत्तिलाई उनी सधैं "जनताको थाती" भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा संचालक मात्र सम्झन्थे । गरीवहरूको चूल्होमा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिंदो अन्न-पैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको बिहा बर्तुन, क्रिया-श्राद्ध, दशैं-तिहार अड्केन । गाउँका दीन-हीन गरीबहरू बेरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका झुपडीमा पुग्थे । गाउँका गरीबहरूलाई 'मुखिया बाको जीउ छड्न्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो । उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नू चाडबाड, काज-कल्याण अपूर्ण सम्झन्थे । कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे । उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन ।

गाउँका तालुकदार भए पनि उनी 'मुखियाबा'का नाउँले प्रसिद्ध थिए । उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटीहरू 'मुखियाबा, मुखियाबा' भन्ने कोहोलो हाल्दै आउँथे र कोही औंला, कोही लबेदाको फेर, कोही उनको लट्ठी समाउँथे । केटा-केटीहरूले त्यसो गर्दा बूढा मुसुमुसु हाँसेर कसैको गाला थप्थपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे । यस प्रकारले गाउँका युवा-वृद्धा, बाल-वनिता सबैका निमित्त उनी अपार प्रिय थिए । उनलाई ग्रामपिता भन्नु कत्ति अत्युक्ति थिएन ।

उनको देहावसानले गर्दा वरिपरि दस गाउँको अपार क्षति भो । भोका-नाँगा, दुःखी-दरिद्रीका बाबु मरे । बूढा-बूढी, लुला-लङ्गडा, काना-खोरड्काको टेके लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो । अनाथ-अशक्तहरूको आशास्तम्भ ढल्यो । गाउँका "धन्वन्तरी" अस्ताए ।

बेरामी कुर्न बसेका दस गाउँका दुनियाँ डाँको छोडेर रुन लागे । एउटा ठूलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो । केही बेरपछि शव उठाएर खोलातिर लगे । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । मानिसहरूले भने- "कसैको मरण होस् त यस प्रकारको होस् !"

गंगाधरका दुई छोरा थिए- जेठा मुरलीधर र कान्छा श्रीधर । मुरलीधर पण्डित थिए । सबैरे न्याउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नू धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे । आफ्ना पिताका झैं उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिसहरू उनलाई जिल्लाका टाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामू लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैं यही परिधानमा हिंड्थे । जिल्लामा 'मुरली पण्डित'का नामले विख्यात थिए । आइमाईहरूको गृहकलहले गर्दा उनी बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए । उनका दुई जना छोरी मात्र थिए; छोरा थिएनन् ।

यता भाइ श्रीधर चाहिं राजनैतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए । दसौं श्रेणीसम्म अंग्रेजी पढेका थिए । धोक्रे सुरुवाल र कुर्ता लाउँथे । जुँगा, दारी खौंर लामू बुलबुल पालेका थिए । कहिलेकाहीं बुलबुलको अग्रभाग निधारतिर झर्‍यो भने टाउको झड्कारेर पछाडितिर

सार्थे । आधा अंग्रेजी, चौथाई सस्कृत, चौथाई नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाई मात्र बुझ्दथे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । बीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा "केलनर"को होटलभित्र पसेर केके-केके खाए भनी उनका साथीहरू भन्थे । उनी आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे । हातमा चन्दा बूक लिएर चन्दा माग्दै हिंड्थे । त्रासले भनूँकि आशले भनूँ जिल्लाका साना-ठूला सबै मानिसहरूमा उनको निकै धाक थियो । जिल्ला गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने र साहू वितावालहरूको लरलहना, झारा-खेताला हड्पने काममा विशेष सहायता पाउँथे । जिल्लामा उनी "शर्माजी" का नाउँले प्रख्यात थिए ।

छोराहरू भित्र हुँदा "पिपले" भन्ने सयमुरी खेत बूढाले आफनो जिउनी राखेका थिए । 'पुरानू पानी लाग्ने, खोला-पैहाको डर नभएको, माना-मुरी फल्ने, डोल परेको साहै असल खेत थियो ।

क्रिया सिध्दिएका केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बीच विवाद उठ्यो । बाबुसँग बसेकाले ऐन सवाललेे एकलौटी हुने भन्ने श्रीधरको र मर्ने बेलामा "मेरा दुवै छोरा बराबर हुन्, आधा-आधा बाँडिर खानू" भनी बाले भनेर जानु भएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो ।

पैंतालीस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए । जुन आँगनमा दर्स गाउँका दुनियाँको होची-अर्घेली, न्याय-अन्यायको निरोपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिसहरू भेला भए । मानिसहरूको दुई मत भो । उमेर पुगेका बूढा-पाकाले मुरलीधरको पक्ष लिए श्रीधरका प्रभावमा परेका नयाँ ठिटाहरूले चाहिं श्रीधरको । सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा-आधा खानू" भनेर गएपछि त्यस महा आत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बूढा-पाकाले गरे, आधा-आधा खानू भन्ने लिखित पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्; ऐनकानूनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बूढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीं जम्मा भएका थिए । परस्पर ठूलो विवाद भो । हुल्लडबाज नयाँ ठिटाहरूका अगाडि बूढा-पाकाहरूको केही जोर चलेन । आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जित भो । भेला भएका ठिटाहरू बूढा-पाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए । बूढा-पाकाहरू पनि लाखापाखा लागे ।

ग्रामसभा विसर्जित भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए । धूमधामसँग मुद्दा चल्यो, गाउँका बूढा-पाका, तरुण-तन्नेरी साराले बकपत्र गर्नुपऱ्यो । साक्षी बक्दा पनि गाउँ दुई भागमा विभक्त भो । "मर्ने बेलामा दुवै छोराले आधा-आधा बाँडिर खानू भनी बूढाले भनेको हामीले प्रत्यक्ष देखे-सुनेका हौं" भनी बूढा-पाकाले बकपत्र गरे, ठिटाहरूले चाहिं 'होइन' भने । होइन भन्नेकै सङ्ख्या बर्ता भो ।

जनशान्तिदेखि यता श्रीधरले अङ्गुलानामा पनि आफनू रोब-रवाफ प्रशस्त जमाइराखेका थिए । भनेजस्तो भएन भने बजारमा ढ्वाङ्ग फुकेर पर्चा बाँड्दै हिंड्थे । त्यसो हुनाले अदालतका डिट्ठा-विचारीहरू श्रीधरसँग अलि झस्कन्थे । उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितमूलाई

भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ । हरेक विवादमा ऐन-कानूनकै आधार लिइन्छ । कानून श्रीधरका पक्षमा थियो । अन्त्यमा डिट्ठा-विचारीले कानूनको आज्ञा पालन गरे । जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो ।

यता केही महिनादेखि श्रीधर बेरामी छन् । उनलाई तपनी ज्वरो आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन् । बेथा आहार-विहारको दोषबाट भएको भन्थे । शरीर सुकेर हाड-छाला मात्र बाँकी थियो ।

यस्तै वेलामा कुटुम्बले छोरा शशिधरलाई छोरी दिन आए । कुटुम्ब धनी-मानी थिए । जिल्लामा उनको ठूलो ख्याति थियो । मधेशतिर तीन-चार मौजा जिमिदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटी छोरीमात्र हुन् भन्ने सुनिन्थ्यो । शशिधर भरखर पन्ध्र वर्षमात्र लागेको थियो, आदर्श विद्यालयको दसौं कक्षामा पढ्थ्यो । ठिटो राम्रो र बहुतै मेधावी थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । तर एउटी छोरीमात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिंदा उनी बडो असमञ्जसमा परे । उता आइमाईहरूले पनि बिहा गर्नैपर्छ भनेर कर कर गर्न थाले । उनले आइमाईको हठलाई नाईंनास्ति गर्न सकेनन् । काम्कुरो छिनियो । खूब मन फुकाएर बिहाका माल सर्जाम तयार गर्न थाले ।

वैशाखको महिना थियो । मुरलीधर न्वाएर पूजा-कोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर ज्यालबाट हेर्न लागे । आँगनमा चौका-चँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजा-पताकाले सिंगारिराखेको, निम्तामा आएका नसनाताहरू रम्राराम्रा लुगा लाएर बाहिर-भित्र गरिरहेका, अरू इष्ट-मित्रहरूचाहिं दलान, फलैंचा, बैठकमा डम्मा-डम्मी भएर बसेका, मण्डपमा यज्ञ-सामग्रीहरू फिंजिराखेका, पुरोहित वेदी अगाडि बसेर यज्ञ-विधि गर्न लागेका; बडो अपूर्व शोभा देखिन्थ्यो । एक छिनपछि सकी-नसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्गको कर्म गर्न लागे ।

तर घर-गृहस्थीको यति ठूलो चाड-उत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यू-भाउज्यूलाई श्रीधरले बोलाएनन् । अरूलाई नभए पनि दाज्यूका दुई जना छोरीलाई त अवश्य डाकुपर्थ्यो । तिनीहरूलाई पनि डाकेनन् ।

मुरलीधरको मन एक तमासको भो । घोरिएर आकाशपट्टि हेर्न लागे । अतीतका अनेक स्मृतिहरू उनका सामुने साकार भएर आए । एकपटक स्वर्गीय पिताको तेजस्वी अनुहारको पनि सम्झना भो । केही बेरपछि बर्र आँसु झारेर आफ्नु नित्य कर्म गर्न थाले ।

अपराह्नतिर दुलाहा अन्माउन थाले । मुरलीधर आफ्नु पूजा-कोठाको ज्यालमा उभिएर हेरिरहेका थिए । एक छिनपछि बाजाबालाहरू मङ्गलधून बजाउँदै अघि-अघि हिंडे । त्यसपछि दुलाहाको ताम्दान चल्यो । शशिधर बिहाका राम्रा-राम्रा पोशाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलापी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेंलो ठम्रो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्वजस्तो देखिन्थ्यो । शशिधरलाई दुलाहाका रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो; मनमनमा भने- "कुलको जेठो सन्तान, मेरो पिण्ड-पानीको दाता !"

मुरलीधरले सबै बरियातीलाई एक-एक गरेर हेरे । बूढो-पाका एउटा थिएन; सबै अल्लारे ठिटा मात्रै । सबैका हात-हातमा चुरोट थियो; बेफुक्रसँग धुवाँ उडाइरहेका थिए । श्रीधरचाहिं फलैंचामा ओछ्यान लाएर पल्टिरहेका थिए ।

मुरलीधरले मनमनमा भने- "खोलामा बाकसे कत्रो नाउँ छ । आज पनि घर-घरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता धनियाँ कुटुम्बका दैलामा बरियात जानुछ । यी टिटाहरू चुरोट फुक्न र पाइनपुच्छरको ठट्टापाठ गफचुट्नाहेक अर्थोक जान्दैनन् । बाबुचाहिं ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ र इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने- "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगा-सुगा लाएर हिंड्न तम्तयार भएको देखेर कमलाले भनिन्- "यस्तो टट्यानपुर घाममा कता हिंड्न लाग्नुभाको, नि ?"

"जन्त ।"

"जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् !"

"ठीक भन्यौ ! कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ; मानिस चाहिं ज्ञानवान् हुनाले बखत-मौका विचार गरेर आफैं पनि जानुपर्छ ।"

"अँ, नबोलाइकन पनि जानुपर्छ ! दाज्यूलाई बाबुले मर्ने वेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असतीको ....."

"खाऊन्, आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जीउँदैमा खाए । त्यसको पाप धर्म ठनैलाई छ ।"

"भो, म त मारे पनि जान दिन्नँ । उनलाई दाज्यू भाउज्यू नचाहिए पछि हामीले मात्रै किन अँगालो हाल्दै हिंड्ने ?"

"त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला ! यहाँ बाबु-बाजेको मान-मर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा धनियाँ कुटुम्बका आँगनमा बरियात लैजानु छ । बाबुचाहिं फलैंचामा ओछ्यान लाएर लडिरहेछ । जन्तीमा बूढो-पाको एउटा छैन । खालि ओठ निचोर्दा दूध झर्ने अल्लारे ठिटा मात्र छन् । घर-गृहस्थीको यति ठूलो काममा घरको एक भाई पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? तिमी अर्काका घरबाट आएकी छोरी हौ कमला ! कुलको मान-मर्यादा भनेको कत्रो कुरो हो त्यो तिमीलाई थाहा छैन । जन्ती बेंसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ ।"

कमलाले झकैंदै बाकसबाट दोसल्ला झिकेर दिइन् । दोसल्ला काँधमा हालेर लट्ठी टेक्दै मुरलीधर जन्त हिंडे । उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओहालो लागेको देखेर गाउँका मानिसहरू अचम्म मानेर मुख-मुखमा हेर्न लागे ।

बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछि-पछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैंचामा बसे । मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् ।

वरणी सिद्धिएको केही बेरपछि यज्ञ- मण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञ-सामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहा-दुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्केर छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशिधर अलि पर सर्‍यो । शशिधरले लाज मानेको देखेर मुरलीधर फलैंचामा मुसुमुसु हास्न लागे ।

दुलाहा-दुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउति हेरेर भने "खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभए हुन्थ्यो ।"

दुलहीका पिताले बोलाएको सुनेर फलैंचाबाट मुरलीधरले भने- "ज्यू, म यहीं छु, आउन लागें ।"

मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसहरूले ढोगिदिए । जेठाबाबुलाई अचानक आफूनेर उभिएको देखेर शशिधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई "नानी चिरञ्जीवी भए !" भनेर आशिष् दिए र उसको पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने ।

बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर वरियातमा आएका ठिटाहरू परस्पर कानेखुसी गर्न लागे ।

मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे । श्रीधर र मुरलीधरले जीउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बूढा-पाकाहरूले भने- "त्यस्ता महापुरुषका सन्तानहरू आफ्नु कर्तव्य किन छोड्दथे । तब पो मानिसहरू कुल-घरान भन्दछन् ।"

विवाह-विधि आरम्भ भो । पुरोहितले ऋचा-मन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशिधरचाहिं जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखत-बखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाह-विधि समाप्त भो ।

भोलिपल्ट दिउँसो दुलही अन्माइदिए । मुरलीधरले निहुरेर बुहारीको मुख हेरे, बुहारी महालक्ष्मीजस्ती रहिछन् । छोरा-बुहारीको रूप देखेर मुरलीधर गदगद भए । अनि दुलही-दुलाहाको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के ।

साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो । बरियात दोबाटोनेर पुगेपछि 'लौ, घर लगेर भित्र्याऊ' भनेर मुरलीधर आफना घरतिर गए ।

दुलही भित्र्याएपछि दाज्यू बिहेमा गएको, सबै कार्य-विधिहरू आफ्नू कुल-परम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे, दाज्यूलाई खान-पिन त राम्री गरायौ के ?"

"आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभयो ।"

बिहे सिद्धिएको एक महिनापछिको कुरो हो । एकदिन बिहान मुरलीधर आफ्नू नित्यकर्म सिध्याएर फलैंचामा बसेर भागवत हेर्न लागेका थिए, त्यस्तैमा शशिधरले बिस्तार-बिस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो- "ठूलबा जिउनीकोः पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभाको ।"

शशिधरको कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्दै भने- "जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा ?"

शशिधर केही उत्तर नदिएर छिट्छिटो आफ्नो घरतिर गयो । कमला चाहिं दैलाको आडमा उभिएर बाबु-छोराको कुरा सुनिरहेकी थिइन् ।

शशिधरले खेत कमाउने कुरो सुनाएर गएको चौध-पन्ध्र दिनपछि एक दिन मुरलीधर फलैंचामा बसेर नस सुँघ्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए । त्यस्तैमा श्रीधरकी सानी

छोरी रमाले आएर रुन्चे मुख लाएर भनी- "ठूलबा ! बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभाको ।"

छोरीको कुरो सुन्ने बित्तिकै पढाउन छोडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए । श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् । दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु पारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चार वर्षपछिको यो दुई दाज्यू-भाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो ।

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने- "दाज्यू ! अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाचुँलाजस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालख छोरा-छोरीको शरण लिइदिनुहोला !"

भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एक छिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अंग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने- "बिसेक हुन्छ बा ! हरेस नखाऊ । बाले आफ्नू जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुनेछैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नु भएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।"

यति भनेर भाइका पथ-परेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नू घरतिर गए ।

× × ×

यो घटना भएको छ-सात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिंडे भन्ने सुनियो ।

(गुरुप्रसाद मैनाली)

अभ्यास

अघ्रबारा शब्दहरू

ज्वरो – जरो, ज्वर, जम्मै जीउ तातेर दुख्ने रोग
विपुल – धेरै, प्रचुर, प्रशस्त
थाती – धितो, जमानत, नासो
भाका – म्याद, वाचा, बोलकबोलको समय
बिहाबर्तुन – बिहाबर्तमन, विवाहव्रतबन्ध, बिहेसिहे
फिराद – नालिस, अदालतमा न्याय माग्न गरिएको प्रार्थना
तालुकदार – गाउँको मुखिया, जिम्मावाल, मालपोत असुल गर्ने व्यक्ति
लबेदा – दौरा, मथलपोस
बालवनिता – केटाकेटी र आइमाई, आइमाई-केटाकेटी
ग्रामपिता – गाउँभरिले मानेको बूढो, गाउँको बूढो नेता
देहावसान – देहको अवसान, शरीरको अन्त, देहान्त, मृत्यु
क्षति – नाश, खती, घाटा, नोक्सानी
आशास्तम्भ – आशाको खाँबो, आशा दिने आधार
धन्वन्तरी – दैवताहरूका वैद्य, आयुर्वेदका चिकित्सक
आर्तनाद – करुण क्रन्दन, पीडाले कराएको आवाज
दिग्दिगन्त – चारैतिर, चारै दिशा, जताततै
शव – मुर्दा, मृत शरीर, लाश
लर्को – लाम्रो ताँती, लाम, लस्कर
ललाट – मस्तक, निधार, पुर्पुरो, माथ
गृहकलह – घरझगडा, परिवारभित्रको झगडा
बुलबुल – अधिल्तिर लामा रौं राखेर कपाल पाल्ने ढाँचा
प्रमुख – मुख्य, प्रधान, प्रथम
प्रगतिवादी – प्रगति चाहने, उन्नति भनेपछि हुरुक्क हुने
त्रास – डर, भय, अत्यास
धाक – आडम्बर, फुर्ई, फुटानी
अर्थोक – 'अरू थोक' को छोटकरी, अरू कुरा
अधियाँ – जग्गा कमाउनेले आधी बाली तिर्ने चलन, बटैया
लरलहना – लगानी, लेनदेन, कुटुम्बको सम्बन्ध
जिउनी – बाबुआमाले छोराछोरीलाई अंश दिएपछि आपना लागि राखेको सम्पत्ति
डोल – दुई डाँडाका बीचको खेतीयोग्य होचो सोतो जमीन
निरोपण – निरुपण, विवेक पुऱ्याएर गरिने निर्णय वा निर्क्योल
लिखत – लेखिएको कागत, लेखेको कुरो, लेखिएको प्रमाण

बकपत्र – साक्षीको बयान लेखिएको कागत
साक्षी बकु – अदालतमा गएर आफूले देखे अनुसार भन्दिनु
बर्ता – बढ्ता, धेर
रोबरबाफ – धाक र ढाँचाकाँचा, धक्कु, तडकभडक
बकितम् – बकेको वा बोलेको कुरो, बोलेरै छिनिने कारोबार
लिखितम् – लिखित, लेखोट, लेखेर गरिने कारोबार
तपनी ज्वरो – मन्द जरो, हलुका तवरको आइरहने जरो
बेथा – व्यथा, जरो आदि शरीरमा हुने रोग
आहार-विहार – खानपान, पथपरहेज, रहनसहन
कुटुम्ब – बन्धुवर्ग, नातागोता, दाजुभाइ र छोराछोरी तर्फका सन्तान, विवाह सम्बन्धबाट भएका आफन्तहरू

ख्याति – प्रसिद्धि, राम्रो नाम
मौजा – गाउँ, गाउँका जग्गाजमीन
जिमीदारी – जिम्मवालको खान्गी, पद वा मौजा, भूमिपतिको पद
मेधावी – बुद्धि भएको, प्रतिभावान्
नसनाताहरू – नाताकुटुम्बहरू, जन्म वा विवाहबाट गाँसिएकाहरू
वेदी – धार्मिक कार्यका लागि अग्लो वा सम्म पारिएको स्थल, धार्मिक मंच
सहोदर – सावखै, एउटै आमाबाट जन्मेको
अतीत – बितेको समय, गुज्रेको काल, भूत
तेजस्वी – तेज भएको, उज्ज्वल, प्रतापी, चमकदार, बलवान्
अपरान्ह – अपरान्ह, दिनको तेस्रो प्रहर, मध्याह्नपछिको समय
ताम्दान – तामदान, ठलिन्काठ, मानिसले मानिस बोक्ने साधन
बरियाती – जन्त, बरियाँती
खोलाभा – ल्यस खोलाका दुवैतिर पर्ने पहाडका क्षेत्रहरूमा
टप्यानपुर – टन्टलापुर, चर्को (घाम), प्रचण्ड (घाम)
जन्त – विवाहमा बेउली लिन जाने वा लिएर आउने यात्रा
ज्ञानवान् – ज्ञानी, ज्ञान भएको, जान्नेबुझ्ने
वरणी – विवाहमा जन्ती आइपुगेपछि बेउलीका बाबुले बेउलालाई पूजा गर्ने विधि
रेखी हाल्नु – धार्मिक शुभकार्यमा पीठो वा अबीरले देवता वा पूजाका पात्र राख्ने स्थलका निम्ति रेखाचित्र बनाउनु

सम्धी – छोरा वा छोरीको ससुरो
नस सुँघ्नु – नाकमित्र हाल्ने सुर्तीको धूलो नाकले तान्नु
व्यथाले च्याप्नु – रोगले साह्रो पार्नु, रोगले सिकिस्त तुल्याउनु
पुनर्मिलन – एकपल्ट बिछोड भइसकेकाहरूको फेरि भेट
बिसेक – सन्चो, रोग मत्थर भएको स्थिति, रोगबाट अलिकति मुक्ति

अनिष्ट – अहितकर, खराब, अमङ्गल, दुर्भाग्य, अशुभ
देशतिर – भारततिर, परदेशतिर
पथपरेज – खानपान, पथपरहेज, आहारविहार

लेखकको चिनारी – काभ्रेपलान्चोक जिल्लाको कानपुर भन्ने गाउँमा १९५७ सालमा जन्मी काठमाडौंमा २०२८ सालमा देहान्त हुने सुप्रसिद्ध लेखक गुरुप्रसाद मैनालीका कथाहरू १९९२ सालदेखि १९९५ सालभित्र 'शारदा' भन्ने पत्रिकामा छापिएका थिए । उनका एघार कथाहरूको संग्रह भने 'नासो' शीर्षकमा २०२० सालमा छापियो ।

नेपाली गाउँले जीवनलाई औधि राम्री चित्रण गर्ने मैनालीका कथाहरूमध्ये 'नासो', 'कर्तव्य', 'छिमेकी', 'पराल्को आगो', 'विदा' र 'शहीद' जनप्रिय छन् ।

उनका कथामा नेपाली गाउँका सोझासाझा जनताको औधि चित्तबुझ्दो चित्र खिचिएको हुन्छ । उखान टुक्राहरूले भरिएको उनको भाषा रसिलो, मीठो र सजिलो हुन्छ । उनका कथाका पात्र जीउँदाजाग्दा हुन्छन् । यस कथामा दाजुभाइको मित्री प्रेम मनोवैज्ञानिक रूपले देखाइएको छ ।

प्रश्नहरू

(क) तलका हरेक प्रश्नको उत्तर एक एक वाक्य लेखेर दिनुहोस्:

१. कसैले रिन तिर्ने भाका सोध्यो भने गंगाधर कस्तो जवाफ दिन्थे ?
२. वरिपरि दस गाउँका दुनियाँ अन्याय पर्दा कहाँ फिराद गर्न पुग्थे ?
३. गंगाधरका कति छोराछोरी थिए ?
४. मुरली पण्डित को थिए ?
५. शर्माजी भनेका को हुन् ?
६. कसले कसका नाउँमा कहिले नालिस दिए ?
७. मुरलीधरले कमलासित किन दोसल्ला मागे ?
८. जिउनीको पिपले खेत कसले खायो ?
९. रमा कसकी छोरी थिई ?
१०. मुरलीधरले कसलाई 'बिसेक हुन्छ, हरेस नखाऊ' भनेर ढाडस दिए ?

(ख) मुरलीधर र श्रीधरको झगडा के कारणले भएको हो ? यसमा तपाईं कसको अर्घेलो देख्नु हुन्छ ? तपाईं त्यस गाउँमा ती दुईको झगडा हुँदा भएको भए कसको पक्ष लिनुहुन्थ्यो ? आफ्ना दह्रा तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ग) यस कथामा कथाकार मैनालीले देखाउन खोजेको मुख्य कुरो के हो ? विवेचनात्मक रूपले लेखेर देखाउनुहोस् ।

(घ) तलका भनाइलाई सप्रसङ्ग व्याख्या गर्नुहोस्:

अ. भोका-नाङ्गा, दुःखी-दरिद्रीका बाबु मरे । बूढा-बूढी, लुला-लँगडा, काना-खोरन्डाको टेक्रे लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो ।

आ. मानिसहरूले भने – 'कसैको मरण होस् त यस प्रकारले होस् !'

इ. कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ; मानिस चाहिं ज्ञानवान् हुनाले बखत-मौका विचार गरेर आफैं पनि जानुपर्छ ।

(ङ) मानिलिनुहोस् तपाई अचेल आवासीय विद्यालयमा बसेर पढ्दै हुनुहुन्छ । दशैंको विदामा घर जाँदा तपाईले छिमेकका दुई दाजुभाइहरू भर्खरै देहान्त भएकी तिनीहरूकी हजुरआमाको जिउनीका विषयमा तँतैं र मम गर्दै बाझेको भेट्नुभयो । 'कर्तव्य' का अल्लारे टिठाहरूले झैं तपाईको छिमेकका अरूहरूले पनि आगामा घिउ हालेर ती दुई दाजुभाइलाई झगडा गर्न, कुटाकुट गर्न र अदालतमा गएर मुद्दा हाल्न उक्साइरहेको तपाईले देख्नुभयो । तर 'कर्तव्य' पढेपछि यसरी सहोदर दाजुभाइ बाझेको वा शत्रु भएको तपाईलाई पटकै मन पर्दैन । आफ्ना दह्रा तर्क प्रस्तुत गर्दै ती दाजुभाइलाई झगडाबाट छुट्याउने मात्र होइन तिनमा गाढा स्नेह फेरि पनि गाँस्न तपाई सफल हुनुभयो । यो औधि राम्रो काम हो । तपाई जस्ता निस्वार्थ विद्यार्थीको कर्तव्य पनि यही नै हो । अब यस सारा घटनालाई कथा बनाई आफ्नै भाषामा आफ्नै किसिमले लेख्नुहोस् ।

(च) 'कर्तव्य' शीर्षक कथामा श्रीधरको छोरो शशिधर भर्खर पन्ध्र लागेको र दशौं कक्षामा पढ्दै गरेको नवयुवक हुँदाहुँदै पनि बिहेका लागि बाध्य भएको छ । यो एक प्रकारले बाल विवाह हो । यो कथा लेखेताक यस्तो चलन व्यापक भए पनि अचेल उपयुक्त मानिँदैन । बालविवाहबाट हुने हानिका बारेमा एउटा राम्रो प्रबन्ध लेखेर आफ्ना शिक्षकलाई देखाउनुहोस् ।

व्याकरण

व र ब – नेपाली भाषामा निकै शब्दहरूमा **व** लेखेर **व** कै उच्चारण गरिन्छ । जस्तै,

(१) छेउ बुझाउने शब्दहरू– वर, वारि, वरि, वरिपरि

(२) टाढा बुझाउने शब्द– वहाँ

(३) हिन्दीका सापटी शब्द– वारिस, वकील, वकालत, वाला, वाल, वास्ता

(४) **उवा** मा टुङ्गिने शब्द– टहलुवा, घिचुवा, खन्चुवा, मिचुवा, रसुवा, लुकुवा, बुकुवा, मनुवा, पुवा, भुवा, कुवा, हलुवा, तलुवा, बुवा, खुवा, जुवा, रुवा, हरुवा, बिरुवा, छेरुवा, कुरुवा, सुरुवा, थुनुवा, भतुवा, चितुवा, सुतुवा

(५) अनुकरणात्मक शब्द– वाल्ल, वाक्क, प्वाक्क, ट्वाक्क, च्वाक्क, ट्वाल्ल, ह्वाल्ल, प्वात्त, पवात्त, च्वात्त, स्वात्त, म्वाम्म, क्वाम्म, क्वाप्लाक्क, इवाम्म, स्वाम्म, र्वाम्म, ध्वाँ, क्वाँक्वाँ, स्वाँस्वाँ, पवाँप्वाँ, च्वाँ, क्वार्र, ट्वार्र

(६) अरू केही शब्द– प्वाल, हावा, धूवाँ, चेवा, धेवा, मेवा, पेवा, फेवा, सवारी, नेवार, ज्वाईं, घ्वाईं

यी शब्दहरू मध्ये प्रारम्भका **व** लाई **उ** वा **ओ** लेखे पनि हुन्छ । जस्तै,

वर	– ओर
वरि	– ओरि
वकील	– ओकील/उकील
वहाँ	– उहाँ

उवा लाई ऊआ लेखे पनि हुन्छ । जस्तै,

पुवा - पुआ

भुवा - भुआ

खन्चुवा - खन्चुआ

संस्कृतबाट सापटी लिइएका शब्दलाई तत्सम भन्ने चलन छ । त्यस्ता शब्दका भने धेरै ठाउँमा व लेखे तापनि नेपाली जिब्राले तिनलाई पेट चिरेको बकै उच्चारण गर्छ । बको उच्चारण भए तापनि तिनलाई व नै लेख्नुपर्छ । नेपाली भाषामा यस्ता शब्दहरू धेरै छन् जसमध्ये औधि चल्तीकालाई मात्र यहाँ नमूनास्वरूप दिइएको छ–

व्यवहार, व्यापार, व्यक्ति, व्यक्तित्व, व्यथा, व्याघा, व्यापक, व्याप्ति, व्यक्त, व्याकरण, व्याख्या, व्यग्र, व्यस्त, वृष्टि, वन, जीवन, सेवक, वर, वर्ण, शिव, भव, ध्रुव, वर्णन, अनुभव, वचन, वस्तु, भुवन, देवता, भावना, वादविवाद, वायु, वातावरण, वाण, वास्तविक, वासना, सम्भव, प्रवाह, सेवा, वाराणसी, वांग्मय, वाणिज्य, वियोग, विशेष, विज्ञान, विधि, विदेश, विनाश, विकट, विराट्, विज्ञापन, विभिन्न, विस्तृत, विश्व, व्यवस्था, विभेद, विचार, विद्या, विद्यालय, विस्तार, विस्तृति, विवाद, विभाग, विनय, विनोद, विवाह, विश्लेषण, वीणा, प्रवीण, वीर, वन्दना, वृक्ष, नवीन, विषय, वाक्य, वेला, विना, वैद्य, वैभव, वेदना, वाणी, विभूषण, वानर, वसन्त, व्रत, भव्य, काव्य, दिव्य, कवि, कविता, सविता, द्रव्य, छवि, रवि, गन्तव्य, कर्तव्य, द्रष्टव्य

कुनै कुनै ठाउँमा भने संस्कृतकै सापटी शब्दहरूमा पनि ब लेख्नुपर्छ । जस्तै,

प्रतिविम्ब, विम्ब, प्रबन्ध, निबन्ध, बन्धन, बल, दुर्बल, सबल, बालक, बुद्धि, बुध्द, शब्द, बन्धु, बान्धव, सम्बन्ध

माथिका बाहेक अरू सबै ठाउँ ब उच्चारण हुने शब्दमा निर्धक्क ब लेखे हुन्छ । जस्तै,

बाँच्नु, बाँझ्नु, बकस, जब, बाकस, अब, बारी, बबुरो, बाबु, काबु, बन्नेत, बूढो, बीच, बीउ, बाजे, बिरालो, बाघ, सबै, बनाउनु, बेर्नु, बाटो, दुब्लो, बेग्लै, बोली, बेईमानी, बाठो, बेकामे, बन्दुक, बिहान, बिस्तारै, बस, बीस, बदनाम, बम, बासी, बोसो, बाँझो, बाँस, बाझ्नो, बाक्लो, बाँदर, बनेपा, बोक्रो, बाख्रो, बिर्सनु, बरालिनु, बेलाइत, बिहा

संस्कृतबाट नेपालीमा तत्सम भएर चलेका शब्दहरूमध्ये त्, श्, वा, स् पछि आउने ब को उच्चारण ब नै हुन्छ, ब हुँदैन । वास्तवमा ब का अगाडि व्यञ्जन जोडिने बितिकै नेपाली जिब्राले ब नै उच्चारण गर्छ, ब गर्न सक्तैन, चाहँदैन । जस्तै,

तत्सम : सत्व, तत्त्व, कवित्व, विश्वास, विश्व, ह्रस्व, सर्वस्व

(छ) तलका शब्दहरूमा ब र ब ठीक नभए ठीक गरी तिनलाई आफना वाक्यमा प्रयोग गर्नुहोस्–

वीस, विषय, बन, निवन्ध, बालक, प्रतिविम्ब, बिदेश, बैद्य, बिराट्, विज्ञान, ब्यथा, बेला, धनबिना, वालिका, वीउ, वजै, व्यक्तिगत, व्यबस्था, वुद्धिबिहीन, वन्धनमा, वाँधेको

(ज) ब उच्चारण हुने शब्दहरू खोजेर एक ठाउँ भेला पारी देखाउनुहोस् । आफना पाठ्यपुस्तकहरूबाट चित्त नबुझे अरू पुस्तकहरूमा खोजे पनि हुन्छ अथवा अरूले बोलेका वाक्यहरूबाट टिपे पनि हुन्छ ।

(झ) तलका वाक्यहरूमा केही शब्दहरूका हिज्जे नमिलेका होलान् । मिलेका भए जस्ता छन् त्यस्तै र नमिलेका भए मिलाएर फेरि लेखी आपना शिक्षकलाई देखाउनुहोस्-

विहेमा आडम्बर गर्ने कुरालाई म मन पराउँदिन् । मलाई रुढीहरूसीत ठूलो विरोध छ । पुगोस नपूगोस, रिनै काढेर भए पनि नचाहींदो खरच गरि र चीनदै न चीनेका र सम्बन्धै न भएका मानीसहरुलाई नीम्त्याएर के के न गरे भनि मक्ख परदै आपना घाको बीग्याँपन गरने अथबा ज्वाई पक्षले जतीसूकै बीझाई गरे पनि चाऊरीक परेर हात्जोडदै सहने अनी छोरिलाई जती अनादर गरे पनी टुलुटुलु हेरी रहने दुस्ट परमपराको समेत् म घोर्नीन्दा गर्छू । नेपालि शैलिको बिहे गर्न जग्गे नै गराउनू परछ र पूरोहीत बोलाएर सम्पूर्ण करमकाण्डका विधिहरू पुऱ्याउनूपर्छ भन्ने छैन ।

९. आँखाको गुराँस र हत्केलाको सुनगाभा

म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु

मलाई मुस्कानको जस्तो यौवन चाहिन्छ
मलाई जीवनको जस्तो बिहान चाहिन्छ
आफ्नो बाटामा हिंड्दा हिंड्दै
आफ्नै देशको बगरमा किन नबिलाऊ म ?
एउटा नयाँ उज्यालो छर्दा छर्दै
आफ्नै देशको सगरमा किन नहराऊँ म ?
तर चन्द्र र सूर्य छोएर भन्न सक्तछु-
म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु

मलाई सगरमाथाको नेपाल चाहिन्छ
मलाई नेपालको सगरमाथा चाहिन्छ
सम्पूर्ण नेपाल र नेपालीको आस्था र प्रतिष्ठा चाहिन्छ
त्यसैले संसारलाई हेर्नें
हामीलाई एउटा नयाँ दृष्टि चाहिन्छ
नेपाल र नेपालीको एउटा नयाँ सृष्टि चाहिन्छ
किनभने,
हामी आँखामा गुराँस
र हत्केलामा सुनगाभा लिएर जन्मिरहेछौं
हामी हृदयमा सगरमाथा
र खुट्टामा पहाड लिएर उठिरहेछौं
त्यसैले चन्द्र र सूर्य छोएर भन्न सक्तछु-
म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु

(हिमांशु थापा)

अभ्यास

अठ्ठारा शब्दहरू

छहरा – छाँगो, पहाडमा पानी छडछड खसेको सुन्दर ठाउँ
पहरा – भीर, ढुङ्गेनी भिरालो
मुस्कान – हलुको र मीठो हाँसो
यौवन – जवानी, तन्नेरी वेला
बगर – नदीको छेउमा पाइने बालुवाले भरिएको ठाउँ
बिलाउनु – मेटिनु, पत्लेर सिद्धिनु
सगर – आकाश
आस्था – विश्वास, पत्यार
प्रतिष्ठा – इज्जत, सम्मान
दृष्टि – हेराइ, आँखा
सुनगाभा – सुनाखरी, रूखका काँपमा फुल्ने राम्रो फूल

कविको चिनारी– डा. हिमांशु थापाको जन्म काठमाडौं नजिकैको गोकर्ण भन्ने गाउँमा १९९३ सालमा भएको हो । उनको पूरा नाम मोहन हिमांशु थापा हो । बालकृष्ण समका नाटक विषयमा विद्यावारिधी प्राप्त तथा त्रिभुवन विश्वविद्यालयको नेपाली विभागका प्राध्यापक कवि थापाले राम्रा राम्रा गद्य कविता लेखेका छन् । मनको भित्री तहदेखि उम्रेको कमलो भावनालाई प्रकृतिको सुन्दरतासित मीत लगाएर उनी सजिला र रहरलाग्दा रचनाहरू लेख्छन् ।

'महेन्द्र माला' का नवौं र दशौं कक्षामा राखिएका कविताहरू मोटामोटी किसिमले तीन खालका छन् । पहिलो किसिमका कविता संस्कृत छन्दमा छन् । तीहुन् : **इच्छा, नीतिका कुरा, वैशाख** र **गाँथली बोल्यो चिरिबिरी च्यार** । दोस्रो किसिमका कविता लयमा रचिएका छन् । लयमा लेखिएका यस्ता कवितालाई गीति कविता भन्ने चलन छ । यस खालका कविता हुन् : **शान्तिको ध्वनि छर्दै जाऊ, जङ्गी निशान हाम्रो, यात्री** र ९ १० का **कक्षागत गीतहरू** । नेपाली लयहरूमा झ्याउरे र तामाङ सेलो प्रसिद्ध छन् र ती पनि गीतिकविता भित्रै पर्छन् । 'शहीदहरूको सम्झनामा' ले झ्याउरे लयलाई अँगालेको छ । तेस्रो खाले रचनालाई गद्य कविता भन्ने चलन छ जसमा छन्दका लागि वा लय मिलाउनका लागि अक्षर गन्नुपर्दैन । यस्ता कवितामा भावना वा विचारको भित्री लय हुन्छ । **आँखाको गुराँस** र **हत्केलाको सुनगाभा** तेस्रो खालको कविता हो, गद्यकविता हो ।

भावनाप्रधान यस कवितामा नेपालको गुणगान पाइन्छ । हाम्रो देश छाँगा र पहरा, भीर र टारहरूले भरिएको सुन्दर भूमि हो । यस देशमा जताततै प्रकृतिको सुन्दरता छ र हामी नेपालीले विज्ञान र ज्ञानका सहायताले निरन्तर परिश्रम गरेर यसलाई अझ राम्रो, अझ विकसित र अझ आकर्षक बनाउनुपर्छ भन्ने कविको प्रशंसनीय विचार छ ।

यस कवितामा प्रतीकहरूको साह्रै राम्रो प्रयोग भएको छ । भन्नाको अर्थ के हो भने यो प्रतीकात्मक (प्रतीकहरूले भरिएको) कविता हो । प्रतीक भनेको चिह्न हो । कुनै इष्टदृष्ट मन तान्न सक्ने र तुरुन्तै बुझ्न सकिने चित्र, प्रतिमूर्ति वा चिह्नका सहायतामा मनमा लागेका कुरालाई प्रकट गर्नु नै प्रतीकको प्रयोग गर्नु हो । यहाँ 'मुस्कानको जस्तो यौवन' , 'जीवनको जस्तो विहान', 'सगरमाथाको नेपाल', 'नेपालको सगरमाथा', 'आँखामा गुराँस', 'हत्केलामा सुनगाभा', 'हृदयमा सगरमाथा', खुट्टामा पहाड', 'चन्द्र र सूर्य छोएर' जस्ता प्रतीकहरू डा. थापाले प्रयोग गरेका छन् । यौवन त्यसै पनि राम्रो हुन्छ र अझ त्यसमा मुस्कान थपियो भने त त्यसले मनलाई नै हर्छ । त्यसो हुँदा मायालु हँसाइ जस्तो जवानी कविलाई मनपर्नु स्वाभाविकै हो । दिनभरिमा विहान आशैआशाले भरिएको रमाइलो र चित्त प्रसन्न पार्ने समय हो । बालककाल पनि जीवनको बिहानी हो । जीवनलाई बिहान जस्तै पार्न पाए हुन्थ्यो भन्ने कविको भावना छ । सगरमाथा नेपालको मात्र होइन, पृथ्वीभरिको सबैभन्दा अग्लो चुचुरो हो । हामी नेपाली यस्तो सर्वोच्च शिखर हाम्रै मुलुकको शिरमा टोपी जस्तो भएर सुशोभित भएकामा गर्व गर्छौं । जसरी हामी नेपाल नभई सगरमाथाको कल्पना गर्न सक्तैनौं उसरी नै सगरमाथा नभएको नेपाल सम्झँदा व्यथित हुन्छौं । त्यसै हुनाले नेपाल र सगरमाथालाई कविले अभिन्न अङ्गका रूपमा प्रस्तुत गरेका छन् । सगरमाथा नेपालकै मात्र हो र नेपाल पनि सगरमाथाको आपनै हो भन्ने धारणा कविको छ । 'आँखामा गुराँस' भन्ने प्रतीकले नेपालको उच्च पहाडी भेगलाई सम्झाउँछ जहाँ चैतवैशाखताक अर्थात् वसन्त ऋतुमा सारा पहाड गुराँसैगुराँसले ढकमक्क ढाकेको देख्न पाइन्छ । घैरेजसो त लालीगुराँस (अर्थात् रातो रङका गुराँसका फूल) नै हुन्छन्, तापनि सेता, वैजनी र अरू अरू रङका गुराँस पनि आँखाले भ्याइन्जेल फुलेका हुन्छन् । नेपालको राष्ट्रिय फूल गुराँस आँखाभरि फैलिएको दृश्य देखाउनु कविको ठूलो राष्ट्रप्रेम हो । उसरी नै सुनगाभा अर्थात् सुनाखरी फूल पनि हाम्रा जङ्गलहरूको शोभा हो । ठूलठूला रूखका हाँगा र कापमा फुल्ने सुनगाभा 'सयौं थरीको हुन्छ । यसका फूलहरू पनि अनेक आकार र रङका हेरिरहूँ जस्ता हुन्छन् । अङ्ग्रेजीमा अर्किड भनिने सुनगाभा परजीवी अर्थात् अर्कै जीवमा भर पर्ने (अर्कै रूखमा उम्रेर फुल्ने) फूल हो, तापनि कविले यस कवितामा यसलाई सौन्दर्यको चिह्नकै रूपमा मात्र मानेका छन् । हाम्रा हत्केलाभरि सुनगाभाका फूलको दृश्य खिचेर कवि सुन्दर चित्रको निर्माण गर्छन् । यसरी आँखाभरि गुराँसैगुराँस, हत्केलाभरि सुनगाभैसुनगाभा लिएका नेपाली हृदयमा सगरमाथा बोकेर अर्थात् हृदयले सगरमाथाको जस्तो उच्च हुनु भन्ने इच्छा लिँदै खुट्टामा पहाड लिएर नेपाली जनता उठिरहेछन् र आफ्ना खुट्टा पहाडको उच्चतातिर लम्काउँदै आफ्नो राष्ट्र, आफ्नो जाति र आफ्नो सभ्यतालाई अगाडि बढाइरहेछन् भन्ने कवि थापाको सुन्दर भावना छ । नेपालको झन्डा वैदिककालदेखि नै आएको हो र यसमा चन्द्रमा र सूर्यका चित्र छन् । यी दुई चित्रलाई समाउनुको अर्थ आफ्नो राष्ट्रिय झन्डाको प्रेरणाले स्वतन्त्रतापूर्वक स्वाभिमानी भई उन्नतिमा लम्कनु हो र दिनरात (अर्थात् घाम लागेको वेला होस् वा जून लागेको वेला होस्) देश निर्माणको काममा अघि बढ्नु हो ।

प्रश्नहरू

(क) कविले यस कवितामा चन्द्र र सूर्यको उल्लेख किन गरेको ? के चन्द्र र सूर्यको नाउँ नलिंदा कविले भन्न खोजेको कुरो बुझिंदैन र ? बयान गर्नुहोस् ।

(ख) संसारलाई हेर्ने नयाँ दृष्टि चाहिन्छ भनेको के हो ?

(ग) कविलाई सगरमा हराउने मन छ कि छैन ? छ भने किन छ र छैन भने पनि किन ?

(घ) तलका हरफहरूको माने लम्ब्याएर पन्च वाक्यहरू लेख्नुहोस्-

मलाई मुस्कानको जस्तो यौवन चाहिन्छ

मलाई जीवनको जस्तो बिहान चाहिन्छ

मलाई सगरमाथाको नेपाल चाहिन्छ

मलाई नेपालको सगरमाथा चाहिन्छ

(ङ) तपाईंको आफ्नै भाषामा यस कवितामा भएका कुनै पनि कुरा नछुटाई एउटा छोटकरी बयान लेख्नुहोस् ।

(च) सप्रसङ्ग व्याख्या गर्नुहोस् :

हामीलाई एउटा नयाँ दृष्टि चाहिन्छ

नेपाल र नेपालीको एउटा नयाँ सृष्टि चाहिन्छ

व्याकरण

क्रियाको हिज्जे- क्रियाको हिज्जेमा तलका नियमहरू लाग्छन् :

(१) पहिला र बीचका इ र उ ह्रस्व हुन्छन् । जस्तै,

सिक्नु, बुढिनु, सुनिनु, हुत्तिनु, भक्भकिनु, तिर्नु, पिर्नु

(२) पुछारका ई र ऊ दीर्घ हुन्छन् । जस्तै,

गरी, भन्थी, भनी, खाई, जान्थी, जान्नथी, थिई, आऊ, खाऊ, जाऊ, हिड्नु, सक्नु

नियम २ का अपवाद (नियम नमिल्ने)-

अ. क्रियामूलका पुछारको नु ह्रस्व हुन्छ । जस्तै,

खानु, जानु, गर्नु, पढ्नु, नुहाउनु, सुत्नु, रुनु, सुलु, हाँस्नु, बाँध्नु, काट्नु, छान्नु, जान्नु

तर, विधिको अर्थ बुझाउने अर्थात् आदेश बुझाउने शब्दका नू भने दीर्घ लेखिन्छन् । जस्तै,

खानू, जानू, गर्नू, पढ्नू

आ. इच्छा बुझाउने क्रियाहरूमा लाग्ने ऊन्को ऊ बीचमा भएर पनि दीर्घ हुन्छ । जस्तै,

खाऊन्, जाऊन्, गरून्, पढून्, सकून्, बसून्, सुतून्, रोऊन्, हाँसून्

(३) पहिला र बीचका व्यञ्जनहरूका पछि स्वर नभएमा ती आधा लेखिन्छन् (ङ, छ, ट, ठ, ड, ढ, द र ह्का आधी रूप नहुनाले तिनमा हलन्तको चिह्न दिनुपर्छ) र पुछारका व्यञ्जनहरू पछि स्वर नभएमा भने तिनलाई पूरै लेखेर हलन्तको चिह्न दिनैपर्छ । हलन्तको वास्ता गरिएन भने गरिन र गरिन् जस्ताको भेद खुल्दैन, किनभने गरिन भन्नाले त्यस स्त्रीबाट काम भएन भन्ने बुझिन्छ र गरिन् भन्नाले ती महिलाबाट काम गरियो भन्ने अर्थ लाग्छ ।

पहिला व्यञ्जन पछि स्वर नहुने- च्यातु, च्याप्नु, फ्याँक्नु, भ्याउनु, ङ्याक्नु

बीचका व्यञ्जन पछि स्वर नहुने- टक्टक्याउनु, मुस्काउनु, हुर्काउनु, सह्याल्नु, पुल्पुल्याउनु, भक्भकाउनु, पढ्नु, सङ्लिनु, पट्याउनु, पढ्नु, गडगडाउनु, सिध्याउनु

पछिल्ला व्यञ्जन पछि स्वर नहुने- गरिन्, गरिनन्, हुन्छन्, छन्, भन्, गर्, बस्, खान्छन्,

गर्छिन्, गर्थिन्, सुतून्, गरेनन्, हुन्, पढ्, लेख्, हिंड्, सुत्, उठ्, सुन्

तर, पुछारमा अ भएमा भने हलन्त लगाउनु हुँदैन । जस्तै,

सीताले काम **गरिन** ।

उसलाई गएर तिमी यो कुरा **भन** ।

तिमी अध्ययन **गर** ।

कालेले भनेको पटकै **मानेन** ।

ऊ रातभरि **सुतिन** ।

हुन पनि आज पानी **पर्दैन** ।

खान त रामले भात खायो, तर पेटभरि चाहिं **खाएन** ।

(छ) तलका जोडी शब्दहरूलाई आफ्ना वाक्यहरूमा देखाए बमोजिम प्रयोग गरेर अर्थ छर्लङ्ग पार्नुहोस्-

उदाहरण- जोडी शब्द- जानु, जानू

जानु- मैले विद्यालय **जानुपर्छ** ।

जानू-आज तिमी पोखरा जानू है नानी ।

जोडी शब्द :

मर्नु, मर्नू भन, भन्

हुन, हुन् गरिन, गरिन्

हुँदैन, हुँदैनन्

(ज) तलका क्रियाहरू अशुध्द लेखिएका फेला परे शुध्द पार्नुहोस्-

फतफताउनु, कुतकुत्याउनु, रुङदै छ, उनीहरूले रामायण पढेनन, त्यस केटीले धीमाल जातिका विषयमा लेख लेखिन्, म उपन्यास पढि बजार जानछू, दिदी विशाल बजार गइन, तिमीले यो ओखती खानु है, घुम्नू असल हो, म जाउँ कि बसुँ तपाईलाई केको खसखस ?

(झ) यस पाठमा अनेकौं क्रियाहरू छन् । तीमध्ये तल लेखिएका बीस क्रियाहरूका दुई नमूनाहरूमा देखाए बमोजिमका रूपहरू लेख्नुहोस्-

क्रियाहरू- मान्नु, पुर्नु, घुम्नु, राख्नु, लानु, थाल्नु, देख्नु, डुब्नु, ढाक्नु, बस्नु, लुक्नु, जानु, गर्नु, बेच्नु, बन्नु, छर्नु, आउनु, खन्नु, भन्नु, फुल्नु

नमूना- (१) क्रिया : डाम्नु

क्रियामूल	- डाम्नु	मैले	- डामिनैं	त्यो	- थाक्तिन
विधि	- डाम्नू	म	- डाम्दिनैं	त्यो	- थाकिन
इच्छा	- डामून्			उनी	- थाक्तिनन्
त्यो	- डाम्दिन	(२) क्रिया :	थाक्नु	उनी	- थाकिनन्
त्यसले	- डामिन	क्रियामूल	- थाक्नु	म	- थाकिनैं
उनी	- डाम्दिनन्	विधि	- थाक्नु	म	- थाक्तिनैं
उनले	- डामिनन्	इच्छा	- थाकून्		

१०. पशुपतिनाथको मन्दिर

काठमाडौं उपत्यकाभित्र तीन सहर छन् । तिनका नाउँ काठमाडौं, पाटन र भादगाउँ हुन् । ती तीनै सहरमा जताततै हिन्दू र बौध्द मन्दिरहरू छन् । ती मन्दिरहरू काठका कलापूर्ण बुट्टाहरूका निम्ति प्रसिध्द छन् । काठका मूर्ति र बुट्टाहरूका साथै ढुङ्गाका र ईंटाका मूर्ति र बुट्टाहरू पनि त्यहाँ निकै पाइन्छन् ।

कलापूर्ण मन्दिरहरू भएकाले मात्र होइन, देशको राजधानी भएकाले मात्र पनि होइन, धार्मिक दृष्टिकोणले पनि काठमाडौं महत्त्वपूर्ण छ । पशुपतिनाथको प्रसिध्द मन्दिर काठमाडौंमै छ । यो मन्दिर बागमती नदीको किनारमा सहरको पूर्वी क्षेत्रमा छ । यस मन्दिरका चारैतिर अरू देवदेवीहरूका मन्दिरहरू पनि छन्, जो मूल मन्दिर बनेको धेरैपछि समय समयमा थापएकाहुन् । यसरी पशुपतिनाथको मन्दिरको एउटा आफ्नै हातो छ । यस हाताभित्र पस्ने मूल ढोका पश्चिम दिशामा पर्छ । हिन्दूहरू बाहेक अरू यसभित्र पस्न पाउँदैनन् ।

पूर्वतर्फ बागमती छ । मन्दिरकै छेउको नदी किनारमा मृतकहरू जलाउने ठाउँ छ । त्यसलाई आर्यघाट भन्छन् । पारिपट्टि रूखहरूले ढाकिएको डाँडो छ जसलाई श्लेष्मान्तक वन भन्दछन् । श्लेष्मान्तक वनमा मात्र होइन, पशुपतिनाथको मन्दिर वरपर यत्तिकै बाँदरहरू उफ्रिरहेका भेटिन्छन् । ती बाँदर मन्दिरमा चढाउन ल्याएका फूल र प्रसाद खोसेर खान पल्केका हुन्छन् । साँढे, गाई र कुकुरहरू पनि यताउति स्वतन्त्र घुमिरहन्छन् । दर्शन गर्न आउनेहरूलाई फूल, माला, धूप आदि बेच्नेहरू र माग्नेहरू पश्चिम मूल ढोकामा स्याउँस्याउँती भेटिन्छन् ।

पशुपतिनाथ भनेका शिव हुन् । शिवलाई महादेव, शङ्कर, शम्भु, रुद्र, महेश र महेश्वर पनि भन्ने चलन छ । जुन ठाउँमा जस्तो रूपमा ती प्रकट भए तिनको नाउँ त्यस्तै रहन्छ । बनारसमा शिवको ठूलो र प्रख्यात मन्दिर छ । त्यहाँ शिव विश्वनाथ बाबाका नाउँले बोलाइन्छन् । काठमाडौंमा उनको नाउँ पशुपतिनाथ रहेको छ ।

शिवको नाउँ **पशुपतिनाथ** रह्यो भन्ने बारेमा एउटा कथा छ । पशुपति नाथ मन्दिरको पूर्वमा पर्ने श्लेष्मान्तक वनमा निकै समयसम्म भगवान् शिव र माता पार्वती मृग भएर बसेका थिए रे । संस्कृतमा मृगलाई पशु पनि भन्ने चलन छ । यसरी मृग वा पशु भएर भगवान् शङ्कर बसेकाले पछि देवताहरूले थाहा पाई पशुपतिनाथ भनी प्रार्थना गरेका हुनाले उनको नाउँ पशुपतिनाथ रहन गएको हो र यसै स्थलमा उनको प्रसिध्द मन्दिरको स्थापना भएको हो रे ।

पशुपतिनाथको मन्दिर नेपाली हिन्दुहरूका लागि मात्र होइन, समस्त हिन्दू जातिका लागि पुण्य तीर्थ मानिन्छ । यस मन्दिरमा पूजाआजा गर्न र शिवलिङ्गको दर्शन गर्न हरेक दिन भक्तहरू जान्छन् । हरेक एकादशी र पूर्णिमाका दिन श्रध्दालुहरूको त्यहाँ घुइरो लाग्छ । विशेष गरी शिवरात्रि र बालाचतुर्दशीका समयमा टाढा टाढाबाट भक्तहरू पशुपतिनाथको दर्शन गर्न जान्छन् ।

शिवरात्रिमा नेपालको तराईबाट र भारतका विभिन्न ठाउँहरूबाट हिन्दूहरू ओइरिन्छन् । शिवरात्रि हिउँदको पुछारतिर भए पनि गर्मी ठाउँबाट आउने तीर्थयात्रीहरूलाई काठमाडौंको जाडाले निकै

पिर्छ । शिवरात्रिको मेला सकेर दक्षिण फर्कनेहरूले आफूसितै काठमाडौंको जाडो लान्छन् भनिन्छ । साँच्चै नै त्यसपछि काठमाडौंमा न्यानो हुन थाल्छ ।

बालाचतुर्दशीमा पहाडका कुना कुनाबाट मान्छेहरू यस मन्दिरमा भेला हुन्छन् । ती रातभरि जाग्राम बसेर भोलिपल्ट मन्दिरको हाताभित्र र श्लेष्मान्तक वनमा अन्नका बीउ छर्छन् । यसलाई सद्बीउ छर्नु भन्छन् । बूढाबूढीहरू जाग्राम बस्ता भजन गाउँछन्, तर तरुनी तन्नेरीहरू चाहिं जुवारी खेल्छन्, नाच्छन् र रमाइलो गर्छन् ।

पशुपतिनाथको पहिलो मन्दिर कहिले बन्यो र कसले बनायो भन्ने कुरो थाहा हुन सकेको छैन । किम्बदन्ती अनुसार धेरै हजार वर्ष अघि काठमाडौं खाल्टो डुब्ने जस्तो आकारको दह थियो । त्यसमा विपस्वी ऋषिले कमलको बीउ छरे । कमलको फूल फुलेपछि त्यसमा शिव प्रकट भए रे । मञ्जुश्री भन्ने व्यक्तिले शिवलाई पहिले देखे । तिनले शिवको पूजा गरे र चोभारको डाँडो काटी काठमाडौं खाल्डाबाट पानी बाहिरतिर बगाए । पानी बगेर गएपछि उपत्यकामा मान्छेहरू बस्न थाले । राजा प्रचण्डदेवले पशुपतिनाथको पहिलो मन्दिर बनाए । तिनले पशुपतिनाथलाई पारस मणिले ढाकेका थिए । त्यसै हुनाले पशुपतिनाथलाई पारसनाथ पनि भन्ने चलन छ । धेरै वर्ष बितेपछि भूईंचालो गएर सो मन्दिर भत्की माटोले पुऱ्यो । मानिसहरूले त्यसं मन्दिरलाई बिर्से । तर एउटा दूधालु गाई सधैं दूध एक ठाउँ खन्याउँदो रहेछ । त्यस ठाउँमा खनी हेर्दा पशुपतिनाथको मूर्ति पाइएछ । त्यसै मूर्तिलाई राखेर त्यसै ठाउँमा पशुपुष्प भन्ने राजाले सुनको छनो हाली नयाँ मन्दिर बनाए र वेदको विधि अनुसार पूजा गर्ने चलन बसाए ।

मन्दिरको ठिक पश्चिम ढोका अगाडि विशाल बसाहाको मूर्ति बसेको स्थितिमा छ । साँढेलाई शिवको वाहन मान्छन् । त्यसै हुनाले पशुपतिनाथको मन्दिरको अधिल्तिर त्यो बनिएको हो ।

पशुपतिनाथको मुख्य मन्दिरमा चाँदीका चार ढोका छन् । गजुर चाहिं सुनको छ । हरेक ढोकाबाट बीचमा स्थित शिवलिङ्गको बेग्लै रूप देखिन्छ । यी चार ढोकाहरू मध्ये उत्तरपट्टि बुध्दको मूर्ति त्यस लिङ्गमा अङ्कित छ । दक्षिणपट्टिको मूर्ति डरलाग्दो छ । त्यसै हुनाले दक्षिणपट्टि भैरवको विशाल मूर्ति भएको मन्दिर पनि छ । भैरव शिवको रिसाहा रूप हो ।

पशुपतिनाथको मन्दिर पगोडा शैलीमा बनेको छ । यसका भित्ताहरू राम्रा मूर्ति र बुट्टाले सिंगारिएका छन् ।

मन्दिरको हाताभित्र भजनटोलीहरू भजनमा मस्त भेटिन्छन्, भेषाहरू र बाँदरहरू अन्न र प्रसाद खाइरहेका देखिन्छन् र ब्राह्मणहरू वेदपाठ गरिरहेका पाइन्छन् । धार्मिक पर्वहरूमा श्री ५ महाराजाधिराज सरकार र राजपरिवारका अन्य सदस्यहरूको समेत पशुपतिनाथको दर्शन गर्न सवारी हुन्छ । वास्तवमा पशुपतिनाथ नेपालीहरूका राष्ट्रिय देवता हुन् ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

कलापूर्ण – कलाले भरिएको

दृष्टिकोण – विचार, हेराइ, मत

मूल	– मुख्य, गाँठी
हातो	– इलाका, घेरेको क्षेत्र, क्याम्पा
मृतक	– मरेको
यत्तिकै	– थुप्रै, धेरै
स्याउँस्याउँती	– कीरे सरि, गनी नभ्याइने, धेरै
प्रकट हुनु	– निस्किनु, बाहिर आउनु, देखा पर्नु
प्रख्यात	– विख्यात, प्रसिध्द, नाउँ चलेको
समस्त	– जम्मै, सबै, समग्र, सम्पूर्ण
पुण्य	– पवित्र, धर्मले शुध्द मानेको
तीर्थ	– देवता बस्ने ठाउँ, धर्मको ठाउँ
दर्शन गर्नु	– हेर्नु
घुइरो	– घुईंचो
विशेष	– खास
विभिन्न	– बेम्लाबेम्लै
जाग्राम बस्नु	– नसुती जागै रात बिताउनु
किम्वदन्ती	– जनश्रुति, जनताको भनाइ
व्यक्ति	– मानिस
दूधालु	– धेरै दूध दिने
बसाहा	– साँढे
वाहन	– सवारी, चढ्न लायक पशु
गजुर	– मन्दिरको चुच्चे छानो
अङ्कित	– राखिएको, बनाइएको
शैली	– पारा, पध्दति, तरीका
टोली	– समूह, दल
पर्व	– उत्सव, मेला, चाड

प्रश्नहरू

(क) जोडी मिलाउनुहोस्–

अ

१. बनारसमा शिवको मन्दिर छ
२. शिवरात्रिको मेला हिउँदको पुछारतिर लाग्छ
३. बालाचतुर्दशीमा रमाइलो हुन्छ
४. बूढाबूढीहरू जाग्राम बस्दा भजन गाउँछन्
५. मञ्जुश्रीले शिवलाई पहिले देखे
६. प्रचण्डदेवले पशुपतिनाथको पहिलो मन्दिर बनाए
७. भैरवको विशाल मूर्ति भएको मन्दिर छ

८. मुख्य मन्दिरमा चाँदीका चार ढोका छन्
आ

पहाडबाट मान्छेहरू पशुपतिनाथको मन्दिरमा ओइरिन्छन्
तराईबाट आउनेहरू मेला सकेर फर्कदा आफूसित काठमाडौंको जाडो लान्छन्
तिनले शिवको पूजा गरे र चोभारको डाँडो काटे
उत्तरपट्टि बुध्दको मूर्ति अङ्कित छ
पशुपतिनाथलाई पारसनाथ पनि भन्ने चलन छ
शिवलाई विश्वनाथ बाबा भनेर बोलाइन्छ
तरुनी तन्नेरीहरू गीत गाउँछन् र नाच्छन्

(ख) दिइएका शब्दहरूबाट सुहाउने चाहिं छानेर तलका खाली ठाउँ भर्नुहोस्-

१. हरेक एकादशी र ..... (**पूर्णिमा, औंसी, चतुर्दशी**) का दिन श्रध्दालुहरूको त्यहाँ धुइरो लाग्छ ।

२. विशेष गरी शिवरात्रि र ..... (**कृष्णाष्टमी, बालाचतुर्दशी, रामनवमी**) का संमयमा टाढा टाढाबाट भक्तहरू पशुपतिनाथको ..... (**दर्शन गर्न, वरिपरि सट्टीठ छर्न, भजन गर्न**) जान्छन्

३. पशुपतिनाथ मन्दिरको पूर्वतर्फ ..... (**कोशी, गण्डकी, वागमती**) छ ।

४. पशुपतिनाथको गजुर चाहिं ..... (**सुन, चाँदी, पित्तल**) को हो भन्ने विश्वास छ ।

५. भैरव शिवको ..... (**साँचो, कलियुगी, रिसाहा**) रूप हो ।

६. वास्तवमा पशुपतिनाथ नेपालीहरूका ..... (**एक मात्र, राष्ट्रिय, गोप्य**) देवता हुन् ।

७. यसका भित्ताहरू राम्रा ..... (**मूर्ति, रङ, चित्र**) र बुट्टाले सिंगारिएका छन् ।

८ ..... (**इतिहास, वेद, किम्वदन्ती**) अनुसार धेरै हजार वर्ष अघि काठमाडौं खाल्डो ..... (**सूर्य, ङ्गङ्गा, कमल**) जस्तो आकारको दह थियो ।

९. त्यसमा ..... (**विपस्वी, मञ्जुश्री, ने नाउँ गरेका**) ऋषिले ..... (**धान, कमल, गुलाफ**) को बीउ छरे ।

१० ..... (**पशुपुष्य, प्रचण्डदेव, मानदेव**) भन्ने राजाले ..... (**ङ्गङ्गा, चाँदी, सुन**) को छानो हाली नयाँ मन्दिर बनाए ।

(ग) के तपाईले पशुपतिनाथको मन्दिर गएर त्यहाँ भित्रका शिवलिङ्गको दर्शन गर्नुभएको छ ? गर्नुभएको छ भने त्यसै अनुभवका आधारमा र गर्नपाउनुभएको छैन भने पनि यसै पाठका आधारमा पशुपतिनाथ मन्दिरका विषयमा आफैंले देखेको जस्तो गरेर कम्तीमा बीस नघटाई र बढीमा तीस वा चालीस वाक्यहरू लेखेर बयान गर्नु होस् ।

(घ) तपाईंले कुनै हिन्दू, बौध्द वा अरू धर्मको मन्दिर अवश्य पनि देख्नु भएको होला । त्यस मन्दिरमा देखेका र त्यसका विषयमा जानेका बुँदाहरू जम्मा पारेर एउटा राम्रो प्रबन्ध वा लेख लेख्नुहोस् ।

व्याकरण

ह्रस्वदीर्घ- १. विशेषण शब्दका पुछारका ई दीर्घ हुन्छन् । जस्तै-

जाली, सिल्ली, पापी, धर्मी, इलमी, विजयी, विनयी, खाली, दामी, दानी, धनी, लोभी, कुकर्मी

(अङ्कहरू)- दुई, सत्तरी, साठी, असी, पचासी, सतासी, अठासी, उनान्सत्तरी, उनासी, एक्यासी, बयासी, त्रियासी, चौरासी, छयासी, एकसट्ठी, बैसट्ठी, त्रिसट्ठी, चौसट्ठी, पैसट्ठी, छैसट्ठी, सत्सट्ठी, अठसट्ठी, उनान्साठी

(स्त्रीलिङ्गी)- राती, काली, सेती, मोटी, दुब्ली, च्यापसी, भुन्टी, पुन्टी, बाटुली, छुची, पुड्की, थसुल्ली, होची, अम्ली, नाप्पिएकी, पलाप्पिएकी, प्यारी, राम्री, नराम्री, गोरी, बाठी, लाटी

(२) विशेषण शब्दका थालनी र बीचका इ वा ई साधारण गुण बुझाउने भए ह्रस्व र बढी गुण बुझाउने भए दीर्घ लेख्ने चलन छ । जस्तै,

साधारण (अलिअलि)	विशेष (धेरै)
पिरो	पीरो
मिठो	मीठो
अमिलो	अमीलो
रसिलो	रसीलो
गुलियो	गुलीयो
गुनिलो	गुनीलो

(३) विशेषण शब्दका थालनीका ऊ दीर्घ हुन्छन् । जस्तै,

ठूलो, बूढो, रूखो, पूरा

(४) विशेषण शब्दका पुछारका ऊ पनि दीर्घ हुन्छन् जस्तै,

हुस्सू, बुद्धू, उल्लू, लहू, अरू

अपवाद : आलु प्रत्यय (फुँदो, फुर्को, पुच्छर) लागेमा विशेषण शब्दका पुछारको उ ह्रस्व हुन्छ । जस्तै,

मायालु, दयालु, लयालु, स्नेहालु, सिपालु, दुधालु

(५) सर्वनाम शब्दका थालनी र बीचका इ र उ ह्रस्व र पुछारका ई र ऊ दीर्घ हुन्छन् ।

पुछारका दीर्घ- ऊ, यी, ती, हामी, तिनी, तिमी, उनी, तपाई, आफू, यिनी

थालनीका ह्रस्व- उनी, उस, तिमी, तिनी, तिन, उन, उहाँ

बीचका उ ह्रस्व- हजुर, मौसुफ

हरू जोडिंदा पनि **तिमी, हामी, तिनी, उनी, तपाई, आफूका** पुछारका ई/ऊ दीर्घ नै रहन्छन् । जस्तै,

तिमीहरू, हामीहरू, तिनीहरू, उनीहरू, तपाईहरू, आफूहरू, यिनीहरू

(ङ) तलका खाली ठाउँहरूमा उपयुक्त (सुहाउँदा र मिल्दा) सर्वनाम लगाई वाक्यहरू पूरा गर्नुहोस्-

वीरबहादुरले धनमायालाई बिहे गऱ्यो । .... ले स्वास्नीलाई धेरै रमाइला ठाउँहरू घुमायो । .... खुशी भई, तर .... को जम्मै पैसा इवाम भएछ । .... ले त्यसपछि काठमाडौं फर्केर घुईंचाल काम खोजे । .... जे काम पनि इमानदारीपूर्वक गर्नेछौं भनी .... ले सयौं आवेदनहरू लेखे । तर दुर्भाग्यको कुरो .... दुवैले कतै काम पाएनन् । वीरबहादुरकी स्वास्नीले भनी, ... लाई ..... को

प्रेम भए पुग्छ । .... देवता हुनुहुन्छ । .... पूजा गर्छु, प्रेम गर्छु ?' लोग्नेले भन्यो, 'लाटी, त्यसरी एक अर्काको अनुहारै हेरेर पुग्ने भए त भइहाल्थ्यो नि । तै पख् .... आज गोरखा पत्रमा विज्ञापन पढ्न जान्छु । कतै .... दुवैलाई नभए पनि .... लाई सम्म काम पाइहालिन्छ कि !'

(च) तलका खाली ठाउँमा यी सबै विशेषण एक एक गरी लगाएर धेरै भन्दा धेरै वाक्य बनाउनुहोस्–

(१) जाली, हुस्सु, सिल्ली, इलमी, दानी, धनी (दुवै लिङ्गी)

(२) थसुल्ली, मोटी, गोरी, राम्री, दुब्ली (स्त्रीलिङ्गी)

(३) गोरो, कालो, होचो, पुड्के, फटाहा, बाठो (पुलिङ्गी)

(४) मिठो, मीठो, पिरो, पीरो, स्वादिलो, खल्लो, नुनिलो (खानेकुरा)

अ. ..... तन्नेरीले ..... तरुनीलाई बिहे गऱ्यो ।

आ. ..... स्वास्नीले ..... लोग्नेलाई ..... खानेकुरा दिई ।

इ. ..... युवतीले ..... युवकलाई मन पराई ।

(छ) तलका वाक्यहरूमा दीर्घैदीर्घको प्रयोग भएको छ । जुन जुन ठाउँमा दीर्घ हुनुपर्ने हो, तिनलाई जस्ताको त्यस्तै र जुन जुन ठाउँमा ह्रस्व पार्नुपर्ने हो तिनलाई ह्रस्व पारेर सुनाउनुहोस्–

फूलपाती हाम्रो राष्ट्रीय पर्वको दीन हो । दशैंको सातौं दीन यो उत्सव अत्यन्त आनन्दसित मनाईन्छ । गोर्खास्थीत काली देवीको मन्दीरबाट फूलप्रसाद हिंडेरै काठमाडौंमा ल्याउने चलन छ । एकै जनाले ल्याईपुऱ्याउन नसक्ने हुनाले कुदन् सक्ने लाठेहरूलाई ठाउँ ठाउँमा तैनाथ राखीएको हुन्छ । फूलप्रसाद यहाँ आई पूग्ने बित्तीकै बाजागाजा सहित जमलमा लगेर घुमाई त्यसको सम्मान गरीन्छ । फूलपातीको दीन श्री ५ महाराजाधिराज सरकारको सवारी टुँडीखेलको शाही सैनीक मञ्चमा भएपछि बढाई थालीन्छ । हेरीरहूँ जस्तो फूलपाती औधी रमाईलो हुन्छ । भोलीपल्ट महा अष्टमीको दीन र महा नवमीका दीन पनी धूमधाम हून्छ । दशमीको दीन टीका लगाउने चलन छ । सम्पूर्ण नेपालीहरू त्यस दीन आनन्दीत र हर्षीत हुन्छन् । मासूका भूटूवा र पकू जस्तै दीन दूःखीको घरमा पनी पाईन्छन् ।

एक

११. तीन चिठी

७/५५ बानेश्वर, महादेवस्थान
काठमाडौं
२३ साउन २०४७

श्री क्याम्पस प्रमुख,
कानून क्याम्पस,
प्रदर्शनी मार्ग, काठमाडौं

महोदय,

'गोरखापत्र' मा गत २०४७ साल श्रावण १९, २० र २१ गतेका दिन निक्लेको विज्ञापन अनुसार तपाईंको कार्यालयलाई दिउँसो काम गर्ने एक जना खर्दारको आवश्यकता परेको रहेछ भन्ने थाहा पाएँ । जतिसुकै सानो पदको काम भए पनि योग्य र विश्वास प्राप्त मान्छेलाई नियुक्त गर्नाले कार्यालयको शोभा बढ्ने र क्याम्पसको काम पनि राम्ररी चल्ने कुरालाई ध्यानमा राखेर म त्यस पदका लागि आफूलाई नितान्त योग्य ठानी यो आवेदन लेख्दै छु । म एक्काईस वर्ष पुगेको स्वस्थ, कर्मठ र हँसमुख युवक हुँ । मेरो योग्यताको हकमा मैले इलामको करफोक विद्यामन्दिरबाट उच्च प्रथम श्रेणीमा एस. एल. सी. गरेको छु र काठमाडौंको महाङ्काल स्थित शारदा टाइपिङ विद्यालयबाट नेपाली र अङ्ग्रेजी टाइप राम्ररी गर्न सिकिसकेको प्रमाणपत्र पनि प्राप्त गरेको छु । करफोक विद्यामन्दिरमा छँदा मैले दुई वर्ष त्यहाँको कार्यालय सहायक भएर इमानदारी र लगनशीलतासाथ काम गरेकाले शैक्षिक कार्यालयमा गर्नुपर्ने काम सम्बन्धी ज्ञान मैले पाएको छु । हाल म बिहानका कक्षाहरूमा मीन भवन क्याम्पसमा वाणिज्य र व्यवस्थापन विषयमा प्रथम वर्षमा पढ्दै पनि छु ।

पहाड इलाममा साधारण खेतीपाती गर्ने मातापितालाई उच्च अध्ययनका नाउँमा सधैं नै खर्च मगाएर दुःख दिइरहनु भन्दा आफ्ना खुट्टामा आफैं उभिई समर्थ नागरिक हुनु श्रेयस्कर ठानेकाले पनि यो निवेदन गरेको छु । अन्तर्वार्तामा छानिएछु भने आफ्नो योग्यताले भेटेसम्म इमानदारी र तत्परतासाथ तथा आफूमाथिका कर्मचारीहरूको अनुशासनमा रही वहाँहरूलाई पूर्ण सन्तोष दिएर काम गर्ने छु भनी म विश्वस्त छु । एस. एल. सी. र टाइप सम्बन्धी प्रमाणपत्र र चरित्र सम्बन्धी चिठीहरूका प्रतिलिपि यसै आवेदनसाथ नत्थी गरेको छु । अन्तर्वार्ताका समयमा तिनका सक्कल प्रतिहरू लिएर उपस्थित हुनेछु ।

भवदीय,
तेजनाथ लम्साल

खाममा ठेगाना लेख्ने नमूनाः

तेजनाथ लम्साल ७/५५ बानेश्वर, महादेवस्थान काठमाडौं श्री क्याम्पस प्रमुख कानून क्याम्पस प्रदर्शनी मार्ग काठमाडौं	टिकट

दुई

पूर्ण भण्डार
इलाम बजार
मेची अञ्चल
२३ साउन २०४७

शान्ति प्रकाशन
१५५ पुतली सडक
काठमाडौं

महोदयवर्ग,

हामीले मगाएका पुस्तकहरू ठीक समयमा पठाएर तपाईहरूले हाम्रो व्यापारिक सम्बन्ध अत्यन्त मधुर बनाउनुभएको छ जसका लागि पूर्ण भण्डार आफ्नो हार्दिक धन्यवाद प्रकट गर्दछ ।

तपाईहरूले २०४७ सालमा प्रकाशित गर्छौं र अरू प्रकाशनहरूले बिक्री गर्न दिएकालाई वितरण गर्छौं भन्ने आफ्नो सूचीपत्रमा उल्लेख गरेका पुस्तकहरू मध्ये केही उपलब्ध भइसकेछन् भनी हामीले 'गोरखापत्र' को साउन १० गतेको अङ्कमा पढ्न पाउँदा खुशी लाग्यो । त्यसो हुनाले तल लेखिएका पुस्तकहरू पचास पचास प्रति मेची यातायात कम्पनीको सामान ढुवानी सेवा मार्फत् हाम्रा नाउँमा जतिसक्तो चाँडो पठाइदिनु होला भनी लेखेका छौं । पुरानो बाँकी तीन हजार र यस पत्रमा लेखिएका पुस्तकहरूको पूरा हिसाब पछि चुक्ता गर्ने गरी हाल दुई हजार समेत गरी जम्मा पाँच हजार रुपियाँको नेपाल वाणिज्य ब्याङ्कको ड्राफ्ट नं. २१५३४ शान्ति प्रकाशनका नाउँमा यसै साथ संलग्न गरेर पठाएका छौं । यथाशीघ्र पहुँच दिनुहुनेछ ।

धन्यवाद !

तपाईहरूको विश्वासपात्र,
चन्द्रलाल श्रेष्ठ
पूर्ण भण्डारका लागि

मगाएका कितापहरूको सूचीः

१. नेपाली साहित्यको इतिहास (दोस्रो संस्करण)	- डा. तारानाथ शर्मा
२. बृहद् नेपाली व्याकरण	- रोहिणीप्रसाद भट्टराई
३. कुमारी शोभा	- विजय मल्ल
४. पच्चीस वर्षका नेपाली निबन्ध	- सम्पादक डा. तारानाथ शर्मा
५. पाँच सय वर्ष	- बालकृष्ण पोखरेल

इत्यादि ।

टिकट

चन्द्रलाल श्रेष्ठ
पूर्ण भण्डार
इलाम बजार
मेची अञ्चल

शान्ति प्रकाशन
१५५ पुतली सडक
काठमाडौं

तीन

७/५५ बानेश्वर, महादेव स्थान
काठमाडौं
२३ साउन २०४७

पूज्य आमा,
साष्टाङ्ग दण्डवत् ।

आशीर्वादले कुशल छु । बुबा र भाइबहिनीहरू सहित हजुरका कुशलताका लागि पशुपतिनाथ बाबासँग प्रार्थना गर्छु ।

घरबाट चिठी नआएको पनि दुई महिना जति भइसक्यो । घरबाट टाढा बसेका मान्छेलाई घरमा के भयो, कसो भयो भन्ने असाध्यै चिन्ता हुँदो रहेछ । हजुरहरूलाई त के छ र ? सबै जना सँगै हुनुहुन्छ ।

दुई चार दिन अघि जनै पूर्णिमाका दिन म पशुपतिनाथको दर्शन गर्न गएको थिएँ । टाढा टाढाबाट मान्छेहरू त्यहाँ आएका रहेछन् । घुइँचामा दर्शन गर्न पनि निकै बेर पर्खनुपऱ्यो । झल्याँस्स मलाई आमाको सम्झना भयो । पोहोर दशैंमा टीका लगाएर काठमाडौंतिर मलाई बिदा गर्दा हजुरले पशुपतिनाथको मन्दिरमा सद्बीउ छर्ने इच्छा गर्नुभएको थियो । पोहोर मलाई यहाँको उति भेउ थिएन, म पनि छात्रावासमा बसेकाले डेरा पनि मिलाउन मलाई अप्ठ्यारो जस्तो लागेको थियो । यस पाला भने बानेश्वरमा म राम्रो डेरा लिएर बसेको छु । तिहार सकिने बित्तिकै एक दुई महिना बस्ने गरी बुबाआमा दुवै जना आउनुहोला । सद्बीउ छर्ने मात्र होइन राजधानीका रमाइला ठाउँहरू पनि म हजुरहरूलाई घुमाइदिनेछु ।

दशैं ताक हामी बीसपच्चीस दिनका लागि पोखराको शैक्षिक भ्रमणमा जाने भएका छौं । त्यसैले यस वर्ष म हजुरहरूका हातको टीका लगाउन नपाउने भएँ । पोखरा भ्रमणमा मैले देखेका र सिकेका कुराहरूको बारेमा म घरमा चिठी पठाउन्यै छु ।

मेरो पढाइ राम्रो चल्दै छ । म श्रेणीमा सधैं झैं प्रथम हुँदै नै छु । बुबाले करफोक विद्यामन्दिरका प्रधानाध्यापक दामोदर शर्माका हातमा चिठी र एक हजार रुपियाँ खर्च पठाइदिनु भएछ । उहाँकै हातमा मैले पठाएको चिठी पनि त्यहाँ पुगिसक्यो होला । अब मलाई दशैंसम्म खर्चको फिक्री भएन ।

बुबामा साष्टाङ्ग दण्डवत् र भाइबहिनीहरूमा प्यार ।

स्नेहपात्र छोरो,
तेजनाथ

टिकट

तेजनाथ लम्साल
७/५५ बानेश्वर, महादेवस्थान
काठमाडौं

श्रीमती कौशल्यादेवी लम्साल
फिक्कल गाउँ विकास समिति, वार्ड नं. ३
इलाम
मेची अञ्चल

अभ्यास

अप्ठ्यारा शब्दहरू

विज्ञापन	-प्रचार, लेखोट फिंजाउने उद्देशयले निकालिएको चित्र वा लेख
नितान्त	-औधि, नभई नहुने
वाणिज्य	-बेपार
व्यवस्थापन	-प्रबन्ध, बन्दोबस्त
विश्वस्त छु	-विश्वास गर्छु
अन्तर्वार्ता	-योग्यता जाँच्न उम्मेदवारसित सोधखोज र भेटघाट
प्रतिलिपि	-नक्कल
व्यापारिक	-बेपारसम्बन्धी
वितरण गर्नु	-फिंजाउनु, बाँड्नु
संलग्न गर्नु	-मिलाउनु, नत्थी गर्नु
यथाशीघ्र	-जतिसक्तो चाँडो
पूज्य	-पूजा गर्न योग्य, आदरणीय
साष्टाङ्ग दण्डवत्	-सबै अंग झुकाएर गर्ने अभिवादन, प्रणाम
आशीर्वाद	-आसीस
कुशलता	-आरामी
शैक्षिक	-शिक्षा सम्बन्धी
भ्रमण	-यात्रा

केही निर्देशनः

कुनै व्यक्तिको नाउँ थालिनु भन्दा अघि **श्री** लेखिएको छ भने नाउँ पछि ज्यू लगाइरहनुपर्दैन । **श्री** पुरुष र महिला जसका नाउँसित लगाए पनि हुन्छ । **श्रीमती** विवाहिता नारीका नाउँसित, **श्रीमान्** पुरुषका नाउँसित र **सुश्री** अविवाहिता वा कुमारीको नाउँसित लगाउने चलन छ । **ज्यू** वा **जी** भने जसको नाउँ पछाडि लगाए पनि हुन्छ ।

पूज्य, आदरणीय, माननीय, प्रिय जस्ता पुलिङ्गी विशेषणहरू अचेल नेपाली भाषामा स्त्रीलिङ्गी संज्ञासित पनि प्रयोग गरिन्छन् ।

देहान्त भइसकेका मान्छेका नाउँ पछाडि भने **जी** वा **ज्यू** लगाउन उचित होइन, किनभने **जी** वा **ज्यू**को अर्थ **जीउ** वा **शरीर** हो र शरीरै नभएकालाई त्यस्तो सम्बोधन राम्रो हुँदैन ।

(१) आफ्ना नाताका मान्छेलाई वा साथीभाइलाई चिठी लेख्दा यसै गरेर सम्बोधन गर्नुपर्छ भन्ने नियम छैन । भेटघाटमा जसरी सम्बोधन गर्ने गरिएको छ उसरी नै चिठीमा पनि सम्बोधन गरे हुन्छ । जस्तै,

प्रारम्भमा		**अभिवादन**	**अन्त्यमा**
(ठूलालाई)	आदरणीय	साष्टाङ्ग दण्डवत्	हजुरको
	माननीय	दण्डवत्	हजुरकी
	पूजनीय	प्रणाम	स्नेहपात्र
	पूज्य	ढोग	
	(आमा, बुबा, दाजु		
	काका, दिदी आदि)	सादरप्रणाम	स्नेहाभिषिक्त
	मान्य	नमस्कार	माया गर्ने
	मान्यवर, आदरणीय,	सादर नमस्कार	स्नेही
	(ससुरा, सासू, ज्वाईं		
	जेठान, जेठाजू आदि)		
(सानालाई)	स्नेही		
	मायालु	आशीर्वाद	
	प्रिय	आसिक/आशिष्	माया गर्ने
	प्यारो	शुभाशीर्वाद	स्नेहसाथ सम्झने
	प्यारी	स्नेहाशीर्वाद	
	(छोरो, छोरी, भाइ,	बहिनी)	
(साथीलाई)	प्रिय	नमस्ते	हितैषी
	प्यारो	नमस्कार	तपाईंकै
	प्यारी	स्नेहसम्झना	तिम्रै
	(नाउँ) ज्यू		तेरै
	(नाउँ) जी		साथी

(२) बिन्तीपत्र, आवेदन पत्र, व्यापारिक पत्र आदिमा भने जे पायो त्यही लेख्नु हुँदैन ।

अ. बिन्तीपत्र लेख्ता:

सम्बोधन	पुछारमा
श्री ५ महाराजाधिराज सरकारका जुनाफमा	सरकारको अनन्य भक्त
श्री ५ बडामहारानी सरकारका जुनाफमा	
श्री ५ युवराजाधिराज सरकारका जुनाफमा	

आ. राजपरिषद्का सदस्यहरूलाई लेख्ता:

सम्माननीय ..... ज्यू	तपाईंको, हजुरको
	भवदीय

इ. मन्त्रीहरू र संसदका सदस्यहरूलाई लेख्ता:

माननीय ..... ज्यू	तपाईंको
	हजुरको
	भवदीय

ई. आवेदन लेख्ता:

महोदय	भवदीय

उ. व्यापारिक पत्र लेख्ता:

महोदय	तपाईको (विश्वासपात्र)
महाशय	भवदीय
महाशयवर्ग	तपाईहरूको (विश्वासपात्र)
महोदयवर्ग	

प्रश्नहरू

(क) तपाई भखैरै डोटीबाट काठमाडौं पढ्न आउनुभएको छ । आफ्नै उमेरका काका सिलगढीमै हुनुहुन्छ । उहाँलाई काठमाडौंको बयान गरेर चिठी लेख्नुहोस् ।

(ख) हालै 'गोरखापत्र' मा निक्लेको विज्ञापनमा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयलाई एक जना टाइप गर्ने कर्मचारीको खाँचो भएकाले आवेदनहरू मागिएको छ । उक्त पदका लागि आफू योग्य छु भन्ने आशय खोली निवेदन लेख्नुहोस् ।

(ग) तपाई बुटौलमा एक वर्षदेखि तयारी लुगाहरू बेच्दै हुनुहुन्छ । तपाईलाई नयाँ नयाँ फेशनका लुगा चाहिएकाले काठमाडौं नयाँ सडकको नवीन वस्त्रभण्डारलाई चाहिएका लुगा मगाएर एउटा पत्र लेख्नुहोस् ।

(घ) तपाई अहिले जून ठाउँमा हुनुहुन्छ र जसका विषयमा तपाईलाई राम्रो ज्ञान छ, त्यहाँ तपाई शैक्षिक भ्रमणमा जानुभएको थियो भन्ठानी त्यसैको बारेमा रोचक ढंगबाट बयान गरेर अर्कै ठाउँको ठेगानामा आफ्ना बुबालाई चिठी लेख्नुहोस् ।

हिज्जे– पहिला र बीचका व्यञ्जनको पछाडि स्वर नहुँदा तिनलाई आधी लेख्ने कि सिङ्गै लेख्ने अनि पुछारका व्यञ्जनलाई हलन्त दिने कि नदिने भन्ने समस्या क्रियाको हकमा हामीले गएको आठौं पाठमा बुझिसकेका छौं । अरू शब्दमा क्रियाका नियम लाग्दैनन् ।

(१) यी शब्दहरूको पुछारमा अ को उच्चारण हुन्छ र यिनमा हलन्त लगाउनु हुँदैन–

तल, तर, र, किन, जब, अब, तब, आज, हुनत, बाट तिर, सँग, सित, निर, नेर, बाहिर, मास्तिर, मुन्तिर, तल्तिर, पर्तिर, वर्तिर, वर, पर, जेनतेन, पख, अझ, ताक

(अपवाद– भर, सहित, समेत, लगायत, झन, बाहेक)

(आइमाईका नाउँ)– मन, धन, वन, जन

(अव्यय हुँदा)– घर (घरतिर), माइत, वार, बुधवार, आइतवार, साँझ, बेर, खेर

(य मा टुङ्गिने शब्दहरू)– क्षय, जय, भय, मय, लय, हय, वय, व्यय, सय, प्रलय सहाय, सजाय, महोदय, महाशय, न्याय, राय, विद्यालय

(ह मा टुङ्गिने शब्दहरू)– सल्लाह, गह, मह, दह, बह, देह, सन्देह, कलह, स्नेह, शाह, चाह

(अनुकरणात्मक शब्द)– करर, खरर, गरर, समसम, सलल

(केही अरू शब्द)– शुभ, नभ, शिव, नव, भव, चौध, एघार

(२) माथि (१) मा वर्णन गरिए बाहेक र क्रिया बाहेक अरू सारा शब्दहरूका पुछारमा एक्लो व्यञ्जन भएमा स्वभावैले हलन्त उच्चारण हुने हुनाले तिनमा हलन्त प्रयोग गरिरहनुपर्दैन । जस्तै,

राम, काम, नाम, धाम, धान, कान, रात, भात, शिर, वीर, बहादुर, रहर, लहर, पानस, मानस, इलाम, विमान, जापान, इनाम, हरिहर, कृष्णनारायण, रावण, विभीषण, व्याकरण, तामाङ, गुरुङ, बझाङ, बाग्लुङ, दार्जीलिङ, धादिङ, धिताल, दाहाल, कपाल, नेपाल, हजार, लाख, करोड, अठहत्तर, बीस, सरल, बादल, मादल, सहज, कवच, सकस, बल, फल, प्रतिफल, तान्सेन, कम्जोर, खनाल, ढुङ्गेल, मङ्गल, जहाज, सहर, बजार, ताल, चाल, काल, जनक, दशरथ, चक्रपथ, कीर्तिपुर, दक्षिण, उत्तर, पश्चिम, शिक्षक, प्राध्यापक, सहायक, झन, तन, धन, सन, मन

(३)यी शब्दहरूको पुछारमा भने हलन्त दिनै पर्छ–

महान्, विद्वान्, विराट्, जगत्, अर्थात्, अकस्मात्, देखिन्, (देखि, बाट), सम्मन्, स्वयम्, अहम्, भगवान्, किञ्चित्, स्वागतम्, पृथक्, परिषद्, विद्युत्, शरद्, उपनिषत्, धत्, संवत्, सम्राट्, तडित्, साक्षात्, श्रीमान्, एवम्, सम्यक्, आपत्, आशिष्, विपत्, बृहत्, बुद्धिमान्, सत्, असत्

(ङ) नवौं पाठमा तपाईले क्रियाका हिज्जेका नियमहरू पढिसक्नुभएको छ । नेपाली क्रियाका अन्तिम व्यञ्जनमा खुट्टा काट्नाले र नकाट्नाले अर्थमा फरक पर्ने कुरो तपाईलाई थाहा भइसकेको छ ।

अ. तल दिइएका क्रियाका रूपहरू मध्येबाट कुन चाहिं खाली ठाउँमा शुद्ध हुन्छ छानी आफ्नै उत्तरपुस्तिकामा पूरै वाक्यहरू लेखेर देखाउनुहोस्–

(१) म काठमाडौं ..... (गइनँ, गइन, गइन्, गइनन्) ।

(२) सुधा रातभरि ..... (पढ्छे, पढ्छिन्, पढी, पढेन) ।

(३) छात्राहरू मर्स्याङ्दी ..... (पुगेन, पुगिनन्, पुगेनन्, पुगी, पुगिन, पुगिन्) ।

(४) राम र सीता गीत ..... (गाइन्, गाए, गाइन, गाएन, गाउँछिन्, गाइनन्, गाएनन्, गाउँछन्) ।

(५) गुरु र गुरुआमाहरू घर ..... (जान्छिन्, जान्थिन्, जान्थे, जान्छन्, जाँदैन) ।

आ. तलका कुनै पनि क्रियाका खुट्टा काटिएका छैनन् । जहाँ जहाँ खुट्टा काट्नुपर्छ त्यहाँ त्यहाँ मात्र काटेर शुध्द पारी सारेर देखाउनुहोस्-

(१) राम र हरिले सगरमाथा कुलचेका छैनन ।

(२) शोभा नाचन जानदिन ।

(३) राम र सीता पहाड चढन सकतैनन ।

(४) बहिनीले भात खाइन तर दिदीले खाइन ।

(५) मलाई देखेर उषाकी आमा रिसाइन तर उषा भने रिसाइन ।

१२. लालु र काल

उहिल्यै नै लमजुङतिरको एउटा रमाइलो गाउँमा लालु नामको एउटा गुरुङ बस्थ्यो रे । उसकी गुरुङ्सेनी आफ्ना लोग्नेलाई अग्घोरै माया गर्थी रे । तिनका कल्कलाउँदा तीन जना छोराछोरी पनि भएछन् रे ।

लालु गुरुङ दिनहुँ वनबाट दाउरा काटेर ल्याउँथ्यो रे र त्यही बेचेर ऊ आफ्नो र जहानको पेट पाल्थ्यो रे । आफू गरीबै भए पनि ऊ पाइनसक्नुकी स्वास्नी र रहरलाग्दा छोराछोरीहरूले गर्दा असाध्य सुखी थियो रे ।

यस्तैमा पहाडै ढाकेर बिफरको महामारी फैलिएछ र एक एक गर्दै महिना दिन भित्रैमा उसका छोराछोरीहरू मास छर्न गएछन् । छोराछोरीको स्याहारसुसारमा लखतरान भएकी गुरुङ्सेनीले पनि अर्को महिना एक्कासि जिब्रो टोकेपछि लालु गुरुङ यस संसारमा एक्लो भएछ । यसरी आफ्ना मुटुभन्दा प्यारा मायालुहरूलाई चुँडेर लाने मृत्युसित उसलाई साह्रै रिस उठेछ । तर जति रिस उठे पनि र जतिसुकै मन अमिलो भए पनि लालुले दाउरा काट्न र बेच्न भने छाडेनछ ।

स्वास्नी र सन्तानले छाडेर गएको पीरले ऊ बिस्तारै बिस्तारै दुब्लाउँदै गएछ र एक दिन त आफ्नो दाउराको भारी पनि उचाल्न नसकेर बङ्लङ्ग पछारिएछ । त्यसै रनाहामा उसको मुखबाट निक्लेछ, "लाउँला र खाउँलाको उमेरका मेरा लालाबालालाई टपक्क टिपेर लाने त्यो मोरो काल मलाई भेट्न चाहिं किन नआएको होला ?"

सन्जोग पनि कस्तो परेछ भने त्यस वेला मृत्यु त्यही वनको बाटो गरेर कतै जाँदै रहेछ । लालुले आफूलाई बोलाएको सुन्नेबित्तिकै उसका अगाडि गएर मृत्युले भनेछ, "मलाई किन बोलाएको हँ ?"

त्यस्तो एकान्त वनमा अकस्मात् अर्को मान्छे बोलेको सुन्दा लालु झसङ्ग भएछ । मुन्टो उचालेर हेर्दा आफ्नो अगाडि बूढो बूढो खालको एउटा भलाद्मीलाई उभिएको देखेर उसले भनेछ, "मैले तपाईलाई चिनेकै छैनँ, कसरी बोलाउनु ?"

त्यस अपरिचित मान्छेले मुसुमुसु हाँस्दै भनेछ, "अहिले भर्खरै तिमीले बोलाएको काल मै हुँ ।" लालु गुरुङले त्यस मान्छेको भनाइलाई पटक्कै पत्याएनछ, "काल पनि तपाई जस्तो राम्रो हुन्छ र ?"

"कस्तो हुन्छ त काल ?" त्यस मान्छेले सोधेछ ।

"काल त हेर्दै डरलाग्दो, कालो न कालो, यति लामा दाह्रा निस्केको र राक्षस जस्तो मोटो अग्लो हुनुपर्ने हो । तपाई त हामी मान्छे जस्तै मिजासिला देखिनुहुन्छ । तपाईलाई काल भनेर म कसरी पत्याऊँ ?" लालुले भनेछ ।

यति कुरा गर्दागर्दै त्यस मान्छेले लालुको पिठिउँमा दाउराको भारी उचालेर बोकाइदिएछ र ती दुवै सँगसँगै गाउँ तिर उकालो लागेछन् ।

अलिक माथि पुगेपछि बाटाका छेवैको घारामा ती दुईले एउटी राम्री तरुनीलाई नुहाउँदै गरेको देखेछन् । त्यस मान्छेले लालुलाई भनेछ, "हेर त लालु, त्यस भर्खरकी आइमाईको पनि अब मिति पुगिसकेकाले अब त्यो मर्छे ।"

लालुले छक्क पर्दै सोधेछ, "कसरी नि ?"

"यी यसरी" भन्दै त्यस मान्छेले धारा मास्तिरको रूखको जरो तानिदिएछ र त्यो रूख ढिस्कै सहित लडेर त्यस आइमाईमाथि बज्रिन पुगेछ । त्यो आइमाई आमा पनि भन्न नपाई त्यसरी खुत्रुक्क भएको देखेपछि पो लालुलाई त्यो मान्छे काल नै हो भन्ने पक्का भएछ ।

त्यसपछि लालुले डराई डराई त्यससित सोधेछ, "त्यसो भए, अब म कति बाँच्छु त ?"

मृत्युले "अब तिमी पाँच वर्ष मात्रै बाँच्छौ" भन्ने उत्तर दिएर त्यहाँबाट एकातिर कुलेलम ठोकेछ ।

लालुलाई नरमाइलो लागेछ । हो, बिफरले उसको जहानै सखाप पारिसकेको थियो तर पनि उसलाई त्यति चाँडो मरूँला भन्ने सय मनमा एक मन पनि थिएन । यो काल भन्ने कुरो पनि साहै निठुरी हुँदो रहेछ । मान्छेले आफूले मरूँ भन्दा पनि मर्न नपाईंदो रहेछ, बाँचूँ भन्दा पनि बाँच्न नपाईंदो रहेछ । सोझो लालु गुरुङलाई मृत्युदेखि हुनसम्म झ्याँक चलेछ । यसलाई म मेरो पाइन देखाएरै छाड्छु भन्ने मनमा दह्रो विचार लिएर उसले जङ्गलको बीचमा एउटा सिमलको रूख फेला पारी त्यस भित्रभित्रै कपेर अनौठो घर जस्तो बनाउन थालेछ । रूखभित्र खोक्रो पारेर तला तला बनाई उसले भऱ्याङका खुड्किला समेत तयार पारेछ । पाँच वर्ष भित्रमा त्यस सिमलको रूखभित्र मजाको घर बनेछ ।

पाँच वर्ष बित्ने बित्तिकै मृत्यु लालु गुरुङको छाप्रामा टुप्लुक्क आइपुगेछ । त्यस मान्छेलाई फेरि देखो बित्तिकै मुसुक्क हाँसेर लालुले भनेछ, "मैले पाँच वर्षको समय लगाएर एउटा साहै नै गतिलो काम गरेको छु । मेरो त्यो काम एक पल्ट तपाईले हेर्नै पर्छ । त्यो हेरिसकेपछि भने मलाई मारे पनि हुन्छ । म तयारै छु ।"

मृत्युलाई पनि यस लालुले के त्यस्तो गतिलो कुरो बनाएछ, हेरिहालुँ न त भन्ने सकसक लागेछ र ती दुई जङ्गलतिर गएछन् र सिमलको रूख कपेर बनाएको घर अगाडि पुगेछन् ।

लालु गुरुङले मृत्युलाई सिमलको रूखभित्र पसाएर माथिल्लो तलामा लगेछ । मृत्युले लालु गुरुङको परिश्रमको प्रशंसा गरेछ र उसको कलामा ऊ मख्ख परेछ । त्यसै वेला लालुले मलाई पिसापले च्याप्यो, म एकै छिनमा फर्किहाल्छु भनेछ र ऊ तल ओर्लेछ । बाहिर निस्केर उसले ढ्याम्म ढोका थुनेछ र बाहिरबाट त्यसमा भोटे ताल्चा लगाई ऊ घरतिर फर्केछ ।

मृत्युलाई रूखको टोड्कामा त्यसरी थुनेपछि संसारमा मान्छे मर्न छाडेछन् । हरेक दिन मान्छे जन्मिमात्र रहने तर कोही पनि नमर्ने भइदिंदा संसारमा जनसङ्ख्या बढेर खानेकुराको कमी भएछ । अनिकालले गर्दा जताततै हाहाकार परेछ । देवताहरू पृथ्वीको यस्तो नराम्रो अवस्था देखेर तीन छक परेछन् । तिनले किन यस्तो भएको हो भन्ने बुझेनछन् र ती पृथ्वीलोकमा किन त्यसरी अशान्ति फैलिएछ भनी विष्णु भगवान्लाई सोध्न गएछन्

। विष्णु भगवान् मुसुक्क हाँसेछन् र म शान्ति र सुव्यवस्था कायम गरिहाल्छु नि, चिन्ता गर्नुपर्दैन भनी वैकुण्ठबाट तल ओर्लिएछन् ।

बूढाको भेष लिएका विष्णुले लालु गुरुङको ढोका अगाडि पुगेर उसलाई सोधेछन्, "यसरी यतिका वर्ष बाँचिरहँदा तिमीलाई थकाइ लागेको छैन ?"

लालुलाई पहिले पहिले जतिसुकै बाँचिरहने इच्छा भए पनि केही वर्ष पछिदेखि नै बाँच्न झर्को लागिसकेको रहेछ । उसले विष्णुलाई भनेछ, "थाकेरै पो के हुन्छ र ? सधैं, सधैं बाँचिरहन पाए पनि हुन्थ्यो भन्ठानेर मृत्युलाई थुनेको थिएँ, तर अब त उसलाई आफैले थुनेको ठाउँसम्म हिंडेर गई फुका गर्न पनि नसक्ने गरी दुब्लो बूढो भइसकेको छु । फेरि मलाई कोही पनि मृत्युलाई छोड् भन्न आएको छैन । यसरी घरले जा जा र वनले आइज आइज भन्ने वेलामा पनि बाँचिरहनुपर्दा मलाई असाध्यै पीर परेको छ ।"

विष्णुलाई बूढो लालु गुरुङको कष्ट देखेर टीठ लागेछ र उनले भनेछन्, "म तिमीलाई शक्ति दिन्छु । अब जाऊ र मृत्युलाई छाडिदेऊ ।"

जीवनदेखि वाक्क भइसकेको बूढो गुरुङ नयाँ शक्ति पाएर फुरुङ्ग हुँदै विष्णुसित त्यस रूखको झ्यालखानतिर गएछ । त्यहाँ पुगेपछि उसले ताल्चामा साँचो छिराएर ढोका उघारेछ ।

मृत्यु त्यतिन्जेल थुनिएर बस्नुपरेकाले कपाल सेतै फुलेर र जीउभरि चाउरी परेर बूढो भइसकेको रहेछ । निघाइरहेको मृत्युको शरीरमा आफ्नो कमण्डलुबाट विष्णुले पवित्र जल छर्केपछि ऊ बिउँझिएछ । कष्ट र चिन्ताले गर्दा अनुहार निन्याउरो पार्दै उसले विष्णुसित बिन्ती बिसाएछ, "प्रभु ! सृष्टिलाई चालू राख्न मलाई जे काम दिनुहुन्छ म गर्न तयार छु, तर यस कामबाट चाहिं मलाई छुट्कारा दिनुहोस् ।"

मृत्युको दयनीय अवस्था देखेर विष्णुले मुस्काउँदै भनेछन्, "तिमी जस्ता साहसीले पनि त्यस्तो डरछेरुवा हुन सुहाउँछ के त ? यस सृष्टिलाई चलाइराख्ने हो भने हरेकले आफ्नो आफ्नो कर्तव्य पूरा गर्नुपर्छ ।"

विष्णु भगवान्को यस्तो कुरो सुनेर मृत्यु त एकछिन बोल्न पनि सकेनछ । उसलाई आफूले आफ्नो उत्तरदायित्व पन्छाउन खोजेकोमा लाजमर्नुभएछ । तर विष्णुले ढाडस दिँदै भनेछन्, "आफ्नो पदबाट राजीनामा गर्ने कुरो तिमी नसोच, बरु आफ्नो काम राम्ररी गर्न तिमीलाई केको खाँचो पऱ्यो, मलाई भन ।"

मृत्युले एकछिनसम्म निधार खुम्च्याएर सोचेछ र लामो सास तानेर भनेछ, "मलाई सबैले देख्न सक्ने भएकैले मैले यतिका कष्ट झेल्नुपरेको हो । हे भगवान् ! मलाई कस्तो शक्ति दिनुहोस् भने म संसारलाई देख्न सकूँ तर मलाई भने संसारका प्राणीहरू कसैले पनि देख्न नसकून् ।"

विष्णु भगवान्ले मृत्युको इच्छा पुऱ्याइदिएछन् र त आजसम्म पनि हामी कोही पनि मृत्युलाई देख्न सक्तैनौं तर ऊ भने संसारका सारा प्राणीहरूलाई राम्ररी देख्न सक्ने हुनाले उसले चाहेको वेलामा जसलाई चाह्यो उसैलाई टपक्क टिपेर लाँदै नै छ ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

उहिल्यै	– उहिले नै, धेरै धेरै वर्ष अघि
रे	– यस्तो भनाइ छ
गुरुङ्सेनी	– गुरुङ महिला, गुरुङकी स्वास्नी
कल्कलाउँदा	– कलिला र रहरलाग्दा
असाध्य	– धेरै, साह्रै
महामारी	– चारैतिर फैलिएको डरलाग्दो सरुवा रोग
मास छर्न जानु	– मर्नु
लखतरान हुनु	– थाकु
जिब्रो टोक्नु	– मर्नु
मन अमीलो हुनु	– चित्त दुख्नु
रनाहा	– रन्को, उत्तेजना, ठूलो पीर
मोरो	– फटाहा, बदमाश
काल	– मृत्यु
सन्जोग	– संयोग, अनौठो मौका
भलाद्मी	– असल मान्छे
अपरिचित	– नचिनेको
मिजासिलो	– शिष्ट, राम्रो व्यवहार गर्ने
मिति पुग्नु	– आयु सकिनु, मर्ने वेला हुनु
बज्रिनु	– जुझ्नु, कसिएर ठोक्किनु
खुत्रुक हुनु	– मर्नु
सखाप पार्नु	– सिध्याउनु
झ्वाँक चल्नु	– रिस उठ्नु
पाइन	– शक्ति, तागत
गतिलो	– गजबको, राम्रो
सकसक लाग्नु	– चिउचिउ हुनु, उत्सुकता जाग्नु
परिश्रम	– मिहिनेत
प्रशंसा	– तारीफ
कला	– सुन्दर काम, कौशल, सीप
मक्ख पर्नु	– अत्यन्त रमाउनु, फुरुङ्ग हुनु
टोड्को	– रूख भित्रको खोक्रो ठाउँ, दुलो
जनसंख्या	– मान्छेहरू
अनिकाल	– खानेकुरा नपाउँदा फैलिएको भोक

अशान्ति	– हाहाकार, खैलाबैला
सुव्यवस्था	– राम्रो बन्दोबस्त
वैकुण्ठ	– विष्णु जस्ने ठाउँ
भेष	– रूप, पहिरन
टीठ	– दया
फुरुङ्ग	– दङ्ग, मक्ख, खुशी
कमण्डलु	– साधुले बोक्ने लोटा
पवित्र	– चोखो, शुद्ध
बिन्ती बिसाउनु	– अनुरोध गर्नु
प्रभु	– मालिक, भगवान्
सृष्टि	– ईश्वरले सिर्जेको संसार
छुट्कारा	– मुक्ति, स्वतन्त्रता, अमलेख
दयनीय	– टीठलाग्दो, दुःखलाग्दो
उत्तरदायित्व	– अभिभारा, आफूले पूरा गर्नुपर्ने जिम्मा लिएको कर्तव्य
पद	– ओहदा

प्रश्नहरू

(क) लालु गुरुङ कालसित त्यसरी किन रिसाएको ?

(ख) यो लोककथा पढेपछि तपाईंलाई काल र मान्छेमा कुन चाहिं बढी बुद्धिमान् लाग्यो ? आफ्नो विचार लेख्नुहोस् ।

(ग) विष्णु भगवान्लाई लालुसित जाने कारण के परेछ नि ?
उनी लालुको घरमा नगएका भए के हुन्थ्यो ?

(घ) 'घरले जा जा र वनले आइज आइज' भनेको के हो ? यसो किन भनेको ?

(च) तलको वाक्यलाई बढाएर अर्थ छर्लङ्ग पार्नुहोस्–
यस सृष्टिलाई चलाइराख्ने हो भने हरेकले आफ्नो आफ्नो कर्तव्य पूरा गर्नुपर्छ ।

व्याकरण

मूल शब्द र व्युत्पन्न शब्द– शब्दहरू मुख्य रूपले दुई प्रकारका मानिएका छन् – **मूल** र **व्युत्पन्न** । कुनै प्रकारका प्रत्ययहरू नलागी बनेको पुरानै कालदेखि भाषामा चलिआएको शब्दलाई **मूल शब्द** र जसको स्रोत पत्ता लगाउन सकिन्छ र जसमा कुनै न कुनै प्रत्यय लागेको हुन्छ, त्यसलाई **व्युत्पन्न शब्द** भन्ने चलन छ । **आमा, बाबु, राम, पुस्तक, कराँसो, कर्द, बाख्रो** आदि **मूल शब्द** हुन् । व्युत्पन्न शब्दमध्ये

धातुमा प्रत्यय थपेर बनाएका शब्दलाई **कृदन्त** र अरू शब्दमा प्रत्यय लागेर बनेका शब्दहरू **तद्धितान्त भनुपर्छ** ।

व्युत्पन्न शब्द– मूल शब्दमा प्रत्यय लगाएर अनेकौं प्रकारका शब्दहरू बनाउन सकिन्छ । जस्तै,

(१) ई प्रत्यय थपेर :

मूल शब्द	व्युत्पन्न शब्द	
गरीब	गरीबी	(संज्ञा)
देश	देशी	(विशेषण)
जाल	जाली	(विशेषण)
बाहिर	बाहिरी	(विशेषण)
मित्र	मित्री	(विशेषण)
नेपाल	नेपाली	(विशेषण)
नोकर	नोकरी	(संज्ञा)
चोर	चोरी	(संज्ञा)
खुश	खुशी	(संज्ञा)
इलम	इलमी	(विशेषण)
गुन	गुनी	(विशेषण)

(२) आइ प्रत्यय थपेर :

धातुमा **आइ** थपेर भाव बुझाउने संज्ञा बनाउने कुराको उल्लेख दोस्रो र तेस्रो पाठमा नै भइसकेको छ । यहाँ भने विशेषणबाट भाववाची संज्ञा बनाउने कुरालाई त्यसमा थप्न सकिन्छ । जस्तै,

लामो	लमाइ
छोटो	छोटाइ
मोटो	मोटाइ
गहिरो	गहिराइ
उचो	उचाइ
गोलो	गोलाइ
चौडो	चौडाइ
सफा	सफाइ

(३) **इलो** प्रत्यय थपेर :

नून	नूनिलो
गुन	गुनिलो
झूस	झूसिलो
पोष	पोषिलो

बोझ	बोझिलो
सुक्	सुकिलो
ठाँट	ठाँटिलो
रस	रसिलो
चाख	चखिलो
खाँद्	खँदिलो
हाँस्	हँसिलो
चहक	चहकिलो
जाँगर	जाँगरिलो
साहस	साहसिलो

(४) लो प्रत्यय थपेर :

अघि	अघिल्लो
पछि	पछिल्लो
तल	तल्लो
माथि	माथिल्लो, माथ्लो
पर	पल्लो
वर	वल्लो
मुनि	मुनिल्लो

(५) आलु प्रत्यय थपेर : दूवालु, सिपालु, लज्जालु, बैंसालु, मायालु, लयालु, दयालु, स्नेहालु, ईर्ष्यालु, विषालु, खर्चालु जस्ता शब्दहरू दूध, सिप, लज्जा, बैंस, माया, लय, दया, स्नेह, ईर्ष्या, विष, खर्च जस्ता मूल शब्दमा आलु गाँसिएर बनेका हुन् । यसको केही चर्चा दसौं पाठमा पनि भइसकेको छ ।

(६) आउ, नी, आउरी, आन, आहा, अक्कड, इन्दा, इया, इयाँ, इयार, उवा, अन्ते, आवट, एनी, एनु, एरी, एलु, ऐया, ओट, औना, औरो, याइँ, हुँ जस्ता अनेकौं प्रत्ययहरू उति धेरै शब्दहरूमा पाईँदैनन् । तैपनि ती पनि तल दिएका खालका एक दुई शब्दमा लागेका हुन्छन् । जस्तै,

मिस्	+ आउ	= मिसाउ
भन्	+ आउ	= भनाउ
पक्र	+ आउ	= पक्रउ
दब्	+ आउ	= दबाउ
बिसाउ	+ नी	= बिसाउनी
सम्झाउ	+ नी	= सम्झाउनी
बिर्साउ	+ नी	= बिर्साउनी
सघाउ	+ नी	= सघाउनी

जित्	+ आउरी	= जिताउरी
जुग	+ आन	= जुगान
लुट्	+ आन	= लुटान
फाँड्	+ आन	= फँडान
उड्	+ आन	= उडान
काट्	+ आन	= कटान
ढाल्	+ आन	= ढलान
चल्	+ आन	= चलान
सुत्	+ आहा	= सुताहा
पिर्	+ आहा	= पिराहा
बोक्	+ आहा	= बोकाहा
घोल्लि	+ आहा	= घोल्याहा
घोरि	+ आहा	= घोऱ्याहा
मिच्	+ आहा	= मिचाहा
लुट्	+ आहा	= लुटाहा
कुट्	+ आहा	= कुटाहा
बुझ्	+ अकड	= बुझकड
बोल्	+ अकड	= बोलकड
घुम्	+ अकड	= घुमकड
साल	+ इन्दा	= सालिन्दा
बास	+ इन्दा	= बासिन्दा
आ (उ)	+ इन्दा	= आइन्दा
सहर	+ इया	= सहरिया
सदर	+ इया	= सदरिया
भारी	+ इया	= भरिया
तेल	+ इया	= तेलिया
चीन	+ इयाँ	= चिनियाँ
जहान	+ इयाँ	= जहानियाँ
घरान	+ इयाँ	= घरानियाँ
स्पेन	+ इयाँ	= स्पेनियाँ
होश	+ इयार	= होशियार
अंश	+ इयार	= अंशियार
गुठ	+ इयार	= गुठियार
मत	+ इयार	= मतियार
सुत्	+ उवा	= सुतुवा
बिच्	+ उवा	= बिचुवा
डुल्	+ उवा	= डुलुवा
सर्	+ उवा	= सरुवा
भाँड्	+ उवा	= भँडुवा
ढाँट्	+ उवा	= ढँटुवा
बढ्	+ उवा	= बढुवा
पढ्	+ अन्ते	= पढन्ते
घुम्	+ अन्ते	= घुमन्ते
उड्	+ अन्ते	= उडन्ते
फिर्	+ अन्ते	= फिरन्ते
माग्	+ अन्ते	= मगन्ते
मिस्	+ आवट	= मिसावट
थाक्	+ आवट	= थकावट
लेख्	+ आवट	= लेखावट
सज्	+ आवट	= सजावट
वर्ष	+ एनी	= वर्षेनी
आगो	+ एनु	= अगेनु
मीत	+ एरी	= मितेरी
घर	+ एलु	= घरेलु
बन	+ एलु	= बनेलु
पढ्	+ ऐया	= पढैया
घर	+ ऐया	= घरैया
खा (उ)	+ ऐया	= खवैया
गा (उ)	+ ऐया	= गवैया
लेख्	+ ओट	= लेखोट
छान्	+ ओट	= छनोट
अड्डा (उ)	+ ओट	= अड्डोट
गाँस्	+ ओट	= गँसोट
टिप्	+ ओट	= टिपोट
कप्	+ ओट	= कपोट
खेल्	+ औना	= खेलौना
बिछ्या (उ)	+ औना	= बिछ्यौना
धूप	+ औरो	= धुपौरो
बूढो	+ याईं	= बूढ्याईं

बाठो	+ याइँ	= बठ्याइँ
धूर्त	+ याइँ	= धूर्त्याइँ
पण्डित	+ याइँ	= पण्डित्याइँ
मालिक	+ याइँ	= मालिक्याइँ
लाउके	+ याइँ	= लाउक्याइँ
चङ्गु	+ याइँ	= चङ्ग्याइँ
दिन	+ हुँ	= दिनहुँ

(७) यो, त्यो, ऊ, जो, को जस्ता सर्वनामबाट:

अ. हाँ जोडिंदा यहाँ, त्यहाँ, उहाँ/वहाँ, जहाँ, कहाँ

आ. ति जोडिंदा यति, त्यति, उति, जति, कति

इ. अरी जोडिंदा यसरी, त्यसरी, उसरी, जसरी, कसरी

ई. तो जोडिंदा यस्तो, त्यस्तो, उस्तो, जस्तो, कस्तो

उ. हिले जोडिंदा अहिले, पहिले, उहिले, जहिले, कहिले

ऊ. सो जोडिंदा यसो, त्यसो, उसो, जसो, कसो

ए. तिखेर जोडिंदा यतिखेर, त्यतिखेर, उतिखेर, जतिखेर, कतिखेर

ऐ. तिन्जेल जोडिंदा यतिन्जेल, त्यतिन्जेल, उतिन्जेल, जतिन्जेल, कतिन्जेल

ओ. ता जोडिंदा यता, त्यता, उता, जता, कता

औ. त्रो जोडिंदा यत्रो, त्यत्रो, उत्रो, जत्रो, कत्रो

(छ) जोडा मिलाउनुहोस् :

(१) हामी त्यति बेला मात्र डराउँछौं	- जति अटाउँछन्
(२) अनल जब स्कूल जान्छ	- मसित पैसा हुनेछ
(३) हरिले सीतालाई त्यसो भन्यो	- जो अर्कालाई धोका दिंदैन
(४) हाम्रो विद्यालयमा त्यति जना पढ्छन्	- जति बेला हिउँ पर्छ
(५) शिवले त्यसरी पौरी खेल्यो	- हरि पनि उसरी नै गर्छ
(६) तपाईं जसरी काम गर्नु, हुन्छ	- जसरी जान्नेहरू खेल्छन्
(७) म तब मात्र त्यहाँ जान्छु	- जब घाम लाग्छ
(८) जहाँ मूर्खहरू हुन्छन्	- जहाँ साथीहरू छन्
(९) हामी त्यहाँ खेल्छौं	- त्यहाँ सज्जनहरू जाँदैनन्
(१०) त्यो मानिस मात्र असल हो	- जसो भन्नु उचित हुन्छ

(ज) कोष्टक भित्रका शब्दहरूबाट सुहाउँदा चाहिं छानेर तलका रिक्त ठाउँहरू भर्नुहोस्:

(१) श्याम - गयो - पौडेल गएका थिए । (त्यहाँ, जहाँ, कहाँ)

(२) हजुर - पाल्नुभयो भनी सीताले सोधिन् । (यता, जता, कता)

(३) म – सारी किनूँ भनी सोद्धा – तिमीलाई मन पर्छ – किन भनी श्रीमान् बस्नेतले आफनी पत्नीलाई भन्नुभयो । (त्यो, जुन, कुन)

(४) सगरमाथा चढ्ने पहिलो मान्छे हो र – ऊ त्यहाँ चढेको थियो भन्ने बारेमा कुनै शंका छैन । (कहिले, जहिले, को, जो)

(५) म – खान्छु र तँ – खान्छस् अथवा म – पढ्छु र तँ – पढ्छस्, जस्ता – प्रश्न सोधे पनि हुन्छ । (के, जे, त्यो, जति)

(झ) तलका व्युत्पन्न शब्दहरूमा कुन कुन प्रत्यय लागेका छन् ? देखाउनुहोस्:

साहसिलो, पिराहा, निदाउरो, जापानी, डोटेली, जर्मनेली, बेलाइती, दुम्जाली, हिंडाइ, दूधालु, चतुऱ्याईं, धनी, लेखुवा, घुमन्ते, जुम्स्याईं, कन्जुस्याईं, गराइ, पढाइ, मुखाले, रसिलो, घुमक्कड

(ञ) घुलौटे र रोपाईं शब्दहरू मूल हुन् कि व्युत्पन्न हुन् ?

तिनलाई आफना वाक्यमा प्रयोग गर्नुहोस् र व्युत्पन्न हुन् भने कसरी हुन् देखाउनुहोस् ।

१३. पहिलो विमान उडाउने राइट दाजुभाइ

हुनत हाम्रो समाजमा देवता, राक्षस र परीहरू मात्र होइन साधारण मानिसहरू पनि उडेका अनेकौं दन्ते कथाहरू प्रचलित छन् र रामायणमा समेत लङ्काका राजा रावणसित पुष्पक विमान थियो जसमा राम उनकी प्यारी पत्नी सीतालाई राखेर रावणलाई हराइसकेपछि आफ्नो राजधानी अयोध्या उडेर फर्के भन्ने बयान पनि छ । आधुनिक विज्ञानको उन्नति भएपछि भने साँच्चै नै मान्छे आकाशमा चरा जस्तै उडेर एक ठाउँबाट अर्को ठाउँमा जान थालेको छ ।

आज हाम्री लन्डन, टोकियो, न्यूयोर्क, दिल्ली, कलकत्ता, ढाका र ब्याङ्कक जस्ता विदेशी सहरहरूतर्फ मात्र होइन, आफ्नै मुलुक भित्रका विराटनगर, पोखरा, भैरहवा र नेपालगन्ज जस्ता सहरहरूतर्फ जानुपर्दा पनि सजिलै उडेर जान सक्छौं । हिंडेर जाने हो भने महिनौं लाग्ने ठाउँमा पनि आज हाम्री केही घन्टामै उडेर सुबिस्तासाथ पुग्न सक्छौं । संसारलाई आवतजावतका लागि यस्तो सुबिस्ता दिने वायुयान सर्वप्रथम विक्रमाब्द १९६० मा मात्र बनेको थियो ।

चराहरू आकाशमा जता मन लाग्छ उतै उडेको देख्दा मान्छेलाई पनि त्यसरी नै उड्न पाए हुनेथियो भन्ने इच्छा अहिल्यैदेखि लाग्ने गर्थ्यो । तर इच्छा मात्र गरेर मान्छे सजिलै उड्न सक्तैनथ्यो । उड्न सकिन्छ भन्ने पक्का पत्यार पनि मान्छेमा थिएन । लिओनार्दो दा भिन्ची नै पहिला मानिस हुन् जसले मान्छे उपयुक्त यन्त्र बनाएर पक्का पनि चरा जस्तै स्वच्छन्द आकाशमा उड्न सक्छ भनेर पत्यार गरेका थिए । उनले वर्षौंसम्म अनेक प्रकारका उड्ने गाडीहरू बनाएका थिए । उनको समयमा पेट्रोलको पत्ता लागिसकेको थिएन, नभए अवश्य पनि लिओनार्दोले आफ्ना एउटा न एउटा यानलाई उडाउने थिए । लिओनार्दो आफ्ना कुनै पनि विमानलाई उडाउन सफल नभएकाले उनको मृत्युपछि कुनै साहसी व्यक्ति पनि वायुयान बनाउन अघि नसरेकाले संसारले ३८४ वर्ष अरू पर्खनुपऱ्यो ।

जुन व्यक्तिहरूले पेट्रोल प्रयोग गरेको यन्त्र चलाई हावाभन्दा गह्रौं आफ्नो वायुयानलाई सफलतासाथ आकाशमा उडाएका थिए ती विल्भर राइट र ओर्भिल राइट भन्ने अमेरिकाली दाजुभाइ

थिए । विल्मर इन्डियाना राज्यको मिल्भिल भन्ने ठाउँमा विक्रमाब्द १९२४ मा र ओर्भिल ओहायो राज्यको डेटन भन्ने नगरमा विक्रमाब्द १९२८ मा जन्मेका थिए । उनीहरूका पिता मिल्टन राइट डेटनको एउटा गिर्जाघरमा धर्मप्रचारक थिए । सानैदेखि उनीहरू विज्ञानमा चाख लिन्थे र साइकलका पाङ्ग्राहरू खेलाउने गर्थे । पछि गएर तिनले सस्यानो छापाखाना र साइकल पसल चलाए । नयाँ खालको साइकल बनाएमा नाउँ पनि चल्ने र पैसा पनि कमाउन सकिने विचारले ती रात दिन नौला नौला परीक्षणहरू गरिरहन्थे । यस्तैमा ती दाजुभाइले विक्रमाब्द १९५३ मा ओट्टो लिलीन्थल भन्ने जर्मनेली आफैं उड्ने यन्त्रको परीक्षण गर्दा गर्दै दुर्घटनामा परी मरेको खबर सुने । त्यो यन्त्र पेट्रोलले चल्ने रहेछ आकाशमा हावाको गतिसँगै बगेर उड्ने खालको थियो । विल्मर र ओर्भिलले पनि बतासको वेगसित हुइँकिने यन्त्र बनाउने अठोट गरे । तिनले वायुयान उडाउने विषयमा पाइए जति सारा तथ्यहरू जम्मा गरेर गहिरो अध्ययन गरे । उनीहरूले हावाको गति र चक्का उडाउँदा त्यसको कस्तो प्रभाव पर्दो रहेछ र यसरी उडाइएका वस्तुलाई कसरी वशमा राख्न सकिंदो रहेछ भन्ने राम्रो अध्ययन गरे । विज्ञानका सिद्धान्तको विषयमा ती दुई दाजुभाइ घन्टौं मच्ची मच्ची बहस गर्थे र दुवैको मत मिलेपछि मात्र त्यस सिद्धान्तलाई काममा लगाउँथे । बतासको वेगसित कुनै वस्तुलाई पुईंक्याउँदा हुने प्रभावको राम्रो खोज गरिसकेपछि तिनले धेरै हावा लाग्ने खुला ठाउँ खोजेर आफ्ना प्रयोग र परीक्षणहरू गर्ने सुर कसे । उत्तर क्यारोलाइना राज्यको अट्लान्टिक महासागरको किनारमा किटी हक भन्ने बालुवाले भरिएको मैदानलाई तिनले रोजे र त्यस ठाउँमा गएर ती दाजुभाइले निकै परीक्षणहरू गरे ।

जुन समयमा विल्मर र ओर्भिल राइट दाजुभाइ आफ्ना पखेटे यन्त्रहरूलाई यता र उता हावामा उडाउने र हुईंक्याउने प्रयोगहरू गरिरहेका थिए त्यस वेला ठूलठूला बेलूनमा हावा भरेर उडाउने र त्यस्ता बेलूनका फेदमा झुन्ड्याएका बाकसमा मान्छे चढाउने समेत अमेरिका र युरोपभरि अनेकौं सफल परीक्षण भइरहेका थिए । तर ती बेलूनहरू हावा जता बग्छ उतै बग्थे र तिनलाई जहाँ पुऱ्याएर ओह्राल्नुपर्ने हो ओह्राल्न सकिंदैनथ्यो ।

राइट दाजुभाइ यस्तो यान बनाउन चाहन्थे जसलाई आफूले लान चाहेको ठाउँमा जति वेला पनि लान सकियोस् । यसो गर्न हावा बगेको दिशातर्फ मात्र हुईंक्याउन र चिप्ल्याउन सकिने हलुका पखेटे यानबाट नसकिने तिनले देखे । पेट्रोलले शक्ति दिएर चलाउने यन्त्र जडेमा मात्र आफूले जता लान मन लाग्छ उता लान सकिने वायुयान बनाउन सकिने कुरा तिनले बुझे ।

त्यस ताकका मोटर गाडी बनाउने कार्खानाहरूलाई हलुका खालको पेट्रोलले चल्ने यन्त्र बनाउन तिनले अनुरोध गरे, तर पेट्रोलले चल्ने गह्रौं यन्त्र आकाशमा उड्न सक्छ भन्ने कुनै पनि कार्खानालाई विश्वास थिएन । यस्ता बहुलाहा तालका कुरालाई सुन्ने फुर्सद पनि ती कार्खानालाई थिएन ।

उनीहरूका कुरामा अरूले विश्वास गरून् कि नगरून्, उनीहरूका विचारलाई अरूले मानून् कि नमानून् वा उनीहरूका आविष्कारप्रति अरूले चाख लिऊन् कि नलिऊन् राइट दाजुभाइ निरन्तर आफ्नो खोजमा डटी नै रहे । कुनै मोटर कार्खानाले पनि यन्त्र नबनाइदिएपछि ती आफै नै पेट्रोलले चल्ने यन्त्र बनाउनमा जुटे र केही वर्षको कठोर परिश्रम पछि आफूले चाहेको यन्त्र बनाउन सफल पनि भए ।

धेरै वर्षको अध्ययन, खोज र निर्माणका सहायताले ती दाजुभाइले एउटा यस्तो वायुयान बनाएर किटी हकमा लगे जसमा आफैंले बनाएको पेट्रोलले चल्ने यन्त्रको पनि तिनले जडान गरे । यति गरिसकेपछि विश्वको इतिहासमा पहिलो पल्ट हावा भन्दा गह्रौं वस्तुलाई यन्त्रका सहायताले आफूले रोजेको दिशातर्फ उडाउन ती तम्तयार भए ।

विक्रमाब्द १९६० साल पुस २ गतेको बिहानको समय थियो । बतास २७ माइल प्रति घन्टाको गतिमा हुईंकिइरहेको थियो । राइट दाजुभाइले ओरपरका धेरै मान्छेहरूलाई पहिलो चोटि वायुयान उडाएको देखाउन बोलाएका थिए । तर पाँच जना मात्र त्यस ऐतिहासिक उडानलाई हेर्न आइपुगेका थिए । पहिलो चोटि भाइ यानमा बसे र दाजु चाहिले पखेटा घुमाइदिएर डोरी तानी वायुयानलाई ठेलीदिए । यन्त्रले साँच्चै नै यानलाई आकाशमा उचाल्यो र बाह्र सेकेन्डसम्म त्यो यान आकाशमा एक सय बीस फुटको दुरीसम्म उड्यो अनि भुईंमा ओर्ह्रन पुग्यो । त्यसको लगतैपछि दाजु चाहिं यानमा चढे । दाजुका पालामा वायुयान उनान्साठी सेकेन्डसम्म उडेर आठ सय बाह्र फूटको दूरीसम्म आकाशमै रह्यो ।

त्यस दिन गरेका आकाशका यात्रा जतिसुकै छोटा र जतिसुकै थोरै अवधिका भए पनि राइट दाजुभाइले मानव सभ्यतामा नयाँ योगदान गरिसकेका थिए ।

यत्रो ठूलो आविष्कारलाई पनि त्यस वेला तुरुन्तै उति महत्त्व दिइएन । विल्भर राइट आफ्नो आविष्कारको प्रचार गर्न फ्रान्स् गए र छ सात वर्षका अनेकौं प्रयत्न पछि र अनेकौं पल्ट आकाशमा धेरै बेरसम्म उडेर देखाएपछि बल्ल उनीहरूको सबले विश्वास गरे र उनीहरूप्रति उचित सम्मान हुन थाल्यो । तर यस महान् आविष्कारको नौ वर्ष पनि पुग्दा नपुग्दै १९६९ मा थाङ्ने जराले थलिएर डेटनको आफ्नै घरमा विल्भर राइटको देहान्त भयो । दाजुको मृत्यु पछि ओर्भिल राइट छत्तीस वर्ष अरू बाँचे र विश्वमा आफ्नो आविष्कारले यातायातको मात्र होइन, आधुनिक जीवनको हरेकजसो क्षेत्रमा ल्याएका क्रान्तिकारी परिवर्तनहरूलाई आँखा भरिभरि हेरेर २००५ सालमा सन्तोषपूर्वक उनले पनि आँखा चिम्ले ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

परी	– स्वर्गकी सुन्दरी
उपयुक्त	– सुहाउँदो, कामलाग्दो
स्वच्छन्द	– आफूखुशी
यान	– गाडी
परीक्षण	– जाँच
दुर्घटना	– नराम्रो घटना, दुःखपूर्ण घटना
वश	– अधीन
सिद्धान्त	– विचार, मत
आविष्कार	– खोजेर पत्ता लगाएको कुरो

निरन्तर - लगातार, नथामिई

जडान - जोड्ने काम, जोडाइ

थाङ्ने जरो - विषम ज्वर, सन्निपात

थलिएर - बिरामी भएर, सिकिस्त भएर

देहान्त - मृत्यु, स्वर्गवास

क्रान्तिकारी - ठूलो

परिवर्तन - हेरफेर

आँखा चिम्लनु - मर्नु, जिब्रो टोक्नु

प्रश्नहरू

(क) तलका प्रश्नहरूलाई सुहाउँदा उत्तर छान्नुहोस्–

(१) आकाशमा हावा भन्दा गह्रौं यान उडाउने पहिला व्यक्ति को हुन् ?

अ. लिओनार्दो दा भिन्ची

आ. ओट्टो लिलिन्थल

इ. राइट दाजुभाइ

(२) राइट दाजुभाइले आफ्नो यान उडाउने परीक्षण गर्न कुन ठाउँ रोजेका थिए ?

अ. उत्तर क्यारोलाइना राज्यको किटी हक

आ. ओहायो राज्यको डेटन

इ. इन्डियाना राज्यको मिल्भिल

(३) भाइको नाउँ ओर्भिल थियो भने दाजुको नाउँ चाहिं के थियो ?

अ. मिल्टन

आ. विलियम

इ. विल्बर

(४) रामायणमा लेखे अनुसार पुष्पक विमान कससित थियो ?

अ. लङ्काका राजा रावणसित

आ. अयोध्याका राजा रामसित

इ. किष्किन्धाका राजा सुग्रीवसित

(५) पेट्रोलले यन्त्र चलाई पहिलो पल्ट उडाएको वायुयान कति बेरसम्म आकाशमा रहेको थियो ?

अ. तीन मिनेटसम्म

आ. बाह्र सेकेन्डसम्म

इ. उनान्साठी सेकेन्डसम्म

(ख) एक एक वाक्यमा जवाफ लेख्नुहोस् -

(१) दाजु चाहिं राइटको देहान्त वायुयानबाट खसेर भयो कि थाङ्ने जरो लागेर ?

(२) भाइ राइटको देहान्त सन्तोषपूर्वक भयो कि चिन्तापूर्वक ?

(३) राइट दाजुभाइका आविष्कारको सम्मान उनीहरू बाँचेकै वेलामा भयो कि मरिसकेपछि भयो ?

(४) पहिलो पल्टको ऐतिहासिक उडाइ दाजुको थियो कि भाइको ?

(५) पेट्रोलले चल्ने यन्त्र कुनै मोटर कार्खानाले बनाइदियो कि राइट दाजुभाइले आफैं बनाए ?

(ग) आफ्नो आविष्कारलाई दुनियाँले पत्याउने पार्न राइट दाजुभाइले के के गर्नुपऱ्यो ? बयान गर्नुहोस् ।

(घ) पहिलो पल्ट सफलतासाथ आकाशमा नउडुन्जेल राइटहरूले के के गरे ? आफ्नै भाषामा टिपोट लेख्नुहोस् ।

(ङ) राइट दाजुभाइले गर्दा हामीले के पायौं त ? एउटा रमाइलो लेख तयार पार्नुहोस् ।

व्याकरण

लिङ्गभेद - नेपालीमा तीन प्रकारका लिङ्गहरू छन्- पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग, तर हाम्रो व्याकरणमा नपुंसक लिङ्गको रूप भने पुलिङ्गकै जस्तो चल्छ । क्रियामा पनि लिङ्गभेद गरिने हुनाले तलका नियमहरू नेपाली भाषामा महत्त्वपूर्ण छन् :

(१) संज्ञामा (र कहिलेकाहीं छुट्याउनै खोजेका वेला विशेषणमा पनि) जनावरहरूमा स्त्रीलिङ्ग र पुलिङ्ग देखाइन्छन् । जस्तै,

पुलिङ्ग	स्त्रीलिङ्ग
बाघ	बघिनी
बाख्रो	बाख्री
मत्ता	ढोई
गोरु	गाई
घोडा	घोडी
बाछो	बाछी
राँगो	भैंसी

कति जनावरहरूलाई भाले र पोथी विशेषण दिएर समेत लिङ्ग छुट्याइन्छ । जस्तै,

भाले हाँस	पोथी हाँस
भाले मुजुर	पोथी मुजुर
भाले जरायो	पोथी जरायो

क्रियाको प्रयोगमा भने मनुष्यका भाले पोथी जनाउँदा मात्र लिङ्गभेद देखाइन्छ । अरू जनावरका विषयमा भने भाले वा पोथी जे भए पनि पुलिङ्गकै रूपहरू लगाइन्छन् । जस्तै,

गाईले घाँस खायो ।

बाछी भोकायो होला ।

(२) अ. मनुष्य जातिका भाले पोथी जनाउँदा पुलिङ्गी नाउँमा नौं थपेर मूल शब्दमा थपघट गरी स्त्रीलिङ्गी बनाउने चलन छ–

पुलिङ्ग	स्त्रीलिङ्ग
साहू	साहुनी
बाहुन	बाहुनी
कामी	कमिनी
दमाई	दमिनी
सार्की	सर्किनी
छेत्री	छेत्रिनी
नेवार	नेवार्नी
सुब्बा	सुब्बिनी
थारू	थरुनी
पति	पत्नी
तन्नेरी	तरुनी
लामा	लमिनी
बजिया	बजिनी
मुखिया	मुखिनी
थापा	थपिनी
गुरुङ	गुरुङ्सेनी
सैंगी	सैंगिनी
नाति	नातिनी

आ. तर कति शब्दहरूमा मने ई लाग्छ–

कुमार	कुमारी
युवक	युवती
नर	नारी
बूढो	बूढी
सालो	साली
छोरो	छोरी
नर्तक	नर्तकी

इ. संस्कृतबाट सापटी लिइएका कति पुलिङ्गीमा आ थपेर स्त्रीलिङ्गी बनाइन्छ–

छात्र	छात्रा
कमल	कमला
नवीन	नवीना

प्रिय	प्रिया
प्रेमी	प्रेमिका
लेखक	लेखिका
गायक	गायिका
चालक	चालिका
सेवक	सेविका
परिचारक	परिचारिका
धावक	धाविका

ई. पुलिङ्ग र स्त्रीलिङ्ग बेग्लै स्वरूप भएका–

ससुरो	सासू
दाजु	भाउजू
मामा	माइजू
बाबु	आमा
भिनाजु	दिदी
श्रीमान्	श्रीमती
लोग्ने	स्वास्नी
पोइ	जोई
भाले	पोथी
कवि	कवयित्री
विद्वान्	विदुषी

उ. अचेल कति थर र पदहरूमा स्त्रीहरूले पनि पुलिङ्गी शब्द नै चलाउने गरेका छन् । जस्तै,

थर– शाह, शर्मा, श्रेष्ठ, प्रधान, बराल, खनाल, मानन्धर, राई, थापा, बस्नेत, सिंह, लुईंटेल, भट्टराई, राणा

पद– प्राध्यापक, मन्त्री, सचिव, प्रबन्धक, निर्देशक, सभापति, अध्यक्ष

यी शब्दहरू वास्तवमा उभयलिङ्गी (अर्थात् पुलिङ्ग र स्त्रीलिङ्ग जेमा लगाए पनि हुने) हुन् । यस्ता संज्ञा वा विशेषण भएमा क्रियाको प्रयोगबाट वाक्यमा लिङ्ग छुट्टिन्छ ।

ध्यान दिनुपर्ने कुरा :

१. नेपाली भाषामा साधारण रूपले मानिसका सम्बन्धमा मात्र स्त्रीलिङ्ग र पुलिङ्ग छुट्याउनुपर्छ । जस्तै,

मानिस – हरि गयो । हरिमाया गइन ।

जनावर – पाठो भोकायो । पाठी भोकायो ।

२. स्त्रीलिङ्ग र पुलिङ्गको भेद विशेषण, संज्ञा र क्रियामा गरिन्छ । जस्तै,

पुलिङ्ग - कालो केटो रुन्छ ।

स्त्रीलिङ्ग - काली केटी रुन्छे ।

३. नेपाली भाषामा सर्वनामबाट लिङ्ग छुट्टिदैन । जस्तै,

पुलिङ्ग - ऊ भात खान्छ । उनी कुरा सुन्छन् ।

स्त्रीलिङ्ग - ऊ भात खान्छे । उनी कुरा सुन्छिन् ।

पुलिङ्ग - त्यो पढ्छ । तिनी थला परे ।

स्त्रीलिङ्ग - त्यो पढ्छे । तिनी थला परिन् ।

(च) तलका पुलिङ्गी शब्दका स्त्रीलिङ्गी रूप दिनुहोस् -

सिंह, खरायो, थामी, लिम्बू, खर्दार, मगर, केटो, ठिटो, नाति, लोग्नेमान्छे, पाठो, बचरो, बिचरो, कालो, पातलो, मोटो, बाटुलो, चितुवा, भतुवा, सर्दार

(छ) तलका वाक्यहरूमा सबै अक्षर सलक्क लेखिएका छन् । आधा लेख्नुपर्नेलाई आधा र हलन्त दिनुपर्नेलाई त्यही रूपमा शुद्ध पारेर देखाउनुहोस् -

हामरो देश असाधयै रामरो छ । उततरतिर शुभर हिमालयका चुचुराहरू युगौंदेखि यस राषटरको शुरक्षा गरदै आएका छन । दक्षिणतिर गङगाको विसतरित फाँट रातदिन हामीलाई चाहिने सामुदरी हावा बेरोकटोक पठाइरहनछ । यसै पुणय भूमिमा जनक जसता राजा, सीता जसती राजकुमारी र बुदध जसता महामानव जनमेका हुन । अरनिको हुन वा मानदेव हुन, परिथवीनारायण शाह हुन वा भानुभकत आचारय हुन सबैले यस देशलाई उँभो उठाएका छन, यसको गौरव वरिदधि गरेका छन ।

यो मुलुक आज परजातनतर प्रापति पशचात निरनतर उजयालो भविषय तारेर अधि बढिरहेछ । हामरा आकांक्षाहरूले सगरमाथा छोएका छन ।

(ज) तलका वाक्यहरूलाई शुद्ध पार्नुहोस् -

(१) श्रीमती शर्मा कपाकप भात खान लाग्यो ।

(२) मेरी प्यारी झाली गाई मनग्गे दूध दिन्छे ।

(३) घरकी कुक्कुर्नी असाध्यै भुक्छे ।

(४) सुब्बिनीको छोरी मायालाग्दो थियो ।

(५) ए लामा, तपाईंको लमिनीले गलैंचा बनाइसकिबक्सिन् ?

(६) यहाँ मेरो मुमा होइबक्सिन्छ ।

(७) उहाँ मेरो बुवा होइबक्सिन्छ ।

१४. इच्छा

इच्छा यो छ महेश, अन्तिम जसै त्यो मृत्युशय्या जली
मेरो रक्त सुकाउला म गरूँला अन्योल भै छट्पटी
त्यो वेला मुखमा बुटीहरू परून् नेपालकै केवल
जे जेमा हिमशैलको छ मधुरो मिठो चिसो चुम्बन !
'यो नेपाल स्वतन्त्र भै फुलिरहोस् राजा प्रजामा सधैं
झाँगी फैलिरहोस् बढेर लहरा यै शान्ति ऐश्वर्यको'
यो सन्देश म ब्रह्मनाल तकिया पारी पठाउँ वहाँ
साक्षी शङ्कर छन् श्मशान पछिका आशा रहेका जहाँ !
कञ्ला मन्दिरमा 'तथास्तु' जब त्यो घण्टा दिदै उत्तर
हाँस्तै, शान्त भई उही समयमा नेपाल हेरी मरूँ,
मेरो लास पवित्र चन्दन घसोस् कात्रो मलाई बनोस्,
नेपाली सुकुमार हातहरूले खस्रा बुनेका लुगा !
नेपाली वनका कपूर तुलसी श्रीखण्डका साथमा
प्यारो सुन्दर आर्यघाट तटको साजा चितामा जलूँ
पाऊँ बस्न मरेर आखिर गई स्वर्गीय त्यै ठाउँमा
नेपालीहरू छन् मरीकन ,सबै जन्मीरहेका जहाँ !

(बालकृष्ण सम)

अभ्यास

अष्ठारा शब्दहरू

महेश	-महादेव
अन्तिम	-आखिरी
मृत्युशय्या	-मरेको मान्छेको ओछ्यान, चिता
जली	-डढी
रक्त	-रगत
अन्योल	-दोधार
भै	-भईको छोटकरी
हिमशैल	-हिमालयको शिखर, हिउँको चुचुरो

चुम्बन	-म्वाई
ऐश्वर्य	-सम्पत्ति
सन्देश	-खबर
ब्रह्मनाल	-चिता
तकिया	-सिरानी
साक्षी	-साछी, देख्ने मान्छे
श्मशान	-मसान
तथास्तु	-त्यस्तै होस्, जे चिताएको छ त्यही होस्
पवित्र	-चोखो, शुद्ध
चन्दन	-निधारमा लाउने काठको वा अरू चीजको लेप
कात्रो	-भुर्दा बेर्ने लुगा
सुकुमार	-कोमल, कल्कलाउँदो
श्रीखण्ड	-एक प्रकारको बास्ना आउने काठ
आर्यघाट	-काठमाडौंमा पशुपतिनाथ मन्दिरका छेउको वाग्मतीको घाट
तट	-किनार, नदीको छेउ
साजा	-सबैको
जलौं	-डढौं
स्वर्गीय	-स्वर्गको
त्यै	-त्यहीको छोटकरी

कविको चिनारीः- बालकृष्ण समको जन्म १९५९ सालमा काठमाडौंमा भएको थियो । उच्चवर्गीय राणापरिवारमा जन्मेर पनि नेपालका सम्पूर्ण जनतालाई बराबर माया गर्ने सम मानवतावादी व्यक्ति थिए । त्यसैले उनले २००७ सालको जनक्रान्तिपछि आफ्नो नाउँको पछिल्लो भाग समशेर जंगबहादुर राणालाई छोट्याएर बराबरी बुझाउने सम पारेका थिए । उनले मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रल्हाद, प्रेमपिण्ड, अन्धवेग, अमरसिंह, भक्त भानुभक्त जस्ता अनेकौं नाटकहरू लेखेर नेपाली भाषालाई धनी बनाएका छन् । उनका निबन्ध, कथा र कविताहरू पनि उत्तिकै राम्रा हुन्छन् । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा पहिले सदस्य र पछि उपकुलपति समेत भएका थिए । उनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सर्वश्रेष्ठ पुरस्कार पृथ्वी प्रज्ञा पुरस्कार समेत पाएका थिए । २०३८ सालमा उनको देहान्त भयो ।

समका धेरैजसो कविता छन्दमा छैनन् । उनका मुकुन्द इन्दिरा जस्ता नाटकहरू अनुष्टुप् छन्दमा लेखिए पनि र चिसो चूल्हो जस्तो महाकाव्यका ठाउँठाउँमा संस्कृत छन्द र नेपाली झ्याउरे लोकछन्दहरू भए पनि आगो र पानी जस्तो खण्डकाव्य र अनेकौं प्रसिद्ध कृतिहरू गद्य कविताको शैलीमा लेखिएका छन् । इच्छा चाहिं शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । (जातीय कवि भानुभक्त आचार्यको रामायणमा पनि धेरैजसो श्लोकहरू शार्दूलविक्रीडित छन्दमै छन्) यस कवितामा कवि समले आफ्नो मुटुभित्रदेखिको माया आफ्नो मातृभूमिमा खन्याएका छन् ।

प्रश्नहरू

(क) मृत्युपछि कवि सम के सन्देश पठाउन चाहन्छन् ?

(ख) नेपालीहरू मरेपछि कुन ठाउँमा जान्छन् भन्ने समको विचार छ ?

(ग) ईश्वरवादी भन्दा ईश्वर मान्ने मान्छे र अनीश्वरवादी भन्दा ईश्वर नमान्ने मान्छे भनी बुझिन्छ । कसैकसैले उनको नियमित आकस्मिकता जस्तो पुस्तक पढेर उनलाई अनीश्वरवादी पनि भनेका छन् । यो कविता पढिसकेपछि तपाई समलाई ईश्वरवादी मान्नुहुन्छ कि अनीश्वरवादी मान्नुहुन्छ ? किन ?

(घ) तलका दुई हरफमा जे विचार छ त्यसलाई बढाएर पच्चीस तीस वाक्यहरू लेख्नुहोस्:

मेरो लाश पवित्र चन्दन घसोस् कात्रो मलाई बनोस्
नेपाली सुकुमार हातहरूले खसा वुनेका लुगा !

(ङ) यस कविताको मूल सन्देश देशप्रेम हो कि ईश्वर भक्ति हो ? तर्क दिएर आफ्नो मतको पुष्टि गर्नुहोस् ।

व्याकरण

क्रियामा लिङ्गभेद- नेपाली क्रियाको रूप कर्ता (संज्ञा वा सर्वनाम) अनुसार चल्छ । कर्ता पुलिङ्गी भए क्रियाले पनि पुलिङ्ग जनाउँछ र कर्ता स्त्रीलिङ्गी भए क्रियाको पनि स्त्रीलिङ्गी रूप नै हुनुपर्छ । लिङ्गका साथै क्रियाले वचन (एकवचन र बहुवचन) र पुरुष (पहिलो, दोस्रो र तेस्रो) पनि जनाउँछ । नेपाली भाषामा हरेक क्रियाका चार तहका रूप चल्छन् ।

खानु क्रियामूलका साधारण वर्तमान कालका रूपहरू यी हुन् :

सबै तहमा (उभयलिङ्गी)

	एकवचन	बहुवचन
पहिलो पुरुष -	म खान्छु	हामी खान्छौं

१. अनादरवाची (आदर नजनाउने)

	एकवचन		बहुवचन
	पुलिङ्ग	स्त्रीलिङ्ग	उभयलिङ्ग
दोस्रो पुरुष -	तँ खान्छस्	तँ खान्छेस्	तिमीहरू खान्छौ
तेस्रो पुरुष -	ऊ खान्छ	ऊ खान्छे	उनीहरू खान्छन्
२. आदरवाची			
दोस्रो पुरुष -	तिमी खान्छौ	तिमी खान्छ्यौ	तिमीहरू खान्छौ
तेस्रो पुरुष -	उनी खान्छन्	उनी खान्छिन्	उनीहरू खान्छन्
३. औपचारिक	आदरवाची		

	एकवचन (उभयलिङ्ग)	बहुवचन (उभयलिङ्ग)
दोस्रो पुरुष -	तपाई खानुहुन्छ	तपाईहरू खानुहुन्छ
तेस्रो पुरुष -	उहाँ खानुहुन्छ	उहाँहरू खानुहुन्छ

४. अत्यन्त आदरवाची

	एकवचन (उभयलिङ्ग)	बहुवचन (उभयलिङ्ग)
दोस्रो पुरुष –	हजुर खाइबक्सिन्छ	हजुरहरू खाइबक्सिन्छ
तेस्रो पुरुष –	उहाँ खाइबक्सिन्छ	उहाँहरू खाइबक्सिन्छ

माथिका रूपहरूबाट यो महत्त्वपूर्ण कुरो स्पष्ट हुन्छ :

पुलिङ्ग र स्त्रीलिङ्गको भेद मनुष्य कर्ता भएमा अनादरवाची र आदरवाची दुई तहका एक वचनमा मात्र छुट्याउनुपर्छ । औपचारिक आदरवाची रूप सामाजिक बाहिरी सम्पर्कमा सबै भन्दा बढी चल्तीमा छ र यसमा लिङ्ग, वचन र पुरुषको भेद दोस्रो र तेस्रो पुरुषमा छैन । एउटै रूप यसरी चल्दा प्रयोग गर्नेहरूलाई सजिलो पनि भएको छ ।

अकरण – क्रियाका करण र अकरण दुई रूप हुन्छन् । करण भन्नाले हो, हुन्छ भन्ने बुझिन्छ र अकरण भन्नाले नकार वा होइन भन्ने बुझिन्छ । करण लाई अकरण बनाउँदा न जोड्नुपर्छ ।

तलका चार प्रकारका क्रियाका रूपहरूमा न अगाडि लाग्छ । यस्तो न मूल शब्दबाट अलग नलेखी सँगै जोडेर लेख्नुपर्छ ।

१. रूप नचलेका क्रियाका शब्दहरू –

खानु – नखानु
गर्नु – नगर्नु
गरी – नगरी
भनेर – नभनेर
भन्दै – नभन्दै
खाँदो – नखाँदो
जाने – नजाने
पढ्न – नपढ्न
लेखेको – नलेखेको

२. विधि वा आदेश बुझाउने क्रियाका शब्दहरू–

खा – नखा
खाऊ – नखाऊ
जानुहोस् – नजानुहोस्

३. इच्छा बुझाउने क्रियाका शब्दहरू–

खाऊँ – नखाऊँ
पढौं – नपढौं
देखून् – नदेखून्
खाओस् – नखाओस्

४. तल मा दुईमा भविष्यकाल बुझाउने क्रियाका शब्दहरू-

खाउँला - नखाउँला
जालास् - नजालास्
हेर्लिन् - नहेर्लिन्
भन्लास् - नभन्लास्

(च) तलका पुलिङ्गी वाक्यहरूलाई स्त्रीलिङ्गी बनाउनुहोस्-

१. तिमी काला छौ ।
२. हाम्रो छोराले अर्कोकी स्वास्नीलाई कोट किन्नु भन्छ ।
३. तपाई राम्रो मान्छे हुनुहुन्छ ।
४. उनी कालो बोकाको मासु खान्छन् ।
५. ऊ औंधी बाठो मान्छे हो ।
६. आज तिमी जान्छौ त दिल्ली ?
७. म खसीको मासु खान्नु ।
८. ए किसान दाइ, तिमी यो पानी नै नभएको ठाउँमा किन बेया रोप्छौ हँ ?
९. मेरो गाई धेरै दूध दिन्छ ।
१०. भाले जनावको मासु निकै मीठो हुन्छ ।

(छ) तल लेखिएका करण बुझाउने शब्दहरूलाई अकरण बनाई आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस्-

पाठ घोक्नु, गएर, सम्झँदा सम्झँदै, जाने, जान्ने, लेख्न, सोच्ने, साँची, भाँची, दिएर, दिँदा, रुँदा, रुँदै, रुँदा रुँदै, खा, खालास्, जाऊ, हिंड, हिंडून्, हेरेस्

(ज) तलका खाली ठाउँमा अकरणका शुद्ध रूप भरेर वाक्यहरूलाई पूरा गर्नुहोस्-

१. म .....(पढ्नु) मान्छे हुनाले परीक्षादेखि डराउँदिनँ ।
२. उनीहरू .....(पुग्नु) श्याम पुगिसकेको थियो ।
३. चोरलाई .....(पक्रनु) तिमीहरू के गरिरहेका छौ हँ ?
४. यो कथा सुन्न ..... (पाउनु) च्यान्टीको पोइलाई रुनु न हाँसु भयो ।
५. बोल्नेको पीठो पनि बिक्छ, तर ..... (बोल्नु) को चामल पनि बिक्तैन ।
६. .....(जानु) गाउँको बाटै नसोध्नू ।
७. हिड .....(हुनु) पनि हिड बाँधिको टालो त छैदै छ नि ।
८. हर्रो ..... (पाउनु) जोगी जाईफलको भोगी ।
९. .....(दिनु) बज्यै आइतबार बार्छिन् ।
१०. तीसै वर्षको उमेरमा ..... (मर्नु) भए मोतीराम भट्टले नेपाली भाषालाई धेरै पुस्तकहरू दिने थिए ।

(झ) तलका वाक्यमा प्रयोग भएका ती क्रियाहरूको मात्र अकरण रूप लेख्नुहोस् जो मोटा अक्षरमा छन् :

पानी परेकाले मकै जम्मै भिज्ने डर छ । हिमाली प्रदेश धनेर के गर्नु ? हिउँले चौबीसै यहाँसम्म मुटु छुन आइपुग्छ त साहै पीर लाग्छ । बे होस्, बगेको खोलामा पौरी खेल्न आतेस लाग्दो रहेछ । पछाए पो केटाकेटीहरू रमाइलो गर्न पाउँथे । जानी जानी दुःख पाए भिचराहरूले । यतिकैमा पछौला अब भन्दै शिवहरि बाजे टुप्लुक आउलान् अनि हाम्री भनौला, 'असिना परे पनि हुन्थ्यो, मकै खान त पाइन्थ्यो ।'

१५. पालाको पैंचो

भेडा भेडासित, बाख्रा बाख्रासित भन्ने उक्ति साँचो हो । मानिसको साथी मानिस नै हुन्छ, तर आफू मूक पशु नभएर विवेकशील प्राणी भएकाले होला मानिसले चाहिं आफ्नो साथीको छनौट मन र मस्तिष्कको समानताको आधारमा गर्दो रहेछ । त्यसैर चोरको साथी चोर, गँजडीको साथी गँजडी, जुवाडेको साथी जुवाडे, जँड्याहाको साथी जँड्याहा, बदमाशको साथी बदमाश र साधुसन्तको साथी साधुसन्त नै हुँदा रहेछन् । महा आकाशका नक्षत्रहरू झैं सबै आआफ्ना धुरी अन्तर्गत परिक्रमा गर्दा रहेछन् ।

एउटै परिवारमा पनि एउटै भूँडीका दाजुभाइहरूबीच विचार र प्रकृति मिल्दैनन् भने विभिन्न थरीका परिवारहरूबाट आएका साथीहरूका आचरण र प्रकृतिमा कसरी समानता आओस् र ? क्लासमा शान्त प्रकृतिका छात्रहरूको अपेक्षा उद्दण्ड छात्रहरूको संख्या नै अधिक हुन्छ । जहाँ जहिले पनि लघुसंख्यकले बहुसंख्यकको थिचोमिचो सहेर बस्नैपर्छ, अतएव मधुसुदन र दिनेशले पनि साथीभाइहरूको अचाक्ली र उत्पीडन सहन गर्नुपरेथ्यो ।

मधुसुदन र दिनेश एकै साल सरकारी हाई स्कूलको नवम श्रेणीमा भर्ना भएका थिए । दुवै पढ्नमा खुबै मन दिन्थे । दुवै सुशील, औ शान्त प्रकृतिका थिए । सायद त्यसैर होला दुवैको हाँच मिल्थ्यो ।

तिनताक हाई स्कूलका छात्रहरू जम्मै छिप्पिएका हुन्थे । कति त नानीका बाबुहरू पनि पढ्न आउँथे । आफू पढेको कक्षालाई माया मार्न नसकेर हो वा बाबुआमाको पढाउने इच्छाप्रति विरोध रहेर हो कतिपय छात्रहरू चाहिं एउटै कक्षामा वर्षौंदेखि झुन्डिएर बसेका हुन्थे । उनीहरू पढ्नका लागि क्लासमा आएका होइनन्, पढेर पास गर्नका लागि पनि स्कूल गएका होइनन् । त्यसैर मास्टरजी क्लासमा पढाइरहेका हुन्थे, तर पछिल्ला बेन्चका छात्रहरूबीच खुसखुस चिट्ठा खेल चलिरहेको हुन्थ्यो । डेस्कमुनिबाट एकाअर्कालाई कोट्याउँदै तीं एक एक आना पैसा उठाइरहेका हुन्थे । कित ती कागत पोको पारी मास्टरजीको आँखा छल्दै साथीहरूको अनुहार ताकी प्याट्टै प्याट्टै हिर्काइरहेका हुन्थे ।

यस्ता उद्दण्ड साथीहरूदेखि ससाना र निर्घा केटाहरू प्रायः नै त्रस्त र भयभीत रहन्थे । मधुसुदन र दिनेश दुवै अरूको अपेक्षा उमेरमा धेरै साना र निर्घा भएकाले उनीहरूलाई प्रायः जसो सबैले नै डग्थे । क्लासमा प्रथम द्वितीय भएर निस्केने ठिटाहरू बदमाश र उद्दण्ड साथीहरूका आँखी बनिन्छन् । दिनेशले त्यस्ता साथीहरूलाई 'होमवर्क' र क्लासमा हिसाप आदि सार्न दिएर आफूमाथिको आक्रमणलाई केही कम गराएको थियो, तर मधुसुदन अल्पभाषी र शान्तिप्रिय प्रकृतिको मात्र होइन अनुशासन र सिद्धान्तप्रेमी पनि थियो । ऊ भन्थ्यो, "म अरूको पनि सार्दिनँ, अरूलाई पनि आफ्नो सार्न दिन्नँ । मास्टरजीका अघि तपाईंलाई म झुटो बन्न दिन्नँ ।"

एक दिनको कुरो, दोस्रो घन्टी लागिसकेको थियो, तर संस्कृत पण्डित क्लासमा आएका थिएनन् । केटाहरू कोही टेबलमा तबला बजाइरहेका थिए, सन्तवीर टेबलमा चढेर कम्मर मर्काई मर्काई नाचिरहेको थियो औ अन्य उदण्ड साथीहरू चाहिं 'लौ है झिल्के, लौ है, भन्दै थपडी मारिरहेका

थिए, तर मधुसुदन र दिनेश चाहिं अरूतिर ध्यान नदिई कौमुदी व्याकरण खोली 'लता लते लताः लताम् लते लता' भनी 'लता' शब्द कण्ठस्थ गरिरहेका थिए । पण्डित देवशङ्कर पाण्डे बडो कडा मिजाजका मानिस थिए, ठीकसित कण्ठस्थ सुनाउन नसके पिरियडभरि बेन्चमा खडा गराउँथे ।

सायद उनीहरूले त्यस उद्दण्ड संगीत र नृत्य समारोहमा सरिक नभई पढिरहेको देखेर होला सन्तवीर टेबलबाट ओर्लीं झन्यो र पञ्चमानसित आएर मधुसुदनको पाखुरा पक्री ताछ लाग्यो, "ए, के आइमाई जस्तो पढिबस्छस्, लोग्नेमान्छे बन्, लोग्नेमान्छे बन्, लोग्नेमान्छे । ए पञ्चमान, मसी दे, यसको जुँगा बनाइदिऊँ ।"

अनि त ती दुईले मधुसुदनलाई तानेर टेबलअघि लगे र मसीमा कलमको डाँठ चोबी मधुसुदनको ओठमाथि मसीको जुँगा बनाइदिन लागे ।

मधुसुदन रुँदै भनिरहेथ्यो, "छाडिदेऊ न छाडिदेऊ, मास्टरजी आउने वेला भयो ।"

तर उसको बिन्ती कसले सुन्ने ? सबै ठिटाहरू ताली बजाएर गललल हाँसिरहेका थिए ।

यसै समय एक ठिटाले भन्यो, "बेलाइती फर्सी !"

सबै ठिटाहरू आआफना बेन्चमा गएर छपक्क भएर बसे । संस्कृत पण्डितको नाउँ केटाहरूले बेलाइती फर्सी राखेका थिए, किनभने पण्डितजी खल्वाट थिए । तालुमा केश नभएर तालु टलक्क टल्कन्थ्यो । केवल संस्कृत पण्डित मात्र केटाहरूको उपहासका पात्र बनेका होइनन्, प्रायः सबै मास्टरहरूकै नयाँ नामकरण भइसकेको थियो – बाम बूढो, चितुवा, सुगे, कागे, हुटिट्याउँ इत्यादि ।

मधुसुदनको होश उड्यो । पानी कलतिर दुगुरिजाऊँ भनी के फर्केको थियो ढोकैमा ऊ पण्डितजीसित ठोक्किन पुग्यो । संस्कृत पण्डित पनि केही ढिलो भएकाले र क्लास भित्र हल्लीखल्ली सुनेकाले हतारसित भित्र पसिरहेका थिए ।

पण्डितजी पनि यसरी ठोक्किन पुग्दा एक चोटि तस्सं भए र के हो भनी हेर्छन् त उनले मधुसुदनलाई रामलीलाको ढँटुवारे जस्तो देखे । बूढा राँकिए, 'यह क्या बदतमिजी है ? तुमने इसे नाटक घर समझ रखा है ?' अनि जगटा लुछेर उसलाई मुड्काउन लागे । मधुसुदन फुत्किएर पानी कलतिर लाग्यो ।

साथीले सित्थैमा गाली र कुटाइ खाएको दिनेशलाई नमीठो लाग्यो क्या रे । ऊ भन्न लाग्यो, "ऊ आफैंले मोसो दलेको होइन सर, सन्तवीर र पञ्चमानले जबर्जस्ती मसी दलिदिएको ।"

पण्डितजीले दिनेशको नेपाली बुझे कि बुझेनन् कुन्नि, राँकिएर भने, 'तुम चूप रहो जी, बीच में बोला न करो ।'

निर्धा छात्रहरूले साथीभाइहरूको अचाक्ली चूपचाप सहन गर्नुपर्थ्यो, उनीहरूको विरुद्ध मास्टरजीसित पोल हाले स्कूलपछि कुटाइ खानुपर्थ्यो, मिचाहाहरूका लात, मुड्कीको शिकार बनिनुपर्थ्यो । उद्दण्ड र मिचाहा साथीहरूको डरले पढाइ नै छाड्नुपर्ने पनि हुन सक्थ्यो । अन्य कुनै उपाय थिएन, अतएव दुवैले धैर्यसाथ आफ्नो पढाइ समाप्त गरे ।

प्रवेशिका परीक्षा दुवैले प्रथम श्रेणीमा पास गरेपछि मात्र मधुसुदन र दिनेशको नाता यी उद्दण्ड साथीहरूसित छुट्यो । प्रवेशिका पछि उच्चतर कलेज शिक्षाका निम्ति मधुसुदन कलकत्ता गयो औ दिनेश कचहरीमा कर्मचारी भयो । सन्तवीर र पञ्चमान अझ एक दुई वर्ष एउटै क्लासमा

झुन्डिएपछि सायद आपनै बाबुलाई थकाइपठाएछन् कि कसो बूढाहरूले छोराहरूलाई स्कूलबाट निकाली भर्तीमा पठाइदिए ।

समय बित्दै गयो । सबै साथीभाइहरूको जीवनमा परिवर्तन आयो । स्कूल छाडेपछि सबैको जीवनस्रोत मँगालो लागी आआपनो कुलो समातेर अघि बढ्न लाग्यो अनि सबैलाई थाहा लाग्यो जीवन केवल वसन्त होइन, तर तुसारे शिशिर पनि हो, फूलको कालीन होइन, तर संघर्ष पनि हो ।

यो कुरो पल्टनबाट फर्की आएपछि जमादार सन्तवीरलाई पनि थाहा भयो । परिवारको भरणपोषण गर्न र छोरा पढाउन बाबुआमाले कत्तिको परिश्रम गर्नुपर्दोरहेछ उसलाई अब राम्ररी नै थाहा लाग्यो । पिताजीको देहान्त भइसकेको थियो । आफू पल्टनमा छँदा कान्छी आमाले अलि अलि भएको पनि गुटमुटाइसकेकी थिइन् । आफनो साठी सत्तरी रूपियाँको पेन्सनले संसार चलाउन धौधौ परिसकेको थियो । त्यसै समय छोरो चार क्लासमै फेल भइदियो । सन्तवीरलाई मर्नु भयो ।

एक दिन रुँदै छोरो घर आयो । 'के भयो, किन रोएको ?' भन्दा धनवीरले पेन्सिल खोसिदियो भन्दै ऊ घुँकघुँक गर्न लाग्यो ।

सन्तवीरलाई साह्रै नराम्रो लाग्यो, ' नरो बा नरो, भोलि हेडमास्टरसित पोल हालिदिन्छु' भनी छोरालाई काखमा राखी ऊ फुल्याउन लाग्यो । छोरो रोइदिएकाले उसको मन साह्रै कुँडियो । मान्छेलाई अरूका स्वास्नी र छोराछोरी भन्दा आफनै अधिक राम्रो लाग्छ रे । अनि त छोराको मायाले भोलिपल्ट उसलाई तानेर हेडमास्टरकहाँ पुऱ्यायो ।

हेडमास्टर एम. एस. बोहरा आफनो आफिसमा बसेर डाक हेर्न लागेका थिए । उनी अल्ला, गोरा, सुनौलो फ्रेमको चश्मा लगाएका बडा व्यक्तित्वपूर्ण देखिन्थे ।

चप्रासीले आएर भन्यो, "सर, जमादार सन्तवीर थापा तपाईंसित भेट गर्न आएका छन्, लाइब्रेरीमा बसाइराखेको छु ।"

जमादार सन्तवीरको नाउँ सुन्दा हेडमास्टर साहब एक चोटि झस्के जस्ता भए र केको सोचमा परे जस्ता देखिए । उनले एक छिनपछि चप्रासीलाई भने, "ठीक छ, ल्याएर आऊ । साथै दुई कप चिया पनि दिएर जानू ।"

चप्रासी गएर एक छिनमा एक अधबैंसे मानिसलाई लिएर आयो । जमादार साहबले दुवै हात जोडँदै भने, "नमस्कार हेडमास्टर साहब, क्या नाम, हजुरसित मुलाकात गर्न आएको ।"

हेडमास्टर साहबले जमादार साहबसित हात मिलाउँदै बडो खातिरसाथ अघिल्तिरको कुर्सीमा बसाउँदै भने, "कत्ति कामले भेट गर्न आउनुभयो त जमादार साहब ?"

"खैर ..... मुलाकात गर्नको मक्सद बादमा बताउँला, तर हजुरलाई त मैले क्या नाम कुनै विदेशी सोचेको थिएँ । आसाम राइफल्समा धेरै दिन नोकरी गरे । आसाममा हजुर, क्या नाम बरुवा आसामी हुन्छ । मैले त हजुरलाई कुनै आसामी सोचेको थिएँ ।"

"जमादार साहब, म बरुवा होइनँ, बोहोरा क्षेत्री हुँ, बोहोरा क्षेत्री ।"

"अच्छा ! बडो खुशीको बात । हजुरको बारेमा मैले क्या नाम धेरै तारिफ सुनेको छु । क्या नाम हजुरलाई मालुम छैन, धेरै सालअघि म पनि यसै स्कूलमा पढेको । उस समय स्कूलमा डिसिप्लिन बिल्कुल थिएन । हजुर आए बाद स्कूलले हर दौडमा क्या नाम तरक्की गरेको छ भनी

सबै हजुरको तारिफ गर्छन् ।"

"जमादार साहब, मैले अघि मेरो तारिफ गरी मलाई लज्जित नपार्नुहोस् । भन्नोस्, के कामका लागि भेट गर्न आउनुभयो ?"

"हैं हैं, त्यो बात त म गर्नेवाला नै थिएँ । मेरो छोरो बलवीर थापा क्या नाम हजुरकै स्कूलमा फोर क्लासमा पढ्दै छ । धनवीर भन्ने एउटा ठूलो केटाले मेरो छोरालाई परेशान गरिरहेछ । क्या नाम अस्तिको दिन पनि लेजर लिएर लौटाएन रे, हिज पनि पेन्सिल खोसेर लगेछ । यो त बडो अन्याय भयो हेडमास्टर साहब ।"

"ठीक छ जमादार साहब, म क्लास टीचरसित कुरो गर्नेछु ।"

"माफ गर्नोस् हेडमास्टर साहब, क्या नाम तपाईका यी सरहरू नालायक छन् । बदमाश लडकाहरूको खिलाफ किन सख्त सजा दिंदैनन्, वजह क्या छ ?"

"होइन जमादार साहब, मास्टरका अघि बदमासी गर्दैनन्, फेरि केटाहरू पनि भन्न आउँदैनन्,अनि मास्टरलाई केही थाहा हुन्न ।"

"माफ गर्नोस् हेडमास्टर साहब म शिकायत गरिरहेछु क्या नाम, त्यो ठूलो केटो धनवीरले साना लडकाहरूलाई हेप्छ रे, कुट्छ रे । त्यसलाई क्या नाम, निकालिदिनोस् ।"

"म कसरी निकालिदिन सक्छु र जबसम्म कुनै छात्रको विरुद्ध पर्याप्त सबूत हुन्न ? फेरि जमादार साहब, छात्रलाई दण्ड दिएर पथभ्रष्ट बनाउने भन्दा प्रेमद्वारा उसमा सुधार ल्याउने हाम्रो बढ्ता प्रयास हुनुपर्छ ।"

"होइन हेडमास्टर साहब, यस्तो क्या नाम, बदमाश लडकालाई तपाईं कसरी राख्नुहुन्छ ? स्कूलको बदनामी हुन्छ । क्या नाम तपाई साना लडकाहरूमाथि यस्तो जुलूम चल्न दिनुहुन्छ ?"

तपाईं निश्चिन्त हुनुहोस्, तपाईको छोरामाथि फेरि कसैले थिचोमिचो गर्ने छैन, तर तपाईको बुद्धि धेरै दिन पछि खुल्यो ।"

तपाईको मकसद के हो हेडमाष्टर साहब ? हामी पल्टने भुच्चुक हौं, क्या नाम घुमाएर भनेको हाम्रो दिमागमा घुस्तैन ।"

"पर्खनोस् जमादार साहब, म तपाईको दिमागमा घुसाइदिन्छु । मलाई राम्ररी हेर्नोस्, कतै देख्नुभएको थियो कि ?"

"हेडमास्टर साहब, बिल्कुल याद आउँदैन ।"

"तपाईको छोरालाई पर्दा अहिले शिकायत गर्न आउनुभयो तर आफनो स्कूले जीवनतिर फर्किएर हेर्नुहोस्, तपाईंले ससाना केटाकेटीमाथि थिचोमिचो गर्नुभयो कि भएन ?"

"हेडमास्टर साहब, तपाईं यो के भन्न लाग्नुभो ?"

म ठीक भनिरहेछु, मैले त तपाईलाई देख्तै चिने, तर तपाईंले मलाई ठम्याउनुभएन । विगतको तिक्त अनुभवलाई ताजा गराएर तपाई स्वयंलाई म लज्जित गराउन चाहन्नँ । म एम. एस. बोहरा उही मधुसुदन बोहोरा छेत्री हुँ जसलाई एक दिन तपाईंले जबर्जस्ती समाती क्लासमा मसीको जुँगा बनाइदिएर पण्डित देवशङ्करको कुटाइ खुवाउनुभएथ्यो । हामी साना थियौं, के गर्न सक्थ्यौं र ? तर तापईंले कहिल्यै सोच्नुभएन । तपाईंहरूको उद्दण्डताले हामी कति त्रस्त रहन्थ्यौं !"

"हे भगवान्, तपाईं क्या नाम उही मधुसुदन हुनुहुन्छ ?" जमादार सत्तवीरको मुख खोलिएको खोलिएकै रह्यो ।

(शिवकुमार राई)

अभ्यास

अप्ठ्यारा शब्दहरू

उक्ति – भनाइ, कथन
मूक – लाटो, बोल्न नसक्ने, निमुखा
विवेकशील – विवेक भएको, राम्रो नराम्रो छुट्याउन सक्ने, बुद्धि भएको
प्राणी – जीव, जन्तु, प्राण भएको
छनौट – छनोट, छनाइ, छान्ने काम, रोजाइ
मस्तिष्क – मगज, दिमाग, मथिङ्गल, बुद्धि
त्यसैर – त्यसै हुनाले, त्यसै कारणले
घुरी – छानाको टुप्पो, घुरो
परिक्रमा – घुमाइ, फन्फनी घुम्ने काम
प्रकृति – स्वभाव, बानी, जन्मैदेखिको लत
आचरण – चालचलन, चरित्र, व्यवहार
अपेक्षा – तुलना, दाँजो; आशा, भरोसा, इच्छा
उद्दण्ड – जङ, प्रचण्ड, कडा स्वभावको, फटाहा
अधिक – धेर, बढ्ता
लघुसंख्यक – अल्पसंख्यक, थोरै संख्या भएको
बहुसंख्यक – धेरै संख्या भएको
अतएव – यसैले, यसै कारणले
अचाक्ली – अन्याय, थिचोमिचो, मर्यादा नाघेको काम
उत्पीडन – सताउने काम, पीडा दिने काम, कष्ट पुऱ्याउने काम
हाँच – समूह; संगत, बानी, स्वभाव
औ – र, अनि
नानीका बाबु छोराछोरी पाइसकेका लोग्नेमान्छे
निर्घो – निर्बलियो, दुब्लो, क्षमता नभएको
त्रस्त – डराएको, डरले कामेको
भयभीत – धेरै डराएको, त्रस्त

आँखी – ईर्ष्या भरिएको हेराइ, कुदृष्टि

अल्पभाषी – थोरै बोल्ने, कम्ती बोल्ने

सिद्धान्तप्रेमी – सार कुरा मान्ने, सिद्धान्त मान्ने

अन्य – अरू, अर्को

कण्ठस्थ गर्नु – कण्ठाग्र गर्नु, घोक्नु, रट्नु

खडा गराउनु – उभ्याउनु, उभिन लगाउनु

सरिक हुनु – सम्मिलित हुनु, भाग लिनु

खल्वाट – तालुखुइले, टाउकाको केश खुइलिएको

उपहास – गिल्ला, खिसी, निन्दा

नामकरण – न्वारान, नाउँ राख्ने काम

पानी कल – पानीको धारो, पानी थुन्न र खोल्न हुने धारो, कल धारो

तरङ्ग हुनु – झसङ्ग हुनु, तर्सनु, झस्किनु

ढँटुवारे – विदूषक, भाँड

राँकिनु – जङ्गिनु, रिसले रातो र तातो हुनु

जगटा – जगल्टा, कपालका राँको गुजुल्टो

लुछ्नु – चुँडाल्नु, चुँड्नु, भुत्ल्याउनु

मुड्काउनु – मुड्क्याउनु, मुड्कीले हिर्काउनु

उच्चतर – अझ माथिको, अझ उच्च

कचहरी – अदालत, न्यायालय, न्याय निसाफ हेर्ने अड्डा

भर्ती – सेना, फौज

जीवनस्रोत – जिन्दगीको धारा, जीवनको मुहान, जीवनको बगाइ

भैंगालो लाग्नु – खोलाको हाँगो छुट्टिएर अर्कातिर बग्नु

कुलो – खेतबारीमा लगाउन खनेर ल्याइएको पानीको सोतो, सानो नहर

तुसारे – तुसाराले भरिएको, ठाँट जमेको

कालीन – गलैंचा, दामी गलैंचा

संघर्ष – घम्साघम्सी, भिडन्त, झगड़ा, द्वन्द्व, लडाइँ

भरणपोषण – पालनपोषण

कान्छी आमा – सौतेनी आमा

गुट्मुटाउनु – गुट्मुट्याउनु, भएभरका सामान पोको पारेर लानु

धौधौ पर्नु – अप्ठ्यारो हुनु, मुस्किल पर्नु, गाह्रो हुनु

पोल हाल्नु – कुरा सुनाउनु, अर्काको चुक्ली गर्नु

फुल्याउनु – फकाउनु, मनाउनु, भरोसा दिएर चित्त बुझाउनु

कुँडिनु – चित्त दुख्नु, मन अमिलिनु

डाक हेर्नु – डाक वा हुलाकबाट आइपुगेका चिठीपत्र हेर्नु

व्यक्तित्वपूर्ण – प्रभाव पार्न सक्ने, विशेष गुण भएको

चप्रासी	– पाले, पिउन
पर्याप्त	– चाहिए जति, प्रशस्त, पुग्दो
सबूत	– दसी प्रमाण, निसा
पथभ्रष्ट	– बाटो छाडेको, नराम्रो चरित्रको
प्रयास	– जमर्को, प्रयत्न, कोसिस
निश्चिन्त	– निस्फिक्री, शान्त प्रकृतिको, दुक्क
भुच्चुक	– हुस्सु, मूर्ख
दिमाग	– मगज, बुद्धि
शिकायत	– चुक्ली, ढुल्याई
उम्याउनु	– निधो गर्नु, चिन्नु, खुट्याउनु
विगत	– बितेको, अतीत, व्यतीत, गइसकेको समय
तिक्त	– तीतो, नमीठो

यस कथाले दार्जीलिङको स्थानीयतालाई झल्काउने हुनाले यसमा नेपालीको दार्जीलिङे भाषिकाको प्रयोग भएको छ । त्यसका साथै विषयको आवश्यकताले गर्दा अंग्रेजी शब्दहरू र परिस्थितिमा स्वाभाविकता ल्याउन हिन्दी शब्दहरू र वाक्यहरू पनि यस कथामा पर्न गएका छन् ।

अंग्रेजी शब्द – मास्टर (शिक्षक), डेस्क् (लेख्ने टेबल), होमवर्क, (शिक्षकले छात्रछात्रालाई घरमा लगेर गर्न दिएको काम), पिरियड (कार्यकाल), बेन्च् (लामो बस्ने काठको खुट्टे आसन), सर (शिक्षकलाई सम्मान गर्दा भन्ने शब्द), पेन्सन (नोकरी सकिएपछि पाइने नियमित पैसो), लाइब्रेरी (पुस्तकालय), हेडमास्टर (मुख्य शिक्षक, प्रधानाध्यापक), आसाम राइफल्स् (आसाम राज्यको सशस्त्र सेना), स्कूल (पाठशाला, विद्यालय), डिसिप्लिन (अनुशासन), कलेज (महाविद्यालय), पेन्सिल (शीशाकलम), क्लास टीचर (कक्षा शिक्षक)

दार्जीलिङमा बोलिने नेपाली भाषिकाका शब्द – त्यसैर (त्यसैले), एउटै मूँडीका (एउटै पेटका, एउटै आँतका), नानीका बाबुहरू (बिहे गरेर छोराछोरीका बाबु भइसकेकाहरू), पढिबस्छस् (पढिरहन्छस्), पानी कल (धारो), तरङ्ग भए (तर्से, झस्के), पोल हाल्नु (चुक्ली लगाउनु), थकाइपठाएछन् (थकाएछन्), भर्तीमा (सेनामा), थाहा लाग्नु (थाहा पाउनु), कान्छी आमा (सौतेनी आमा), डाक (हुलाकीले ल्याइपुऱ्याएका चिठीपत्र), चप्रासी (पिउन, पाले, ढोके, टहलुवा), हिज (हिजो)

अर्धशिक्षित सत्तवीर हिन्दी भाषी क्षेत्रमा धेरै बसेकाले उसको भाषा छयासमिसे छ :

क्या नाम ('चाइने' जस्तै थेगो), मुलाकात (भेट), खैर (जे होस्), मकसद (उद्देश्य), बाद (पछि), बताउनु (भन्नु), अच्छा (थेगो), खुशीको बात (खुशीको कुरो), मालुम (थाहा), आएबाद (आएपछि), हर दौड (हरेक क्षेत्र), तरक्की (उन्नति), हैं हैं (अँ अँ), गर्नेवाला (गर्ने, गर्ने मानिस), परेशान गर्नु (दुक्ख दिनु, पिर्नु), लेजर (अंग्रेजी 'इरेजर', शीशाकलमले लेखेको मेट्ने रबर), लौटाएन (फर्काएन), लडका (केटो, ठिटो, बालक), खिलाफ (विरुद्ध), सख्त सजा (कठोर सजाय), वजह क्या छ (के कारण हो), जुलुम चल्न (अत्याचार हुन)

हिन्दी वाक्य- यह क्या बदतमिजी है (यो कस्तो अशिष्टता हो), तुमने इसे नाटक घर समझ रखा है (के तिमीले यसलाई नाचघर ठानेका छौ), तुम चूप रहो जी (तिमी चूप लाग त), बीच में बोला न करो (बीचैमा नबोल)

कथाकारको चिनारी- प्रसिद्ध कथाकार शिवकुमार राईको जन्म सिक्किमको रिनाक भन्ने गाउँमा १९७३ सालमा भएको हो । दार्जीलिङको खरसाङमा बसोबास गर्ने शिवकुमार राई एक पल्ट पश्चिम बंगालका उपमन्त्री पनि भएका थिए । उनको पहिलो कथा काठमाडौंको 'शारदा' पत्रिकामा २००१ सालमा छापिएको थियो । पुस्तकका रूपमा उनका 'फ्रन्टियर', 'यात्री', 'खहरे' र 'बडा-डिनर' कथासंग्रहहरू प्रकाशित छन् । उनका कथामा नेपाली जनजीवनको असाध्यै राम्रो चित्रण पाइन्छ ।

यस कथामा उनले एउटा साधारण घटनालाई लिएर साह्रै राम्रो शिक्षा दिएका छन् । सबैको पालो आउँछ र फटाइँ गर्नेलाई समयले नै साटो फेर्छ भन्ने कुराको उचित उत्तर यस कथामा छ ।

प्रश्नहरू (क) तलका प्रश्नहरूका छोटकरी उत्तर लेख्नुहोस्-

१. भेडा भेडासित, बाख्रा बाख्रासित भनेर लेखकले कसलाई भनेको ?
२. मधुसुदन र दिनेश कहाँ, कहिले र किन भर्ना भए ?
३. कतिपय छात्रहरू किन एउटै क्लासमा झुन्डिएर बस्थे ?
४. बेलाइती फर्सी कसको नाउँ हो र किन उसलाई त्यसो भनेको ?
५. आइमाई जस्तै छस् भनेर कसले, कसलाई र किन भनेको ?
६. पण्डितले किन मधुसुदनका जगटा लुछेको ?
७. सन्तवीरको छोरो किन रोएको ?
८. सन्तवीर किन हेडमास्टरसित भेट्न गएको ?
९. हेडमास्टर किन धनवीरलाई स्कूलबाट निकाल्न चाहँदैनन् ?
१०. सन्तवीरको मुख किन खोलिएको खोलिएकै रह्यो ?

(ख) सन्तवीरले पञ्चमानको सहयोग लिएर मधुसुदनका ओठमाथि जबर्जस्ती जुँगा बनाइदियो र मधुसुदनले कुटाइ खाँदा मुख मिठ्यायो । यसबाट कसलाई लाभ भयो ? के तपाईको कक्षामा पनि यस्तै कुनै घटना भएको छ ? भएको छ भने त्यस घटनाको रमाइलो बयान लेखेर देखाउनुहोस् ।

(ग) यस कथामा कुन पात्रमाथि परेका अन्यायको साटो कसले फेऱ्यो ? कसका पालाको कस्तो पैंचो यहाँ तिरियो ? कथाकारले देखाउन खोजेको मुख्य कुरो के हो ? राम्री विवेचना गर्नुहोस् ।

(घ) सप्रसङ्ग व्याख्या गर्नुहोस्-

१. उद्दण्ड र मिचाहा साथीहरूको डरले पढाइ नै छाड्नुपर्ने पनि हुन सक्थ्यो ।

२. म अरूको पनि सार्दिनँ, अरूलाई पनि आफ्नो सार्न दिन्नँ । मास्टरजीका अघि तपाईलाई म झुटो बन्न दिन्नँ ।

३. तपाई निश्चिन्त हुनुहोस्, तपाईको छोरामाथि फेरि कसैले थिचोमिचो गर्ने छैन, तर तपाईको बुद्धि धेरै दिनपछि खुल्यो ।

(ङ) यस कथाका प्रधान शिक्षकका विचारमा छात्रलाई दण्ड दिएर पथभ्रष्ट बनाउने भन्दा प्रेमद्वारा उसमा सुधार ल्याउने हाम्रो बढ्दा प्रयास हुनुपर्छ । यस खालका मान्छेहरू छात्रछात्रालाई कुट्नु हुँदैन भन्छन् । त्यस्ता मानिसहरूको विचार यसै कथाका पण्डित देवशङ्कर पाण्डेको मतसित मिल्दैन । पाण्डेका विचारमा छात्रहरू स्वभावैले उच्छृङ्खल हुन्छन्, फटाहा हुन्छन् र तिनलाई मुड्क्याएर र जगल्ट्याएर नै तहमा ल्याउन सकिन्छ । विचारको बाझाबाझलाई तर्कद्वारा अगाडि बढाउने कामलाई **विवाद** भन्ने चलन छ । यसरी दुई विरोधी विचारलाई बढाएर दुई जना मानिसहरूबाट तर्क गराउन सकिन्छ । यी दुवै विरोधी विचारलाई दुई मान्छेहरूका मुखबाट आफ्नो आफ्नो पक्षमा बोल्न हुने किसिमले दस दस वाक्य बनाई एउटा राम्रो **विवाद** लेख्नुहोस् ।

(च) माथि (ङ) मा **विवाद** भनेको दुई नमिल्दा मतहरू वा विचारहरूको तर्क हो भनी भनिएको छ र त्यसै अनुसार एउटा **विवाद** लेख लगाइएको छ । त्यस्तै किसिमले अरू अरू विषयमा पनि **वादविवाद** गर्न सकिन्छ । एउटा पक्षमा लाग्नेले एउटा कुरालाई राम्रो हो भनेर प्रमाण दिँदै आफ्नो तर्कलाई अघि सार्छ भने अर्को पक्षमा लाग्नेले त्यसको ठीक उल्टो कुरालाई राम्रो हो भनेर सिद्ध गर्न खोज्छ । जसले सुल्टो तर्क गर्छ त्यसलाई **पक्षमा** बोल्ने र त्यसको उल्टो तर्क गर्नेलाई **विपक्षमा** बोल्ने भनिन्छ । तल दिएका विषयहरूमा छोटा छोटा **विवाद**हरू लेख्नुहोस् :

(१) मान्छेले प्रकृतिलाई जित्न सक्छ । (पक्ष)
मान्छेले प्रकृतिलाई जित्न सक्तैन । (विपक्ष)

(२) गाउँको जीवन सहरको जीवन भन्दा सुखमय हुन्छ । (पक्ष)
गाउँको जीवन सहरको जीवन भन्दा सुखमय हुँदैन । (विपक्ष)

(३) हाम्रा नारीहरूको नेपाली राष्ट्रिय पोशाक छरितो छ । (पक्ष)
हाम्रा नारीहरूको नेपाली राष्ट्रिय पोशाक छरितो छैन । (विपक्ष)

(४) मासु खानु असल हो । (पक्ष)
मासु खानु असल होइन । (विपक्ष)

व्याकरण

अकरण - होइन भन्ने बुझाउँदा क्रियामा **न** जोड्नुपर्दो रहेछ भन्ने त अघिल्लो पाठमा बयान भएकै थियो, तर **न** मूल शब्दको थालनीमा जोडिएका उदाहरणहरू मात्र त्यहाँ दिइएका थिए । **न** मूल क्रियाको बीचमा अथवा पुछारमा पनि जोडिन सक्छ र यस कुरामा नमूना यहाँ प्रस्तुत छन् ।

बीचमा **न** जोडिने **अकरण** रूपहरू -

(१) **रहेछ, भनेछन्, खाएँछु, सुतेछौं**

(१) **रहेछ, भनेछन्, खाएँछु, सुतेछौं, छानिएछौं** जस्ता भर्खर थाहा पाएर आश्चर्य प्रकट गरिने रूपहरू हुन्, जसलाई **अज्ञात भूत** भन्ने चलन छ । यस्ता क्रियाहरू धातुमा **ए** फुँदो जोडिएपछि र **छ**को साधारण वर्तमान काल त्यस **ए**मा

गाँसिएपछि बनेका हुन् । यिनमा न बीचमा जोडिन्छ र यो न पनि मूल शब्दनै एकै ठाउँ गाभिएर लेखिन्छ । जस्तै,

खाएँछु	– खाइनछु
पढेछौं	– पढेनछौं
लेखिछस्	– लेखिनछस्
गइछेस्	– गइनछेस्
सुतेछौ	– सुतेनछौ
हाँसिछ्यौ	– हाँसिनछ्यौ
फुटेछ	– फुटेनछ
किनिछे	– किनिनछे
दिएछन्	– दिएनछन्
हेरिछिन्	– हेरिनछिन्
बोल्नुभएछ	– बोल्नुभएनछ
सोधिबक्सिएछ	– सोधिबक्सिएनछ

(२) **खान्थे, गथ्यौं, पढ्थे** जस्ता रूपहरूले बितिसकेका समयमा गर्ने वा हुने गरेको बानीलाई प्रकट गर्छन् । यस्ता रूपको **अकरण** बनाउँदा पनि बीचमा न जोडिन्छ । जस्तै,

खान्थें	– खान्नथें
पढ्थ्यौं	– पढ्दैनथ्यौं
पढ्थिस्	– पढ्दैनथिस्
पढ्थिस्	– पढ्दिनथिस्
पढ्थ्यौ	– पढ्दैनथ्यौ
पढ्थ्यौ	– पढ्दिनथ्यौ
गथ्यौं	– गर्दैनथ्यो
गर्थी	– गर्दिनथी
गर्थे	– गर्दैनथे
गर्थिन्	– गर्दिनथिन्
बोल्नुहुन्थ्यो	– बोल्नुहुन्नथ्यो
सोधिबक्सिन्थ्यो	– सोधिबक्सिन्नथ्यो

(छ) (१) हामीले तेस्रो र बाह्रौं पाठमा **अज्ञात भूत** भनिने क्रियाका रूपहरू (**रहेछ, भनेछन्** जस्ता) भेटिसकेका छौं । बितिसकेका घटनाको भर्खरै ज्ञान पाएको अनुभूति दिँदै आश्चर्य र उत्सुकता समेत उमार्ने हुनाले यी रूपहरू लोककथाहरूमा लगाइन्छन् । ती दुवै लोककथालाई एक पल्ट फेरि सर्सर्ती हेरेर

तिनमा पाइने क्रियाहरूका जति पनि **अज्ञात भूतका** रूपहरू छन् जम्मै सारेर देखाउनुहोस् ।

(२) माथि (१) मा फेला परेका जम्मै **अज्ञात भूत** रूपलाई **अकरणमा** ढाल्नुहोस् र ती मध्ये पाँच वटालाई आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् ।

(ज) तलका क्रियाहरूलाई **करण** भए **अकरण** र **अकरण** भए **करण** बनाउनुहोस्–

(१) हामी अस्तिसम्म खसीको मासु मात्र **खान्थ्यौं** ।

(२) केटाहरू पोहोर त्यस तालमा पौरी **खेल्थे** तर माछा **मार्दैनथे** ।

(३) म सिनेमा **जान्नँ** भन्ने तिमीलाई थाहा **रहेनछ** ।

(४) हिमालयका चुचुराहरूले सधैं नै मानवलाई उच्च हुने प्रेरणा **दिन्छन्**, तर हामी त्यस कुराको वास्तै **गर्दैनौं** ।

(५) तिमी **जान्छयौ** भने जाऊ, म चाहिं आज घरमै **बस्छु** ।

(६) भोक **लाग्छ** भने **खा**, नभए **नकरा** ।

(७) तपाई **जानुहुन्छ** भने **जानुहोस्** न त, हुन्छ ?

(८) एउटी अत्यन्त सुन्दरी परीको भेषमा तिमी मंचमा **निक्ल**, म बाजा **बजाउँछु** र तिमी **नाच** ।

(९) बिहान सधैं **घुम्नु** असल **हो** ।

(१०) ऊ **जान्छे** रे, **जान दिनू** नि त ।

(झ) तलका वाक्यहरूलाई **अज्ञात भूत** कालमा फेर्नुहोस् –

एउटा राजकुमार केही सिपाहीलाई साथमा लिन्छ र शिकार खेल्न जंगलतिर जान्छ । घनघोर जंगलमा ऊ पुग्छ । पानी पर्न थाल्छ । ओत लाग्ने ठाउँ हुँदैन । त्यसको खोजमा ऊ सिपाहीहरूलाई पठाउँछ । सबै सिपाहीहरू घोडा कुदाउँछन् र अलप हुन्छन् । पानी बढ्दै जान्छ । राजकुमार निथ्रुक्क भिज्छ । सिपाहीहरू फर्कदैनन्, हराउँछन् । बिचरो राजकुमार अन्धाधुन्ध घोडा दुगुराउँछ । घोडालाई ढिस्कामा नराम्रो ठेस लाग्छ र दुवै पछारिन्छन् । राजकुमार पूरै हिलाले ढाकिन्छ । तर पानी परिरहन्छ र कतै बाटो देखिंदैन । राजकुमार फेरि घोडा चढ्छ । उसलाई भोक लाग्छ, थकाइ लाग्छ र डर लाग्छ । एक छिन पछि पानी थामिन्छ । साँझ पर्छ । धमिलो साँझमा ऊ एउटा किसानको झुप्रामा पुग्छ ।

(ञ) (१) माथिको (झ) मा बनाइएका सबै **अज्ञात भूतहरूलाई करण** भए **अकरण** र **अकरण** भए **करण** बनाउनुहोस् ।

(२) माथिको (झ) मा बनाइएका **सबै अज्ञात भूतलाई खान्थ्यो, पढ्थे** जस्ता भूतकालका रूपमा फेर्नुहोस् ।

(३) माथि (ञ) (२) का रूपहरूलाई **करण** भए **अकरण** र **अकरण** भए **करण** बनाउनुहोस् ।

१६. घनघस्याको उकालो कादता

२०२४ साल पुसको अन्तिम हप्तामा म महाकाली अञ्चलमा थिएँ । मेरो जन्म मेची अञ्चलमा भएको थियो । म सुदूर पूर्वको इलामे शरीर बोकेर सुदूर पश्चिमको बैतडीबाट डँडेलधुरातर्फ हिंडेको थिएँ ।

म नेपाललाई माया गर्ने राष्ट्रवादी मान्छे हुँ र मेरो राष्ट्रको हरेक भागलाई म उत्तिकै स्नेहसित मुटुमा सँगाल्छु । म खप्तडमा वसन्त बिताउन चाहन्छु, तुम्लिङमा हिउँ चिप्ली खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा झ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरि होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्कुक्याउँछ ।

जीवनमा कति उकालाहरू काटियो होला र कति ओह्रालाहरू झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो जो कठोरतामा अद्वितीय छ । अघोरी गाडदेखि उकालिन थालेको यो डाँडो सहारा मरुभूमिको तीर्खालाई बिसाउँछु भने झैं तपाईंतिर हेरेर खिस्स हाँस्छ । संसारले अनेकौं काँचुली फेरिसक्यो, देशका अरू भागले हजारौं नयाँ दृश्यहरू देखिसके तर यो उकालो अनन्तदेखि उस्तोको उस्तै छ । युगहरू बिते र समयले टाप लगायो, तर घनघस्याको उकालो उत्तिकै घोसेमुन्टो लगाएको लगाएकै छ । टाउकामा चिप्लो न चिप्लो बरफको हिउँलो केश फुलाएर आफ्नो अरो वृध्द शरीरमा काला रूखहरूको जिङ्गिङ्गे भुल्ला ठड्याई यो घनघस्या गजघुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिंदै जाओस्, यो चाहिं ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरें, तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन्झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो भन्ने भावलाई ह्याकुलाले छोपेर नै म सुदूर पश्चिमको भ्रमणमा निक्लेको थिएँ । बैतडीको शाहीलेकमा अवस्थित विद्यालय भवनमा दुई रात बसेपछि डँडेलधुरा जान तम्सिंदा भरिया पाइएन । नौ बजे भात खाएर हिड्न तयार भएका हामी चार जना व्यक्तिहरू साढे दस बजेसम्म वाल्ल परेर दुई भरियाको खोजमा यता र उता दुगुर्दै नै थियौं । झट्ट मलाई सहायक अञ्चलाधीशको सम्झना भयो । हामी दुगुर्दै सहायक अञ्चलाधीशलाई भेट्न माथि बैतडी बजारतर्फ गयौं । सहायक अञ्चलाधीश यमुनाराज पौड्यालज्यूले लगत्तै दुई जना दमाईहरूलाई बोलाएर सत्र सत्र रुपियाँमा पाटनसम्म भारी बोक्न मिलाइदिनुभयो । एघार बजे हामी दशरथ चन्दको सालिकलाई श्रध्दाका दुई थोपा आँसु चढाएर सतबाँझको लेकतर्फ उकालियौं ।

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा रम्रो मन्दिर थियो जसको छानाको मरम्मत हुँदै थियो । पर्खाल बाहिर फलामे साङ्लीको अग्लो पीङ थियो । त्यसमा मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुराहरू देखें । सात आठ पसलहरू थिए जसका ओरिपरि भेडाका बथानहरू नून र चामलका बोराहरू बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारीहरू थिए,

वनहरू थिए र चरनहरू थिए । गाईहरू चराउँदै गोठाला गोठाल्लीहरू विरहलाग्दा गीतहरू कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेहरूका समूह पनि प्रशस्तै देखिन्थे । धेरै माथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

नेपाल हिमाली मुलुक हो तापनि धेरैजसो नेपालीले हिउँ कुल्चन पाएका हुँदैनन् । मैले २००१ सालको विशाल हिउँ वर्षा हुँदा फिक्कलमा हिउँमा खेल्न पाए बाहेक र दार्जीलिङमा एक दुई पटक हिउँ फुस्फुसाएको देखे बाहेक हिउँको राम्रो परिचय बेलाइतमा मात्र पाएको थिएँ । बेलाइती हिउँ भन्दा सतबाँझका लेकको हिउँ बेग्लै थियो ! यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

मेरा साथी प्रेमबहादुर प्रधान र म यस हिउँमा निकै बेरसम्म खेल्यौं कहिले चिप्ली खेल्दै कहिले हिउँका डल्लाले एक अर्कालाई हिकर्दिउँदै र कहिले हिउँका रमाइला थुप्राहरूमा आकृतिहरू बनाउँदै र लेख्दै हामीले सतबाँझमा समयलाई जिस्क्यायौं । डाँडामा पुगेर पूर्वतर्फ दृष्टिपात गरेपछि पो हामीलाई थाहा भयो हामीले सतबाँझलाई छोडेर धेरै टाढा जानु रहेछ । जीवन एउटा नटुङ्गिदो यात्रा रहेछ । जतिसुकै प्यारो लागे पनि सतबाँझ जस्ता रमणीय स्थानहरूलाई छाड्नुपर्दो रहेछ । ओह्रालो झरेर तर्सै तेर्सो बाटो हामी हिँडिरह्यौं, हिँडिरह्यौं । सल्लैसल्लाको घारीको मध्यभागबाट हिँडेपछि एउटा चौतारो आइपुग्यो । झमक्क साँझ परिसकेकाले तल जङ्गल मुनिको टार अलेली मात्र देखिन्थ्यो । पहाडबाट झर्दा मधेस पुग्ने बेलाको झैं दृश्य थियो त्यो । बास नपाइएला भनेर भरियाहरू र दुई साथीहरूलाई त्यहीं छाडी प्रधान र म ओह्रालो दुगुर्यौं बासको व्यवस्था गर्न । फेदीमा जङ्गल सकिएपछि रमाइलो विशाल चौर आइपुग्यो । त्यसै चौरलाई पाटन भन्दा रहेछन् । फट्याकफुटुक घरहरू देखा परे । बाटामा घरेलु विभागका एक कर्मचारीसित भेट भयो । कास्कीतिरका ती व्यक्तिले अरूतिर बस्ने ठाउँ राम्रो पाइँदैन भनेर आफ्नै डेरातिर लगे । डेरामा काठमाडौं घर भएका दारी नै दारीले ढाकिएका स्वास्थ्य केन्द्रका कर्मचारी पनि रहेछन् । ती दुई दयालु सज्जनका पाहुना भएर हामी उनीहरूकै दालभात खाई त्यस रात रम्री सुत्यौं ।

भोलिपल्ट ती भरियाहरू डँडेलधुरा जान मानेनन् । सहायक अञ्चलाधीशले पाटनका प्रधानपञ्चलाई भरिया बन्दोबस्त गर्न लगाउनुहोला भनेकाले खोज्दा खोज्दा साढे एघार बजेतिर मात्र प्रधानपञ्चसित भेट भयो । उनले दुई जना भरिया खोजिदिए, तर त्यतिन्जेलमा दिउँसोको बाह्र बजिसकेको थियो । घरेलु विभागका कर्मचारीले भोलि मात्रै जानोस्, आज मरे पनि डँडेलधुरा पुगिँदैन भनेर जिद्दी गरे पनि हामी बाह्र बजे पाटनबाट हिंड्यौं । ठीक दुई बज्दा त्यस दिन हामी तेसैतिर्सो हिंडेर अघोरी गाड पुगेका थियौं ।

अघोरी गाडमाथि अग्लो पारेर तेर्स्याएको फलेकको साँघु तरेर हामीले टोपी खस्ने उकालामा पाइला राख्यौं । डरलाग्दो जङ्गलले घेरिएको ढुङ्गेनी बाटाले मुटु ढक्क फुल्यो । यही थियो कुख्यात घनघस्याको विकट उकालो ।

मेरो शरीर अलिक मोटो भएकाले उकालो देख्ने बित्तिकै मेरो सातोपुल्लो उड्छ । तेर्सो र ओह्रालो बाटामा म निकै छिटो हिंड्न सक्छु, तर उकालो भने मेरा लागि जेमराज जत्तिकै भयावह हुन्छ । तर म विवश थिएँ, मैले घनघस्या नकाटी भएको थिएन । पाटनका सहृदय व्यक्तिहरूले

दिएका दुई लाँक्रा उखु पहिले टेक्तै र पछि चबाउँदै हामी एकोहोरो उकालिइरह्यौं, उकालिइरह्यौं ।

जोगबनीदेखि धरानसम्मको अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबीसेसम्मको फराकिलो कालो बाटालाई सराप्दै हामी ठसठस कनिरह्यौं, कनिरह्यौं । सिंहदरबार अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरहवाबाट बुटौल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रूखहरूका छायामा कच्पल्टिएर । पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागीहरू आकाशतर्फ उचालिइरह्यौं, उचालिइरह्यौं ।

नील आर्म्स्ट्रङहरूलाई त्यति फिटफिटी परेन होला, किनभने चन्द्रमामा पुग्दा उनीहरूसित यथेष्ट वैज्ञानिक उपकरणहरू उपलब्ध थिए । हामी भने पानी समेत नपाएर रोयौं । निकै माथि पुगेपछि दुईटा पानीका कुला भेटिंदा स्वर्ग पुगेको अनुभव भयो, मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैं हामी फुलेल भयौं ।

त्यत्ति हो अरू पानी कतै भेटिएन । धेरै धेरै माथि हिउँ प्रारम्भ हुने ठाउँमा पो एउटा असाध्यै चीसो धारो रहेछ । बाटामा एक दुई ठाउँ घरहरू भेटिए तर तिनमा मान्छे थिएनन् । धुरामा पुग्ने वेला तीन माइल जति बाटो जमिसकेको हिउँले ढाकिएको थियो ।

चीसो धारामा पानी खाएपछि दुई भरियाहरू लागे हिउँ नै हिउँको पहरातिर । म पनि तिनको पछि लागें । चिप्ला हिउँका ढुङ्गाहरू खाली खुट्टाले टेक्तै रामसिंह भरिया र उसको भतिजो उकालिए । म तिनको सहनशीलता देखेर मख्ख पर्दै र ठाउँ ठाउँमा चिप्लेर लड्दै तिनीहरूसित धुरातर्फ चढें । रामसिंह, उसको भतिजो र म टुप्पामा पुग्दा पाँच बजेको थियो । अरू साथीहरूको पत्तो थिएन ।

पूर्वपट्टि डँडेलधुरा कुइरामा कता हो कता चन्द्रमा जस्तै टाढा भएर बिलाएको थियो । ठँघोतिर कहालीलाग्दो कालो जङ्गल थियो जसलाई छिचोलेर एउटा खोलो तेरेर एउटा उकालो चढेपछि मात्र डँडेलधुरा पुग्न सकिन्थ्यो ।

डरलाग्दा चितुवा र भालु लाग्ने पट्टेर जङ्गललाई सेतै ढाकेको हिउँमा खाली खुट्टाका औंलाले मान्छेको आकृति कोरेर रामसिंहले भन्यो, 'आज डँडेलधुरा पुग्न सकिंदैन, पोखरातिर राति बाह्र बजेतिर सम्मा पुगिएला ।'

'पोखरा पनि पुगिंदैन । तल कतै रित्तो गोठ पाइएछ भने त्यहीं रात काट्नुपर्छ ।' भतिजो चाहिंले हिउँका डल्लाले छेवैको रूखलाई हिकर्दिँदै भन्यो ।

म चाहिं साथीहरू हिउँमा हराए कि भनेर विचलित भएर कराएँ, 'प्रेमबहादुर भाइ !

प्रत्युत्तरमा हावा मात्र सुइइयँ गऱ्यो ।

'जाऊँ त कसरी जाऊँ, बसूँ त जाडोले सिध्याइसक्यो !' भन्दै मैले हिउँको ढिस्को थुपारें ।

बल्ल साढे पाँचतिर साथीहरूले जबाफ दिए तल भीरतिरबाट, 'हामीले बाटो हरायौं !'

हाम्रो आवाजलाई पछ्याउँदै साथीहरू डाँडामा निस्किसकेपछि मैले भने, 'आज डँडेलधुरा त कुनै अवस्थामा पनि पुग्न सकिंदैन रे ।' रामसिंह पोखरासम्म पुगिहालिन्छ कि भन्छ भने उसको भतिजो चाहिं तल गोठतिर अलपत्रै सुले कुरो गर्छ । त्यसैले छिटो हिंड्न नसक्ने साथी चाहिं दुई जना भरियाहरूसित विस्तारी आउनुहोस्, हामी तीन जना चाहिं दुगुर्दै पोखरा जान्छौं अनि बासगाँसको व्यवस्था मिलाउँछौं । जस्तै अवस्थामा पनि र जति रात परे पनि तपाईंहरू पोखरा अवश्य आइपुग्नुहोला ।

मेरो योजना सबैलाई मन परेकाले प्रेमबहादुर प्रधान, एक जना साथी र म ओह्रालो कुद्यौं । लड्दै पछारिदै धेरै हिंडेपछि बाटो तेर्सियो र फेरि उकालियो । अनेकौं ओह्राला र उकाला बाटाहरू हिंड्दा हिंड्दै अँध्यारोले झ्याप्पै छोप्यो । चोर, डाका, भूत, प्रेत र जङ्गली जनावरका आक्रमणको आशंकाले ढक्क भएको छातीलाई दुई हातले थिचेर हामी तीन जना एक प्राण र एक मुटु भएर दुगुरिरह्यौं । हामी यति पछारियौं भनेर साध्य छैन । हामीलाई यति तीर्खा लाग्यो भनेर साध्य छैन । भोक, डर र बाटो बिरियो होला भन्ने आशंकाले थुर्थुर हुँदै दस बजे रातितिर एउटा डाँडा माथिको गाउँमा हामी पर्‍यौं । निकै घरमा बोलाएपछि एउटाबाट थाहा पाइयो बाटो बिरिएको रहेनछ । अनेकौं घरमा प्रयत्न गरेपछि एउटा छाप्राकी खड्किनी मकै भुट्न तयार भई । लोग्ने परदेश लागेको रहेछ । तल्लो तलामा गाई बाख्रा थिए र माथ्लामा सस्याना भन्टाङभुन्टुङ छोराछोरीहरू यत्रतत्र पसारिइरहेका थिए । दियालाको छेस्को बत्ती जस्तै बालेर त्यस आइमाईले अँगेनामा बीट नभएको ताप्के जस्तो भाँडामा कुचाले चलाएर तीन घान मकै भुटिदिई । पैसा पहिले दिएपछि मात्र त्यसले मकै हाम्रो रुमालमा हालिदिई । प्रशस्त पानी लोटाबाट खाएर त्यो अमृत जस्तै मकै खाँदै हामी पोखरातर्फ लाग्यौं ।

खड्किनीले भनेकी थिई 'बाटामी गाड पडन्छ !'

साँच्चै नै बाटामा एउटा खोलो रहेछ । त्यहाँ मन ढक्क फुल्यो । खोलो वास्तवमा मसान घाट हो, किनभने मरेका मानिसलाई खोलाकै किनारमा जलाउँछन् । त्यसै हुनाले खोलो भन्ने बित्तिकै दिउँसै पनि मेरो सातोपुत्लो उड्छ भने रातिको त कुरै भएन । तर त्यहाँबाट केही उकालो लागेपछि नै रमाइलो डाँडो टुप्लुक्क देखा पऱ्यो जसमा बाटाका दुवैतिर पन्ध्र सोह्र दुङ्गाले छाएका घरहरू थिए । घरहरू सबै बन्द थिए । एकदुई घरका बाहिरपट्टि सिकुवामा मान्छेहरू सुतिरहेका थिए ।

मैले सोधें, 'पोखरा कता पर्छ ?'

यही हो !' एउटाले ओढ्ने भित्रैबाट भन्यो ।

'दोकानहरू सबै थुनिएका छन् नि ? यहाँ कतै पनि बास पाईंदैन कि क्या हो ?' प्रेमबहादुर प्रधानले सोधिभयो ।

'दोकानमा राति कोही बस्तैनन् । दिउँसो बेचबिखन गरेर बेलुका ती गाउँतिर आफ्ना घरमा सुत्न जान्छन् । बरु अलिक पर्तिर जानोस्, एउटा पसले त्यहीं सुत्छ । त्यहीं बास पाइन सक्छ ।' त्यस मान्छेले ओढ्ने झिकेर हामीलाई राम्ररी नियाल्दै भन्यो ।

हामी अघि बढ्यौं । साँच्चै नै एउटा घरभित्र लालटिन बलिरहेको हामीले देख्यौं । ढोका निकै घचघच्याएपछि एउटा बूढाले ढोका उघारी लालटिन उचालेर हामीलाई हेर्दै सोध्यो, 'राति हुँदो के चाहियो ?'

मैले घडी हेरें- रातिको बाह्र बजेको रहेछ ।

'हामीलाई एक रातको बास चाहियो ।' मैले भनें ।

'यहाँ बास पाईंदैन ।' बूढो ढोका ढप्क्याउन लाग्यो ।

'त्यसरी निठुरी बन्न तपाई पाउनुहुन्न । हेर्नोस्, हामी टाढा पूर्वबाट आएका । बास नदिए पनि केही खाने कुरा भए दिनोस्, हामी किनेर खान्छौं ।' प्रधानले भन्नुभयो ।

बूढासित खाने कुरो केही रहेनछ ! चिउरा, मकै, चामल, आलु केही रहेनछ । सस्याना सुत्तलाहरूले भरिएको एक डालो रहेछ ।

'कास्की पोखराका सुन्तला रहेछन् नि त तारा दाइ !' अर्का साथीले व्यङ्ग्य गर्नुभयो ।

अनि हामीले दुई दुई रुपियाँका तीसतीस दाना जति ती चिचिले सुन्तला खायौं । बूढाले कत्ति गर्दा पनि त्यहाँ बास दिन मानेन । उसकै घर अगाडिको चीसो छानु ह्वाङ्गै भएको र फोहरी कटेरो उसले देखायो । त्यसैसित दुई रुपियाँका तीन अँगाला दाउरा किनेर हामी आगो ताप्दै साथीहरूलाई पर्खन लाग्यौं ।

राति दुई बजे सास मात्र बाँकी राखेर भरियाहरू र साथी आइपुगे । अनि रामसिंह र उसको भतिजो आगोको छेउमा पातलो तन्दा ओछ्याएर र हामी चार भाइ आआफ्ना सुत्ने थैलाभित्र पसी चीसो न चीसो भुइँमा ढुङ्गाको सिरानी लगाएर भोलि रमाइलो डँडेलधुरा पुग्ने स्वादिलो कल्पना गर्दै साढे दुई बजेतिर कच्पल्टिलो निद्रा सुत्यौं ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

काट्नु	– छिचोल्नु
लेक	– धेरै माथि पहाडको चीसो ठाउँ
कठोरता	– अप्ठ्यारोपना, कडापना
गाड	– खोलो, सानो नदी
अनन्त	– कहिल्यै नटुङ्गिने समय
टाप लगाउनु	– दुगुर्नु, कुदेर भाग्नु, बेपत्ता हुनु
हिउँलो	– हिउँले भरिएको, हिउँको
अरो	– कडा
निरीक्षण गर्नु	– राम्ररी गडेर हेर्नु
भ्रमण	– यात्रा, घुमाइ
अवस्थित	– बसेको
श्रध्दा	– भक्ति
रमणीय	– रमाइलो, सुन्दर, मनतान्ने
उग्राउनु	– पशुहरूले खाइसकेको घाँस पछि मुख मिठ्याई मिठ्याई चबाउनु
चरन	– पशु चर्ने ठाउँ, पशुले घाँस आफै मुखले टिपेर खाने ठाउँ
पाखो	– पहाडको पाटो
हिउँ वर्षा हुनु	– हिउँ पर्नु
हार्दिकता	– हृदयको न्यानो भावना
फट्याकफुट्टुक	– एक दुई
मरे पनि	– जतिसुकै प्रयत्न गरे पनि
फलेक	– तख्ता, काठ
साँघु	– पुल

टोपी खस्ने उकालो	– ज्यादै ठाडो उकालो
दुङ्गेनी	– दुङ्गै दुङ्गा भएको
कुख्यात	– नराम्रो नाउँ चलेको, प्रसिध्दको उल्टो
विख्यात	– प्रसिध्द, नाउँ चलेको
विकट	– अप्ठ्यारो
सातोपुल्लो उड्नु	– साह्रै डराउनु, आँट जम्मै हराउनु
आकृति	– रूप, नक्सा, आकार
दृष्टिपात गर्नु	– हेर्नु
घारी	– जङ्गल, वन
भयावह	– डरलाग्दो
विवश	– अलपत्र, करमा परेको
सहृदय	– दयालु
लाँक्रा	– धारा, घोचा
उपकरण	– कलपुर्जा, साधन
उपलब्ध हुनु	– प्राप्य हुनु, पाइनु
मरूद्यान	– मरुभूमिको बीचमा कतै कतै पाइने शीतल बगैंचा
फुलेल हुनु	– मख्ख हुनु, खुशी हुनु
धुरो	– चुचुरो, टुप्पो
सहनशीलता	– सहन सक्ने तागत
विचलित हुनु	– दुःखित हुनु
प्रत्युत्तर	– जबाफ
भुत	– तर्साउने
आशंका	– शङ्का, डर, त्रास
पसारिनु	– अलपत्र सुलु, पल्टिनु
बाटामी गाड पडन्छ	– बाटामा खोला पर्छ (बैतडेली बोली)
मन ढक्क फुल्नु	– डर लाग्नु
सिकुवा	– घर बाहिरपट्टिको बस्ने ठाउँ
चिचिले	– भर्खर रूखमा लागेको, सह्रै सानो
कच्पल्टिलो	– बिथोलिएको, बाधा पुगेको

लेखको परिचय– यो यात्रा वर्णन हो । लेखकले आफ्नै निजी अनुभवहरूको बयान गर्दा आफूले गरेका यात्राको वर्णन गरेमा त्यस्तो निबन्धलाई नियात्रा भनिन्छ । 'घनघस्याको उकालो काट्दा' नियात्रा हो ।

यस ग्रन्थका लेखकले २०२४ सालको एस. एल. सी. परीक्षाको सञ्चालन गर्न डोटी जाँदा राष्ट्रको पश्चिमी सीमामा स्थित महाकाली नदीलाई झुलाघाटमा तरी बैतडी र डँडेलधुरा हुँदै सिलगढी

पैदलै पुग्नुपरेको थियो । झुलाघाटदेखि बैतडीसम्मको उकालो काटी बैतडीमा दुई रात बिताएर डँडेलधुरामा एस. एल. सी. परीक्षा सञ्चालन गर्न हिंडेका मित्र र वहाँका साथीसित म र प्रेमबहादुर प्रधान डोटीतर्फ हिंडेका थियौं । हामी दुई रात डँडेलधुरामा पनि बसेका थियौं । आजभोलि त दक्षिण तराईबाट मोटरको बाटो पनि त्यतातिर पुगिसकेको छ, तर सुदूर पश्चिम पहाडको विकटता अझै पनि छँदैछ । घनघस्याको अग्लो डाँडो बैतडी र डँडेलधुराको बीचमा अवस्थित छ । हामी बैतडीतिरबाट डँडेलधुरा गएका थियौं र यस नियात्रामा त्यही उकालाको बयान गरिएको छ, तर डँडेलधुरातिरबाट बैतडी जाँदाको दक्षिणी पाटो पनि उत्तिकै अप्ठ्यारो छ ।

यात्राले दिने अनुभव र शिक्षा चिरस्थायी हुन्छ । पश्चिमी नेपालको सानै भए पनि परिचय दिनु यस निबन्धको लक्ष्य रहेको छ ।

यस लेखमा परेका ठाउँहरूको छोटो चिनारी :

खप्तड : सुदूर पश्चिमको प्रसिध्द लेक, रमणीय जङ्गलले भरिएको पश्चिमी पहाड

तुम्लिङ : इलाम र दार्जीलिङका साँघमा उभिएको अग्लो पहाड

राजापुर : कर्णाली नदीको पूर्वी किनारमा बसेको तराइली बजार

तिल्केनी : माई खोलाबाट इलाम बजार जाने उकालो बाटो

चन्दनी : मध्यपश्चिम नेपालको डरलाग्दो उकालो (मित्रसेनको पुरानो गीतमा यसको उल्लेख यसरी भएको छ : चन्दनीको उकालीमा लाउँला ठूलो वर मयाँलै !)

अघोरी गाड : बैतडीको पाटन सकिएपछि घनघस्याको उकालो थालिने ठाउँमा बगेका खोलाको नाउँ

पुवा : इलामलाई रमणीय पार्ने चार प्रसिध्द खोलाहरू छन् : माई, जोगमाई, पुवामाई र देउमाई । इलाम डाँडाको पूर्व फेदीमा माई छ जो झापामा पुग्दा कन्काई नाउँले चिनिन्छ । इलाम डाँडाको पश्चिम फेदीमा भने पुवाखोलो छ । जोगमाई खोलो माईदेखि पूर्वमा छ भने देउमाई चाहिं इलामको पश्चिम इलाकामा बग्छ ।

टुकुचा : काठमाडौं नगरको बीचमा स्थित सानो खोल्सो

सतबाँझ : बैतडीको अग्लो पहाड

ट्याम्के : भोजपुरको अग्लो डाँडो

अन्तु : इलाम र दार्जीलिङका बीचको अग्लो चुचुरो । इलामको पूर्व दाक्षण कुनाको यस चुचुराबाट बिहान बिहान घाम झुल्केको साह्रै राम्रो दृश्य देख्न पाइन्छ ।

चन्द्रा गिरी : काठमाडौं उपत्यकाको दक्षिण पश्चिमतिरको अग्लो पर्वत

फिक्कल : इलामको पूर्वी भागमा स्थित ठूलो बजार जो आलु, अलैंची र चियाका लागि विख्यात छ ।

लेखकको परिचय- रचनामा लेखकको नाउँ नभएका जति सबै लेख, प्रबन्ध र निबन्ध तथा व्याकरण र अभ्यास सबै नै सम्पादकद्वारा लेखिएका हुन् । तारानाथ शर्माको जन्म १९९१ साल असार ९ गते मेची अञ्चल अन्तर्गत इलामको वरबोटे (बिब्ल्याँटे नजिकै) भएको थियो । लेखकका प्रशस्त कृतिहरू छापिएका छन् । 'बेलाइततिर बरालिंदा' मा मदन पुरस्कार प्राप्त शर्माका 'पाताल प्रवास', 'सम र समका कृति' तथा 'नेपाली साहित्यको इतिहास' निकै चर्चित छन् । शर्मालाई अमेरिका स्थित विस्कान्सिन विश्वविद्यालयबाट भाषाविज्ञानमा पीएच. डी. उपाधि पनि प्राप्त छ ।

प्रश्नहरू

(क) तलका जोडीहरू मिलाउनुहोस्-

अ

(१) बाटामा एउटा रमणीय ठाउँ भेटियो
(२) नेपाल हिमाली मुलुक हो
(३) अघोरी गाड तरेर हामीले उकालामा पाइला राख्यौं
(४) बाटो बिरिएको रहेनछ
(५) प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो
(६) रातिको बाह्र बजेको रहेछ

आ

छाप्रोकी खड्किनी मकै भुट्न
तयार भई
म सुदूर पश्चिमको भ्रमणमा
निक्लेको थिएँ
पर्खाल बाहिर फलामे साङ्लीको
पीङ थियो
हामीले ती चिचिले सुन्तला खायौं
कुख्यात घनघस्याको विकट
उकालो यही थियो
धेरैजसो नेपालीले हिउँ कुल्चन
पाएका हुँदैनन्

(ख) तलका प्रश्नहरूका छोटा छोटा उत्तर दिनुहोस्-

(१) घनघस्याको उकालो त्यस दिन चढ्ने कति जना थिए ?
(२) दशरथ चन्दको सालिक कहाँ छ ?
(३) यस निबन्धभित्रका यात्रीहरूले दशरथ चन्दको सालिकलाई के गरे ?
(४) घनघस्याको टुप्पामा के पाइन्छ ?

(५) बैतडी मास्तिरको मन्दिरमा भेडाहरू के गर्दै थिए ?
(६) पश्चिममा भेडाहरू केका लागि पालिंदा रहेछन् ?
(७) कहाँको दृश्य पहाडबाट झर्दा मधेस पुग्ने वेलाको झैं थियो ?
(८) डँडेलधुराको पोखरा कस्तो ठाउँ रहेछ ?
(९) पोखराको पसलेसित के के खानेकुरा रहेछन् त ?
(१०) नीलआर्मस्ट्रङहरूलाई चन्द्रमामा पुग्दा किन त्यति फिटफिटी परेन ?

(ग) यस निबन्धका आधारमा नेपालको सुदूर पश्चिमको जुन चित्र तपाईंका अगाडि देखिन्छ आफ्नै भाषामा बयान गर्नुहोस् ।

(घ) तपाईं पक्का पनि आफ्नो ठाउँबाट कतै अरूतिर जानु भएकै होला । तपाईंले अनुभव गरेको यस्तै एउटा यात्राको रमाइलो बयान गर्नुहोस्, अर्थात् एउटा रसिलो निबन्ध लेख्नुहोस् ।

व्याकरण

सकर्मक र अकर्मक क्रिया- वाक्यमा क्रियालाई लिएर के भनी सोध्दा जवाफ पाइन्छ भने त्यो क्रिया सकर्मक हुन्छ र पाईंदैन भने अकर्मक हुन्छ । जस्तै,

सकर्मक-
(१) छोराले **दूध खायो** ।
(२) रमले कथा **सुनायो** ।
(३) म सिनेमा **हेर्छु** ।

अकर्मक-
(४) बालक **रोयो** ।
(५) हरिदत्त जुम्ला **गएछन्** ।

माथि वाक्य १ मा छोराले के खायो ? भनेर सोध्दा दूध भनेर जवाफ पाइन्छ । त्यसैले खानु सकर्मक क्रिया हो । तर वाक्य ५ मा हरिदत्त के गएछन् ? भन्दा जवाफ पाईंदैन । त्यसै हुनाले जानु अकर्मक क्रिया हो । माथिका उदाहरणहरूमा वाक्य २ र ३ का सुनायो र हेर्छु का कर्म छन् अर्थात् के सुनायो ? र के हेर्छु ? भनेर सोध्दा कथा र सिनेमा भन्ने उत्तर पाइन्छ । त्यसै हुनाले वाक्य १ को खानु जस्तै सुनाउनु र हेर्नु सकर्मक (अर्थात् कर्म सहितका) क्रिया हुन् । तर रोयो भने गएछन् जस्तै अकर्मक का कर्म नलिने क्रिया हो ।

धातुका किसिम- क्रियामूलबाट नु हटाउँदा धातु बन्छ भन्ने कुरो त पहिल्यै आइसकेको छ । धातु पनि चार किसिमका हुन्छन्- **आधारभूत, भाववाची, प्रेरणार्थक** र **भाववाची प्रेरणार्थक** । जस्तै,

क्रियामूल	आधारभूत	भाववाची	प्रेरणार्थक	भाववाची प्रेरणार्थक
खानु	खा	खाइ	खुवाउ	खुवाइ
रुनु	रु	रोइ	रुवाउ	रुवाइ
भन्नु	भन्	भनि	भनाउ	भनाइ
दिनु	दि	दिइ	दियाउ	दियाइ
बन्नु	बन्	बनि	बनाउ	बनाइ

आधारभूत र **भाववाची** धातु **सकर्मक** र **अकर्मक** दुवै खालका हुन्छन्, तर **प्रेरणार्थक** र **भाववाची प्रेरणार्थक** धातुहरू जहिले पनि **सकर्मक** हुन्छन् । **सकर्मक** र **अकर्मक** छुट्याउनलाई के भनेर क्रियालाई सोध्दा थाहा पाइन्छ भनेर माथि नै भनिएको छ । त्यसका साथै कुनै पनि क्रियाको **साधारण भूत** कालको वाक्य बनाउँदा कर्तासित **ले** लाग्यो भने **सकर्मक** र लागेन भने **अकर्मक** भनी चिन्न सकिन्छ । जस्तै,

सीता रोई (**ले** लागेन, त्यसैले **रोई** अकर्मक हो)

सीताले टीका लगाई (**ले** लाग्यो, त्यसैले **लगाई** सकर्मक हो)

प्रेरणार्थक- आधारभूत धातुमा आउ प्रत्यय जोड्दा प्रेरणार्थक धातु बन्छ यसले केही **काम गर्न लगाउने** अर्थ दिन्छ । यसका साथै घुमाउरो प्रकारले पनि प्रेरणार्थक बनाउन सकिन्छ । घुमाउरो प्रकारले प्रेरणार्थक बनाउँदा मुख्य क्रियाका पछाडि **लाउनु** वा **लगाउनु** जोडिन्छ । जस्तै,

मूल प्रेरणार्थक- मैले छोरालाई गीता पढाएँ

घुमाउरो प्रेरणार्थक- मैले छोरालाई गीता पढ्न लगाएँ

मूल प्रेरणार्थकमा कर्तालले आफैं चाख लिएर काममा भाग लिएको हुन्छ । पढाउने काम कर्ता आफैंले गरेको कुरो माथिको वाक्यबाट छर्लङ्ग बुझिन्छ, तर **घुमाउरो प्रेरणार्थकमा** भने कर्तालले अरूद्वारा काम गर्न लगाएको बुझिन्छ ।

(ङ) तल देखाए बमोजिम प्रेरणार्थक क्रियाको सुहाउँदो रूपले खाली ठाउँ भरेर वाक्यहरूलाई पूरा गर्नुहोस्-

नमूना :

दिएको वाक्य- जानकी आफू खान्छे र बहिनीलाई पनि ..... ।

पूरा वाक्य- जानकी आफू खान्छे र बहिनीलाई पनि **खुवाउँछे** ।

(१) जानकी आफू जाँच दिन्छे र बहिनीलाई पनि ..... ।

(२) तेन्जिङ शेर्पा आफू हिमाल चढ्छन् र अरूलाई पनि ..... ।

(३) राम आफू पछि पर्छ र उसका साथीहरूलाई पनि पछि ..... ।
(४) वैज्ञानिकहरू आफू प्रयोग गर्छन् र आफ्ना सहयोगीहरूलाई पनि प्रयोग ..... ।
(५) दिदी आफू ढिलो सुत्नुहुन्छ, तर भाइबहिनीहरूलाई भने चाँडै ..... ।
(६) माधुरी मैयाँ आफू हाँस्छिन् र साथीभाइहरूलाई पनि ..... ।
(७) सीताले सेल रोटी चाख्छिन् र रामलाई पनि .....।
(८) हामीले चिठी लेख्यौं र उनीहरूलाई पनि ..... ।
(९) उर्मिला सारी किन्छे र भाउजूलाई पनि ..... ।
(१०) दसैंमा धनीहरू आफू धेरै लुगाफाटा हाल्छन् र गरीबहरूलाई पनि ..... ।

(च) माथि (ङ) मा भएका रिता ठाउँहरू तल नमूनामा देखाए झैं भर्नुहोस्-

नमूना :

दिएको वाक्य- जानकी आफू खान्छे र बहिनीलाई पनि ..... ।
पूरा वाक्य- जानकी आफू खान्छे र बहिनीलाई पनि खान लगाउँछे ।

(छ) तलका क्रियामूलहरू **सकर्मक** हुन् कि **अकर्मक** ? साधारण भूत कालमा वाक्य बनाई तिनलाई प्रयोग गर्नुहोस् र ले लाग्ने नलाग्ने आधारमा छुट्याउनुहोस्-

• भन्नु, बोल्नु, हाँस्नु, लेख्नु, धुनु, जानु, कुट्नु, हुनु, मर्नु, बस्नु

(ज) तलका वाक्यहरूमा प्रयोग भएका क्रियाहरू **सकर्मक** वा **अकर्मक** के हुन् ?

(१) यसपालिको दसैंमा दाङ **गइन्छ** ।
(२) रामसिंह भरिया भारी **बोक्तै थियो** ।
(३) श्यामले भन्यो 'म चाँडै **जान्छु होला** ।'
(४) श्यामकर्ण घोडा त **मरेछ** !
(५) तालुमा आलु **फलेछ** भने म पनि मोटर **चढुँला, बुझ्यौ** ?
(६) कसैले तपाईं **भनोस् नभनोस्** आफैं मपाई **भएको छ** त्यो हरिलाल !
(७) मदनले **छाडेर** हाम्रा गएपछि मुना झ्यालमा **बसी** र घुरुघुरु **रोई** ।

१७. शहीदहरूको सम्झनामा

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार सपूत मरेर नगए

ओठमा हाँसो गालामा लाली तब आउँछ जगत्को
देशको पीरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता

उम्रन्न बोट कसैले बीउ छरेर नगए

हामीले खाने प्रत्येक गाँसमा रगत छ शहींदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ शहीदको
हाम्रो मुटुको प्रत्येक चालमा छ धड्कन शहीदको
हाम्रो खुशीको प्रत्येक पलमा छ जीवन शहीदको

पाउने थिएनौं खुशी तिनले छाडेर नगए

हामीले आफ्नो कर्त्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका शहीदको प्यारो लाशले धिक्कार्ला
धर्तीले मुख लाजले छोप्ला आकाशले धिक्कार्ला
शहीद रोलान् हामीले उन्नति गरेर नगए

(भूपि शेरचन)

अभ्यास

अप्ठ्यारा शब्दहरू

मिर्मिर - झिस्मिसे, भुक्भुके उज्यालो
सपूत - सुपुत्र, असल छोरो
लाली - रातो रङ, रातो चहक

भेटी - कोसेली, सम्मानसाथ चढाएको कुरो
फाँसी - घाँटी बेरेर मार्ने पासो, घाँटीमा डोरीले तानेर मार्ने सजाय
चरण - गोडा, पाउ
उम्रन्त - 'उम्रँदैन' को छोटो रूप
धड्कन - धुक्धुकी, मुटुको कम्पन
शहीद - देशका लागि ज्यान चढाउने मान्छे
पल - क्षण, छिन, छोटो समय

कविको चिनारी - भूपि शेरचनको जन्म १९९३ सालको पुसमा धौलागिरि अंचल भित्र पर्ने मुस्ताङ जिल्लाको थाक टुकुचेमा भएको थियो । उनको देहान्त भने २०४६ सालमा काठमाडौंमै भयो ।

राम्री लय मिलेका र सरल गद्यकविता लेख्ने भूपि शेरचनका रचना असाध्यै जनप्रिय छन् । उनका धेरैजसो कविताहरू पत्रपत्रिकाहरूमा छापिए तापनि 'घुम्ने मेचमाथि अन्धो मान्छे' मा उनका त्रिचालीस कविताहरू पुस्तकका रूपमा एक ठाउँ जम्मा पारिएका छन् ।

'शहीदहरूको सम्झनामा' भन्ने कविता झ्याउरे लयमा लेखिएको छ । यस कवितामा कवि भूपि शेरचनले आफ्नो देश, आफ्नो संस्कृति र आफ्ना जनताका लागि अन्याय र अत्याचारसित जुझ्दा प्राणत्याग गर्ने लोकहितकारी वीरहरूको गुण गाएका छन् । मातृभूमिलाई स्वतन्त्र, उन्नतिशील र स्वच्छ राखी उज्यालो भविष्यका निम्ति निरन्तर लाग्न प्रेरणा दिने शहीदहरूका विषयमा भूपि शेरचनको उच्च भावनालाई यस कविताले सरल र सरस पाराले प्रस्तुत गरेको छ ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूमा छोटकरी उत्तर लेख्नुहोस् -
(१) के झरेर नगए र कति वेला बिहान हुँदै न ?
(२) को के नभए देश बन्दैन ?
(३) जगत् कति वेला खुशी र राम्रो हुन्छ ?
(४) दासता कति वेला र के गर्दै भाग्छ ?
(५) कसले के नगरे बोट उम्रँदैन ?
(६) हाम्रो प्रत्येक गाँसमा कसको रगत छ ?
(७) हाम्रो प्रत्येक खुशीको पलमा कसको जीवन पाइन्छ ?
(८) के बिर्से कसले कसलाई धिक्कार्ला ?
(९) कसले गोली निल्यो त ?
(१०) हामीले के नगरे को रोला ?

(ख) 'उम्रन्त बोट कसैले बीउ छरेर नगए' मा कविले भन्न खोजेका कुरालाई छर्लङ्ग पार्नुहोस् ।

(ग) तलका हरफहरूको सप्रसङ्ग व्याख्या गर्नुहोस्-
हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला

गोली निलेका शहीदको प्यारो लाशले धिक्कार्ला
धर्तीले मुख लाजले छोप्ला आकाशले धिक्कार्ला

(घ) यस कवितामा भएका सबै विचारहरूलाई आफ्नै भाषामा मिलाएर लेखी देखाउनुहोस् ।

(ङ) १९९७ सालमा दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त र शुक्रराज शास्त्री चार जनालाई प्राणदण्ड दिइएको थियो । दशरथ चन्द र गंगालाल श्रेष्ठलाई गोलीले उडाइएको थियो भने धर्मभक्त र शुक्रराज शास्त्रीलाई रूखमा झुन्ड्याइएको थियो । मानिलिनुहोस्, तपाई पहिलो चोटि काठमाडौं पुग्नुभयो र भोलिपल्ट शोभा भगवतीको मन्दिरमा दर्शन गर्न जानुभयो भने मन्दिरको दक्षिणपट्टि विष्णुमती र भद्रमती (भाचा खुसी) मिसिएको दोभान देखिन्छ । हो, त्यसै दोभानमा रातिको समय पारेर दशरथ चन्द र गंगालालका छातीमा गोली हानिएको थियो । उनीहरूले साथीहरूसित मिली नेपालमा उन्नति होस्, जनताको सरकार होस् र स्वतन्त्रतापूर्वक बोल्न, लेख्न र बाँच्न पाइयोस् भन्ने आन्दोलन गरेका थिए । यसलाई अपराध मान्दै त्यस ताकको सरकारले उनीहरूलाई मारी शहीद तुल्याएको थियो । तपाई त्यस पवित्र ठाउँमा पुग्दा जुन विचारहरू तपाईका मनमा आए तिनलाई एकै उमेरका तर काठमाडौं नपुगेका आफ्ना काकालाई चिठीमा लेखेजस्तो पारी लेखेर देखाउनुहोस् ।

व्याकरण

अनिश्चय बुझाउने क्रिया – कुनै कुराको निश्चयसाथ अर्थ नबुझाई केही छनक वा संकेत दिने वा सम्भावना जनाउने क्रियाका रूपहरूलाई **अनिश्चय बुझाउने क्रिया** भन्ने चलन छ । जस्तै,

हरिहर बाजे वेद पढ्दै होलान् ।
राम भोलि घर जाला ।
कृष्ण आँप पाए खाँदो हो ।
शिवहरि दार्चुला गए होलान् ।

विधि वा आदेश बुझाउने क्रिया – आदेश वा अनुरोध दोस्रो पुरुषमा मात्र प्रयोग हुन्छ । ती रूपहरू यस्ता हुन्छन्–

तैं जा	– तैं गर्
तिमी जाऊ	– तिमी गर
तिमीहरू जाओ	– तिमीहरू गर
तपाई (हरू) जानुहोस्	– तपाई (हरू) गर्नुहोस्
हजुर (हरू) गइबक्सियोस्	– हजुर (हरू) गरिबक्सियोस्

इच्छा बुझाउने क्रिया – आफ्नो मनको इच्छा सबै पुरुषमा र दुवै वचनमा पोख्न सकिन्छ । यसो भइदिओस् भन्ने शुभेच्छा यस रूपले प्रकट हुन्छ –

म जाऊँ	हामी जाऔं
तैं गएस्	तिमीहरू गए
तिमी गए	

ऊ जाओस्	उनीहरू जाऊन्
उनी जाऊन्	
तपाई(हरू) जानुहोस्	
हजुर(हरू) गइबक्सियोस्	
म बसूँ	हामी बसौं
तैं बसेस्	तिमीहरू बसे
तिमी बसे	
ऊ बसोस्	उनीहरू बसून्
उनी बसून्	
तपाई(हरू) बस्नुहोस्	
हजुर(हरू) बसिबक्सियोस्	

(ङ) तलका वाक्यहरूमा प्रयोग भएका मुख्य क्रियाहरूले **विधि, अनिश्चय** र **इच्छा** मध्ये के बुझाउँछन् ? राम्ररी छुट्याउनुहोस् –

जब यी सारा पाखापखेराहरूमा बिजुली बत्ती **बल्लान्**, हामी **भनौंला**, 'हाम्रा पनि दिन **फिर्लान्** र हामी **नाचौंला, गाऔंला** र भोजमा **रमाऔंला** !' तर हामी उँभो **उठौं** भन्ने कामना नभएको भए हामी उहिल्यै हतास **भइसक्ता हौं** । **गर्नुहोस्** र गरेरै मात्र **छाड्नुहोस्** भन्ने हुटहुटी दिने साथी **चाहिंदो हो, पढौं, सिकौं** र **जानौं** भन्ने अनुभवी **हुनुपर्दो हो** तर हामी भने त्यसै त्यसै आफैं **बुर्कुसी मार्न थाल्यौं होला** ।

(च) तलका मुख्य क्रियाहरूलाई विधि बुझाउने रूपमा फेर्नुहोस् –

तिमी साह्रै राम्ररी बेपार **गर्दा रहेछौ** । यस्तो फुर्ती यसरी नै **देखाइरहन सके**, ईश्वरले वरदान **दिऊन्** । यसरी नै लगनशीलतासाथ काम **गऱ्यौ** भने म तिमीलाई मेरो सारा धन **सुम्पन्छु** । तिमी जस्ता योग्य मान्छेका हातमा त्यो रकम धन्य **बन्नेछ** । ठग्ने काम **नगरे** । सदा सुखी **भए** । आफ्नो राष्ट्र, आफ्नो संस्कृति र आफ्नो भाषाका लागि जीउज्यान **लगाउन सके** । तिमी के **भन्छौ** ?

(छ) तलका वाक्यहरूलाई **इच्छा** बुझाउने रूपमा फेरी शुद्धसित सार्नुहोस्–

(१) तिमी चाँडै घर जाऊ र पढ्न थाल ।
(२) तैं मेरा कुरा सुन् कान्छा, झट्ट दुई लेख लेख् ।
(३) म कुखुराको मासु खान्छु र मुख कुल्ला गर्छु ।
(४) ऊ घर जान्छे र गणित गर्छे ।
(५) कस्तो खेल खेल्छ त्यो, सोध सोध नानी ।
(६) उनी पान खान्छिन् र प्याचप्याच थुक्छिन् ।
(७) उनीहरू जलेश्वर जान्छन् र माछा खान्छन् ।
(८) हामी घनकुटा पुग्छौं र सुन्तला किन्छौं ।
(९) तपाईं साँदिको भोगटे रुचाउनुहुन्छ ।
(१०) ऊ काँक्रोको अचारसित हरिया मकै मन पराउँछ ।

१८. हाम्रा हक्की विद्वान् बाबुराम आचार्य

अचेल काठमाडौंको जुन ठाउँमा त्रिभुवन विमान बिसौनी बनेकोछ त्यहाँ एउटा गाउँ थियो जसलाई मान्छेहरू गौचर भन्ने गर्थे । गौचर गाउँमा अनेकौं झुप्राहरू र झिंगटीका छाना भएका घरहरू छरपुस्टिएका थिए । त्यस्तै एउटा घरमा बाबुराम आचार्यले पहिलो पल्ट आँखा खोलेका थिए ।

बाबुराम आचार्यको जन्म १९४४ सालमा भएको थियो । उनले पचासी वर्षको आफ्नो व्यस्त जीवन गुजारेर २०२९ सालमा सधैंका लागि आँखा चिम्ले । हो, उनले पचासी वर्षको पाको उमेर बिताएपछि आफ्ना आँखाका ढकनीहरू सधैंका लागि बन्द गरेका थिए, तापनि उनको हेर्न सक्ने शक्ति भने २००३ सालतिरै देखि कम्जोर हुँदै गएर २००८ सालतिर त झ्यापै भएको थियो । तर बाहिरी आखाँको ज्योति झ्यापै भए पनि उनको भित्री ज्ञानको ज्योति भने कहिल्यै निभेन ।

बाबुराम आचार्यका ज्ञानको कहिल्यै ननिम्पे भित्री उज्यालाले नेपाली जनतालाई सदैव बाटो देखाउनेछ । यो यस्तो उज्यालो हो जसले हामीलाई अज्ञानका अँध्यारा खाल्डाहरूमा खस्यौं भने पनि बचाउनेछ ।

थालनीमा सस्यानो जागीर खाँदा बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहसित उनको सम्पर्क भएको थियो । बाबुराम आचार्यले वीरपुस्तकालयमा काम गरेका थिए । त्यहाँ काम गर्दा उनको सम्पर्क माहिला बडा गुरुज्यू हेमराज शर्मासित पनि भयो । जयपृथ्वीबहादुर सिंह सुधारवादी विचारका र विद्या र शिक्षा भनेपछि हुरुक्क हुने खालका मान्छे थिए भने हेमराज शर्मा संस्कृत भाषाका प्रकाण्ड विद्वान् थिए । यस्ता विद्वान् संगतले गर्दा उनमा सानै उमेरदेखि ज्ञानको खोजीतर्फ चाख बढेर गयो । त्यति मात्र होइन, बाबुराम आचार्य चाकरी र चाप्लुसी गर्न नचाहने हक्की विचारका भएर निक्ले ।

हाम्रो इतिहास खोज्न र जान्नलाई संस्कृत भाषाको ज्ञान हुनुपर्छ, किनभने पुराना पुराना लेखहरू, धातु र ढुंगामा कपेका लेखोटहरू र ग्रन्थहरू संस्कृतमै पाइन्छन् । तर इतिहासका त्यस्ता सामग्रीहरूलाई व्याख्या गर्न खोज्ने विद्वान्ले अंग्रेजी भाषा पनि सिकेको छ भने सुनमा सुगन्ध जस्तो हुन्छ । अंग्रेजी जानेको छ भने त्यस्ता मान्छेले यस विज्ञान र ज्ञानको युगमा युरोप र अमेरिकातिरका विद्वान्हरूले कसरी मानव सभ्यताको इतिहास पत्ता लगाएका छन् र व्याख्या गरेका छन् भन्ने थाहा पाउँछ । बाबुराम आचार्यमा यस कुराको राम्रो हेका थियो । त्यसै हुनाले उनी अंग्रेजी भाषा पढ्न चाहन्थे । उनका पिता आफ्ने छोरालाई अंग्रेजी सिकाउन चाहँदैनथे । यस्तो स्थितिमा पनि लुकेर र बाबुका आँखा छल्ने गरी अंग्रेजी सिके ।

बाबुराम आचार्यले आफ्नो भएभरको शक्ति लगाएर इतिहासको गहिरो अध्ययन गरे । उनले संसारका प्रसिद्ध इतिहासकारहरूले लेखेका अनेकौं ठूलाठूला ग्रन्थहरू पढे

अनि हाम्रो इतिहासलाई खोज्ने, बुझ्ने र व्याख्या गर्ने काम गरे । नेपालका ठाउँ ठाउँमा घुमेर विभिन्न धातुका र ढुंगाका प्राचीन कपोटहरू, लेखोटहरू, मूर्तिहरू र कलाहरूको उनले राम्रो अध्ययन गरे । नेपाली सभ्यता उच्च किसिमको रहेछ भन्ने कुरो उनले थाहा पाए । साँचो कुरालाई फेला पार्नु र मान्छेका सभ्यताको अर्थ बुझेर त्यसै अनुसारले इतिहास लेख्नु उनको विशेषता थियो । यसरी पुराना कलाकृति र कागतपत्रहरूको खोज गर्दा उनले नेपाली इतिहास, नेपाली कला र नेपाली साहित्यका धेरै कुराहरू पत्ता लगाए । कहिल्यै नथाकी एकोहोरो परिश्रम गरेकै हुनाले उनका आँखा कम्जोर भएका थिए र केही वर्षपछि उनले तिनको ज्योति नै गुमाउनुपरेको थियो ।

संसारको सबैभन्दा अग्लो चुचुराको नेपाली नाउँ सगरमाथा हो भनी पत्ता लगाउने बाबुराम आचार्य नै हुन् । उनका पुस्तकहरू सातसालको क्रान्ति अघि उति छापिन पाएनन् । उनी सत्य कुरालाई लुकाउने वा बङ्ग्याउने गर्न चाहँदैनथे । सबैसित समान व्यवहार गर्ने बाबुराम आचार्य असाध्यै मिजासिला व्यक्ति थिए । मन्त्रीदेखि लिएर साधारण ओहदाका मान्छेसित पनि उनी उत्तिकै स्नेहपूर्वक कुरा गर्थे । उनी कसैलाई उचाल्ने वा होच्याउने गर्दैनथे । साँचा कुराका लागि ज्यानै दिनुपरे पनि उनी पछि हट्दैनथे ।

उनका एक सय जति लेखहरू पत्र पत्रिकाहरूमा छापिएका छन् । पुस्तकका रूपमा 'नेपालको संक्षिप्त वृत्तान्त' र चार भागमा बाँडिएको 'पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' इतिहास सम्बन्धी रचना हुन् । 'तुलनात्मक सुन्दरकाण्ड' र 'पुराना कवि र कविता' नेपाली साहित्य सम्बन्धी उनका खोजका ग्रन्थहरू हुन् । 'पुराना कवि र कविता' भन्ने पुस्तकमा उनले भानुभक्त आचार्य भन्दा अघिका निकै नेपाली कविहरूका बारेमा लेखेका छन् ।

जुन समयमा उनका आँखा सद्दे थिए र [illegible] तागत पनि थियो त्यस वेला निरंकुश शासनले उनलाई पुस्तकहरूको प्रकाशन गर्न दिएन । जब निरंकुश शासन खतम भयो उनका आँखाको उज्यालो गइसकेको थियो र उनले [illegible] लेख्न र छपाउन पाएनन् । त्यसो भए तापनि उनी इतिहासका धुरन्धर विद्वान् थिए । [illegible] इतिहास सम्बन्धी कुरा सोध्ने जुनसुकै मान्छेलाई पनि उनी [illegible] उनका कुराहरू असाध्यै मीठो शैलीमा सुनाउँथे । उनको सम्झना शक्ति साह्रै राम्रो थियो । [illegible] महत्त्वपूर्ण मान्छेका नालीवेली उनलाई थाहा थियो [illegible] पनि हुन्थ्यो । अन्तिम अवस्थामा असाध्यै भएर हँहैं [illegible] इतिहासको कुरो उकाउने बित्तिकै सारा व्यथा र कष्ट [illegible] उनी झट्ट कुरा गर्थे ।

नेपाली संसारका प्रतिभा बाबुराम आचार्यलाई [illegible] उचित कदर गर्दै २००८ सालमा इतिहास शिरोमणि [illegible]

अभ्यास

अठ्याारा शब्दहरू

हक्की – नडराउने, हकको लागि लड्ने

विद्वान् – विद्या जान्ने, धेरै पढेको

विमान	– हावाजहाज, वायुयान
बिसौनी	– बिसाउने ठाउँ
झिंगटी	– छानामा लाउने इँटाका पाल्ला खबटा
छरपुस्टिनु	– जतातते हुनु, छरिनु
व्यस्त	– काममा लागेको, कामैकामले भरिएको
सधैंको लागि आँखा चिम्लनु	– मर्नु, देहत्याग गर्नु
पाको	– बूढो
सदैव	– सधैं
सुधारवादी	– सुधार गरूँ र सपारूँ भन्ने विचारको
प्रकाण्ड	– ठूलो, धेरै पढेको
हेक्का	– ज्ञान, भेउ
अध्ययन गर्नु	– पढ्नु
विशेषता	– खास गुण, ठूलो गुण
कलाकृति	– कलाको चीज, मूर्ति वा बुट्टा वा चित्र
स्नेहपूर्वक	– मायासाथ, प्रेमसाथ
संक्षिप्त	– छोटकरी, छोटो
वृत्तान्त	– बयान
तुलनात्मक	– दाँजेको, दाँज्न लायकको
ग्रन्थ	– पुस्तक, किताप

निरंकुश	– अत्याचारी, कसैलाई नटेर्ने
धुरन्धर	– प्रकाण्ड, ठूलो
विश्वकोष	– ज्ञानका सबै कुरा भएको किताप
अन्तिम	– पुछारको
असाध्यै हुनु	– बिरामी हुनु, थला पर्नु
प्रतिभा	– बुद्धि, ज्ञान र भित्री योग्यता
इतिहास शिरोमणि	– इतिहास जान्ने सबै भन्दा ठूला विद्वान्

प्रश्नहरू

(क) तलका वाक्यहरूमध्ये कुन कुन ठीक छन् र कुन कुन चाहिं ठीक छैनन् ? छुट्याउनुहोस् र ठीक नभएकालाई कारण खुलाई ठीक पार्नुहोस् ।

(१) बाबुराम आचार्यको जन्म बझाङमा भएको थियो ।

(२) जयपृथ्वीबहादुर सिंह सुधारवादी विचारका व्यक्ति थिए ।

(३) बाबुराम आचार्यले अंग्रेजी पढेका थिएनन् ।

(४) बाबुराम आचार्यका पिता भने आफ्ना छोरालाई अंग्रेजी पढाउन चाहन्थे ।
(५) बाबुराम आचार्यले साहित्य सम्बन्धी खोजका किताहरू लेखेका छन् ।
(६) हेमराज शर्मा अंग्रेजी भाषाका प्रकाण्ड विद्वान् थिए ।
(७) जुन समयमा बाबुराम आचार्यका आँखा सदे थिए, उनले प्रशस्त पुस्तकहरू छपाए ।
(८) बाबुराम आचार्यले २००८ सालदेखि आँखा देख्ने छाडे ।
(९) संसारको सबैभन्दा अग्लो चुचुरो पत्ता लगाउने व्यक्ति बाबुराम आचार्य नै हुन् ।
(१०) बाबुराम आचार्यले जुन सालदेखि आँखा देख्न छाडे त्यसै सालमा इतिहास शिरोमणिको पद पाए ।
(११) बाबुराम आचार्य असाध्यै मिलनसार थिए ।
(१२) डरलाग्दो रोग लागेकाले बाबुराम आचार्यका आँखा कमजोर भएका थिए ।

(ख) कोष्टकभित्र दिइएका शब्दहरूमध्ये मिल्ने चाहिं छानेर तलका खाली ठाउँहरू भर्नुहोस् :

(१) ..... **(पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, नेपालको संक्षिप्त वृत्तान्त, पुराना कवि र कविता, तुलनात्मक सुन्दरकाण्ड)** भन्ने पुस्तकमा उनले भानुभक्त आचार्य भन्दा अघिका निकै नेपाली कविहरूका बारेमा लेखेका छन् ।
(२) उनले संसारका प्रसिद्ध .....(लेखकहरू, इतिहासकारहरू, साहित्यकारहरू, वैज्ञानिकहरू)ले लेखेका अनेकौं ठूलाठूला ग्रन्थहरू पढे ।
(३) उनको मस्तिष्कलाई .....(विश्वकोश, इतिहास, साहित्य, भण्डार, वंशावली) भने पनि हुन्थ्यो ।

(ग) तलका प्रश्नहरूका संक्षिप्त उत्तर लेख्नुहोस् –

(१) बाबुराम आचार्यका कति जति लेखहरू पत्रपत्रिकाहरूमा छापिएका छन् ?
(२) उनका पुस्तकहरू सातसालको क्रान्ति अघि किन उति छापिएनन् ?
(३) बाबुराम आचार्यले नेपाली इतिहासको अध्ययन कसरी गरे ?
(४) नेपाली जनतालाई बाबुराम आचार्यले के दिएर गए ?
(५) बाबुराम आचार्यले आँखाको ज्योति किन गुमाए ?

(घ) इतिहास शिरोमणि बाबुराम आचार्यले नेपाली भाषा, साहित्य र इतिहासमा गरेका योगदानको विवेचनात्मक चर्चा गर्नुहोस् ।

व्याकरण

साधारण भूतकाल- बितेको समयमा एक पल्ट गरेको वा भएको कुरालाई बुझाउने साधारण भूतकालका रूपहरू यी हुन् :

सबै तहका (उभयलिङ्गी)

एकवचन	**बहुवचन**
पहिलो पुरुष – मैले खाएँ	हामीले खायौं

(१) अनादरवाची

एकवचन

पुलिङ्ग	स्त्रीलिङ्ग	**बहुवचन** उभयलिङ्ग
दोस्रो पुरुष–तैले खाइस्	तैले खाइस्	तिमीहरूले खायौ
तेस्रो पुरुष–उसले खायो	उसले खाई	उनीहरूले खाए

(२) आदरवाची

दोस्रो पुरुष – तिमीले खायौ	तिमीले खायौ	तिमीहरूले खायौ
तेस्रो पुरुष – उनले खाए	उनले खाइन्	उनीहरूले खाए

(३) औपचारिक आदरवाची

एकवचन (उभयलिङ्ग)
दोस्रो पुरुष – तपाईंले खानुभयो
तेस्रो पुरुष – उहाँले खानुभयो

बहुवचन (उभयलिङ्ग)
तपाईंहरूले खानुभयो
उहाँहरूले खानुभयो

(४) अत्यन्त आदरवाची

एकवचन (उभयलिङ्ग)
दोस्रो पुरुष – हजुरले खाइबक्सियो
तेस्रो पुरुष – उहाँले खाइबक्सियो

बहुवचन (उभयलिङ्ग)
हजुरहरूले खाइबक्सियो
उहाँहरूले खाइबक्सियो

खानु सकर्मक क्रिया हुनाले यसको **साधारण भूतकाल**को प्रयोग हुँदा कर्तासित **ले** लाग्छ । तर **जानु** र **हुनु** जस्ता अकर्मक क्रियाका रूपहरू भने **ले** बिना नै चल्छन् । जस्तै,

म रोएँ ।
हामी भयौं ।
तँ गइस् ।
ऊ रोई ।
तपाई जानुभयो ।
उहाँ गइबक्सियो ।

साधारण भविष्य काल- साधारण भविष्य कालले पछि हुने वा गर्ने कामलाई बुझाउँछ । यसमा धातुसित ने जोडेपछि छ का रूपहरू गाँस्नुपर्छ । जस्तै,

सबै तहमा (उभयलिङ्ग)

एकवचन
पहिलो पुरुष – म खानेछु

बहुवचन
हामी खानेछौं ।

(१) अनादरवाची

एकवचन

पुलिङ्ग	स्त्रीलिङ्ग	**बहुवचन** उभयलिङ्ग
दोस्रो पुरुष – तँ खानेछस्	तँ खानेछेस्	तिमीहरू खानेछौ
तेस्रो पुरुष – ऊ खानेछ	ऊ खानेछे	उनीहरू खानेछन्

(२) आदरवाची

दोस्रो पुरुष – तिमी खानेछौ	तिमी खानेछ्यौ	तिमीहरू खानेछौ
तेस्रो पुरुष – उनी खानेछन्	उनी खानेछिन्	उनीहरू खानेछन्

(३) औपचारिक आदरवाची

	एकवचन (उभयलिङ्ग)	बहुवचन (उभयलिङ्ग)
दोस्रो पुरुष –	तपाई खानुहुनेछ	तपाईंहरू खानुहुनेछ
तेस्रो पुरुष –	उहाँ खानुहुनेछ	उहाँहरू खानुहुनेछ

(४) अत्यन्त आदरवाची

	एकवचन (उभयलिङ्ग)	बहुवचन (उभयलिङ्ग)
दोस्रो पुरुष –	हजुर खाइबक्सिनेछ	हजुरहरू खाइबक्सिनेछ
तेस्रो पुरुष –	उहाँ खाइबक्सिनेछ	उहाँहरू खाइबक्सिनेछ

अकरण– अकरणको न क्रियाको प्रारम्भमा जोडिने १४ औं पाठमा र बीचमा जोडिने १५ औं पाठमा दिइएको थियो । ती ठाउँमा बाहेक अरू सबै ठाउँमा **न** क्रियाको पुछारमा लगाउनुपर्छ । जस्तै,

साधारण वर्तमान :

म खान्नँ		हामी खाँदैनौ
तँ खाँदैनस्	तँ खान्नस्	तिमीहरू खाँदैनौ
तिमी खाँदैनौ	तिमी खान्नौ	
ऊ खाँदैन	ऊ खान्न	उनीहरू खाँदैनन्
उनी खाँदैनन्	उनी खान्नन्	
तपाई(हरू) वा	उहाँ(हरू) खानुहुन्न	
हजुर(हरू) वा	उहाँ(हरू) खाइबक्सिन्न	

साधारण भूत :

मैले खाइनँ		हामीले खाएनौं
तैले खाइनस्		तिमीहरूले खाएनौ
तिमीले खाएनौ	तिमीले खाइनौ	
उसले खाएन	उसले खाइन	उनीहरूले खाएनन्
उनले खाएनन्	उनले खाइनन्	
तपाई(हरू) ले वा	उहाँ(हरू) ले खानुभएन	
हजुर(हरू) ले वा	उहाँ(हरू) ले खाइबक्सिएन	

साधारण भूतमा अकरणमा पनि सकर्मक क्रिया छ भने **ले** लगाउनुपर्छ, तर अकर्मक क्रिया छ भने **ले** लगाउनुपर्दैन । जस्तै,

सकर्मक : रामले धेरै खाएन ।
उषाले दुइटा काम गरिनन् ।

अकर्मक : सबै जना त्यही बाटो हिंडेनन् ।
हामी हाँसेनौं ।

साधारण भविष्य :

म खानेछैनँ	हामी खानेछैनौं
तैं खानेछैनस्	तिमीहरू खानेछैनौ
तिमी खानेछैनौ	
ऊ खानेछैन	उनीहरू खानेछैनन्
उनी खानेछैनन्	
तपाईं(हरू) वा उहाँ(हरू) खानुहुनेछैन	
हजुर(हरू) वा उहाँ(हरू) खाइबक्सिनेछैन	

(ङ) तल दिएका दस वाक्यका मुख्य क्रियाका रूपहरूलाई **साधारण वर्तमान** बुझाउने कालमा नमूनामा देखाए झैं फेर्नुहोस् । फेर्नुपर्ने क्रियाका अक्षर तपाईंलाई सजिलो होस् भनी मोटा अक्षरमा दिएका छन् ।

दिएको वाक्य : म घर **जाँदै छु** ।

साधारण वर्तमान : म घर **जान्छु** ।

(१) म सीतालाई चिठी **लेख्दै छु** ।
(२) बाटुली घर **गई** र निकै बेर **रोई** ।
(३) मोहन आल्मारीबाट किताप **झिक्नेछ** र भानिजहरूलाई **पढाउनेछ** ।
(४) रामायणको कथा औधि राम्रो **थियो** भन्ने मेरो विचार **थियो** ।
(५) तिमीले धेरै सुन्तला **खायौ**, राम ।
(६) सीता, तिमीले निकै **पढ्यौ** ।
(७) दिए सुधा सुन्तला **खान्थी** ।
(८) उनी मासु **खाँदै थिइन्** भनी तिनी **भन्थे** ।
(९) उनी घर **जाँदै थिए** भनी तिनी **भन्थिन्** ।
(१०) हरिले पार्वतीलाई किताप **दियो** र उसले हरिलाई चिया **दिई** ।
(११) बादल **गर्जदै थियो** र ठूलो झरी **दर्कदै थियो** ।

(च) माथि (ङ) मा दिइएका अठार क्रियाहरूमध्ये सोह्र वटा **साधारण भविष्य** कालमा छैनन् । ती सोह्र वटालाई पनि साधारण भविष्यमा फेरेर ती वाक्यहरूलाई सार्नुहोस् ।

(छ) माथि (ङ) का क्रियाहरूमध्ये कुनु कुन **सकर्मक** र कुन कुन **अकर्मक** हुन् ?

(ज) तलका वाक्यहरूलाई

अ. **अकरण** बनाउनुहोस् ।
आ. **साधारण भूतको करणमा** फेर्नुहोस् ।
इ. **साधारण भूतको अकरणमा** फेर्नुहोस् ।

(१) श्रीमती शर्मा असाध्यै पीर मान्नुहुन्छ ।
(२) ल्हासा जानु कुतीको बाटो भनेको यही हो ।

(३) हामी चाँडै वराहक्षेत्र जानेछौं ।
(४) तैले भनेर हुन्छ ?
(५) हरिबहादुर असाध्यै राम्री गाडी हाँक्छ ।
(६) साहिंली बज्यै सधैं रुन्छिन् ।
(७) केटाहरू इलामको चियाबारी चाख मानी मानी हेर्छन् ।
(८) बुधवारेदेखि कन्यामसम्म मोटरको बाटो जान्छ ।
(९) रामेछापको सदर मुकाम आकाशेमा सर्नेछ ।
(१०) बुटौलदेखि पाल्पासम्मको बाटो अति रमणीय छ ।

१९. कक्षागत गीत

हे वीर हिंड अगि सरी नहटाई पाउ रतिभरि
यो मातृभूमि नेपालको भई वीर पराक्रमी सन्तति

खुकुरी, सङ्गीन, तलवार हतियार जे छन् सामुमा
नपरोस् यदि तिमी वीर हौ भने वीरका ती छातीमा

तिम्रै हो लेऊ नागरिक हक काँधमा काँधै गरी
सत्यता तिमो छ हतियार डर नलेउ क्यै कति

नडराई सम्झी लम्कँदै हिंड ढाल यै हो देशको
जातमा जे छौं सबै हौं एक सन्तति देशको

अभ्यास

अठ्यारा शब्दहरू

रतिभरि – अलिकति पनि, थोरै पनि
पराक्रमी – पुरुषार्थी, पौरखी, बहादुर
सन्तति – सन्तान, छोराछोरी
सङ्गीन – बन्दुकका टुप्पामा जोडिएको घोच्ने हतियार
नागरिक – नगरमा बस्ने, कुनै मुलुकमा अधिकार पाई बसेको मानिस
हक – अधिकार, न्याय वा इन्साफबाट पाइने अख्तियार
काँधमा काँध गर्नु – काँधमा काँध मिलाउनु, एकजुटभई काम गर्नु, मिलेर काम गर्नु
सत्यता – साँचोपन, सच्चाइ
ढाल – लडाइँमा हतियारहरूको चोट रोक्न छातीमा भिरिने गैंडाको छाला वा फलाम, बचाउका लागि भिरिने कुरो

रचनाको चिनारी- यसलाई गाउन योग्य रचना भएकाले कक्षागत गीतका रूपमा राखिएको हो । यस्ता गीतमा कविताको गुण पाइयो भने गीतिकविता भन्ने चलन छ । यो कक्षागत गीत सुन्दर गीति कविता हो ।

यस गीतिकवितामा नेपालीहरूलाई साहससाथ राष्ट्रलाई अघि बढाउन आह्वान गरिएको छ । कुनै हतियारहरूबाट समेत नडराई हामीले काँधमा काँध मिलाउँदै जातभातका तुच्छ र अनावश्यक भेदभावलाई त्यागी हामी समस्त नेपाली एउटै मुलुकका सन्तान हौं भन्दै देशरक्षाका लागि र राष्ट्रिय विकासका लागि लम्किँदै हिंड्नुपर्छ भन्ने प्रेरणा र उत्साह यस रचनाबाट पाइन्छ ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूका छोटकरीमा उत्तर दिनुहोस् :

(१) पाउ रतिभरि पनि नहटाउनु भनेको किन ?

(२) वीरका छातीमा के पर्छन् ?

(३) नागरिक हक कसरी लिने ?

(४) सत्यता हाम्रो के हो र केही र कति पनि के नलिनु ?

(५) देशको ढाल के हो ?

(६) जातमा हामी जे भए पनि मुख्य रूपले के हौं त ?

(ख) यस गीतिकवितालाई गद्यमा लेख्नुहोस् ।

(ग) तलका हरफहरूको सहयोग लिएर दस वाक्यहरू लेख्नुहोस्:

तिम्रै हो लेऊ नागरिक हक काँधमा काँधै-गरी

सत्यता तिम्रो छ हतियार डर नलेऊ क्यै कति

(घ) प्रसङ्ग बताई व्याख्या गर्नुहोस् :

जातमा जे छौं सबै हौं एक सन्तति देशको

व्याकरण

क्रियाका काल- मुख्य गरी क्रियाले **भूत, वर्तमान** र **भविष्य** गरी तीन काल बुझाउँछन् । ती तीन कालभित्र पनि अनेक रूप छन् । तीमध्ये साधारण वर्तमान, साधारण भूत, साधारण भविष्य, अज्ञात भूत र बितेको समयमा बानी बसेको बुझाउने भूतकालका रूपहरूका विषयमा अघिल्ला पाठहरूमा हामीले छलफल गरिसकेका छौं । यहाँ हामी **पूर्ण वर्तमान, पूर्ण भूत** र **पूर्ण भविष्य** कालका रूपहरू बारे छलफल गर्दै छौं । **पूर्ण** भनेको गरिसकेको वा भइसकेको भन्ने अर्थ हुन्छ । त्यसलाई बनाउँदा धातुसित **एको** भन्ने प्रत्यय (फुर्को, लुर्कन, फुँदो) जोड्नुपर्छ । जस्तै,

क्रियामूल	वर्तमान धातु	भूत धातु	एको गाँसिएको पूर्णता बुझाउने शब्द
खानु	खा	खा	खाएको
जानु	जा	ग	गएको
बस्नु	बस्	बस्	बसेको
पाउनु	पाउ	पा	पाएको
रुनु	रु	रो	रोएको
हुनु	हु	भ	भएको

पूर्णता बुझाउने शब्दहरूको **एको** लाई स्त्रीलिङ्गी कर्ता भए **एकी** र बहुवचन बुझाउने कर्ता भए **एका** बनाउनुपर्छ, तर पुलिङ्गी एकवचनको अनादरवाची कर्ता भए **एको** नै रहन दिनुपर्छ । जस्तै,

एकवचन		**बहुवचन**
पुलिङ्ग	स्त्रीलिङ्ग	(उभयलिङ्ग)
गएको	गएकी	गएका
पढेको	पढेकी	पढेका

पूर्ण वर्तमान- मूल धातुसित जोडिएको **एको**सित **छ** क्रियाको रूप चलाएमा **पूर्ण वर्तमान** काल हुन्छ । जस्तै,

मैले लेखेको छु	मैले लेखेकी छु	हामीले लेखेका छौं
तैले लेखेको छस्	तैले लेखेकी छेस्	तिमीहरूले लेखेका छौ
तिमीले लेखेका छौ	तिमीले लेखेकी छ्यौ	
उसले लेखेको छ	उसले लेखेकी छे	उनीहरूले लेखेका छन्
उनले लेखेका छन्	उनले लेखेकी छन्	

तपाई (हरू) वा उहाँ (हरू) ले लेख्नुभएको छ
हजुर (हरू) वा उहाँ (हरू) ले लेखिबक्सिएको थियो

पूर्ण भूत- खाएको, गएको जस्ता शब्द पछि **थि** को रूप चलाएमा **पूर्ण भूत** बनिन्छ । जस्तै,

मैले पढेको थिएँ	मैले पढेकी थिएँ	हामीले पढेका थियौं
तैले पढेको थिइस्	तैले पढेकी थिइस्	तिमीहरूले पढेका थियौ
तिमीले पढेका थियौ	तिमीले पढेकी थियौ	
उसले पढेको थियो	उसले पढेकी थिई	उनीहरूले पढेका थिए
उनले पढेका थिए	उनले पढेकी थिइन्	

तपाईं (हरू) वा उहाँ (हरू) ले पढ्नुभएको थियो
हजुर (हरू) वा वहाँ (हरू) ले पढिबक्सिएको थियो

पूर्ण भविष्य- एको लागेका **खाएको, भनेको** जस्ता क्रियाका पछि **छ** का सम्भावना जनाउने भविष्यका रूपहरू **(हुँला, हुँली, हौंला, होलास्, होलिस्, हौला, हौली, होला, होली, होलान्, होलिन्)** लगाएमा **पूर्ण भविष्य** काल बन्छ । जस्तै,

मैले खाएको हुँला	मैले खाएकी हुँली	हामीले खाएका हौंला
तैले खाएको होलास्	तैले खाएकी होलिस्	तिमीहरूले खाएका हौला
तिमीले खाएका हौला	तिमीले खाएकी हौली	
उसले खाएको होला	उसले खाएकी होली	उनीहरूले खाएका होलान्
उनले खाएका होलान्	उनले खाएकी होलिन्	

तपाईं (हरू) वा उहाँ (हरू) ले खानुभएको होला
हजुर (हरू) वा उहाँ (हरू) ले खाइबक्सिएको होला

माथि वर्णन गरिएका **एको** प्रत्यय लागेर बन्ने **पूर्ण वर्तमान, पूर्ण भूत** र **पूर्ण भविष्य** रूपहरू वाक्यमा प्रयोग गर्दा विचार पुऱ्याउनुपर्ने कुरो के हो भने **साधारण भूत**मा झैं यी रूपहरूमा पनि क्रिया सकर्मक भए कर्तासित **ले** लाग्छ र क्रिया अकर्मक भए **ले** लाग्दैन । जस्तै,

मैले फेवाताल **देखेको** छु । (सकर्मक)
बयलपाटा **पुगेको** छु । (अकर्मक)
उनले एक पल्ट रारा दहमा माछा **मारेका** थिए । (सकर्मक)
उनी पोहोर साल बझाङ **गएका** थिए । (अकर्मक)
उनले भुजा **खाएकी** होलिन् । (सकर्मक)
त्यो केटी मेरो लेख पढेर **हाँसेकी** होली । (अकर्मक)

अकरण- पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्य तीनै रूपहरूमा मुख्य क्रिया **एको** प्रत्यय लागेर बनेको हुन्छ र अकरणको **न** त्यसमा लाग्दैन । **छ, थि** र **होला**सित गएर अकरणको **न** टाँसिन्छ । यो **न सम्भावना** बुझाउने **होला**का रूपसित थालनीमै टाँसिन्छ भन्ने विषयमा १४ औं पाठमा छलफल भइसकेको छ । **छ** र **थि**सित भने यो **न** पुछारमा टाँसिन्छ । जस्तै,

खाएको छैनँ	खाएकी छैनँ	खाएका छैनौं
खाएको छैनस्	खाएकी छैनस्	खाएका छैनौ
खाएका छैनौ	खाएकी छैनौ	
खाएको छैन	खाएकी छैन	खाएका छैनन्
खाएका छैनन्	खाएकी छैनन्	
खानुभएको छैन		
खाइबक्सिएको छैन		
गएको थिइनँ	गएकी थिइनँ	गएका थिएनौं
गएको थिइनस्	गएकी थिइनस्	गएका थिएनौ
गएका थिएनौ	गएकी थिइनौ	
गएको थिएन	गएकी थिइन	गएका थिएनन्
गएका थिएनन्	गएकी थिइनन्	
जानुभएको थिएन		
गइबक्सिएको थिएन		

(ङ) तलका वाक्यहरूलाई

अ. **पूर्ण वर्तमान** कालमा लानुहोस् ।
आ. **पूर्ण भूत** कालमा लानुहोस् ।
इ. **पूर्ण भविष्य** कालमा लानुहोस् ।

(१) हिमाली प्रदेशमा हाम्रो सुन्दर डाँफे चरी भुरुक **उड्यो** ।

(२) बाबुराम आचार्यले इतिहासका कुरा प्रशस्त **लेखे** ।
(३) नेपालमा उत्तरतिर खपी नसक्नु जाडो **हुन्छ** ।
(४) लोककथाहरू भनेपछि सबै केटाकेटीहरू एक ठाउँ पोको **पर्छन्** ।
(५) हाम्रा डाँडाघरे मामा सल्यानतिर **गए** ।
(६) लम्साल्नी बज्यै लम्जुङबाट लम्ग्रङलम्ग्रङ **आइपुग्छिन्** ।
(७) कमला नदीको पानी **सुक्ला** ।
(८) नेपालका धेरै ठाउँमा बाटाहरू **बन्दै छन्**, उन्नति **हुँदै छ** ।
(९) कुखुराको मासु खाँदैमा जात **जाँदैन** ।
(१०) पोखरामा यस पालि पटक्कै पानी **परेन** ।
(११) झापालीहरू लुम्बिनी **पुगे** र बुद्धको जन्मस्थल **घुमे** ।
(१२) दङालीहरू दिक्तेलको हलेँसी महादेवथान हेर्न **जाँदै छन्** ।
(१३) तीलतालीको तील सेती अंचलभरि **प्रसिद्ध छ** ।
(१४) भट्ट्या लेकमा भन्दा राम्रा गुराँस चौखुट्या लेकमा **फुल्छन्** ।
(१५) ओखल्दुङ्गामा ओखल जस्ता दुङ्गा **पाइन्छन्** ।

(च) तलका रित्ता ठाउँहरूमा **ले** लाग्छ कि लाग्दैन ? लाग्छ भने कुनु कुन ठाउँमा लाग्छ र लाग्दैन भने कुन कुन ठाउँमा लाग्दैन ? कारण पनि दिनुहोस् ।

(१) रामबहादुर ..... श्यामबहादुरलाई लौरैलौराले ठटायो ।
(२) श्यामबहादुर ..... मुटुमा गाँठो पारी पारी रोएर हामीलाई छक्कै पाऱ्यो ।
(३) तिमी ..... हाँस्छौ भने हाँस ।
(४) प्रतिनिधि सभा ..... ढूलो बहस हुँदाहुँदै आफ्नो समय त्यस दिन सकिएकोले आफ्ना माननीय सदस्यहरूलाई रात्रिको विश्राम दियो ।
(५) मैले बैतडी देखेको छु तर राम ..... त्यहाँ पुगेको छैन ।

(छ) तलका क्रिया **करण** भए **अकरण** र **अकरण** भए **करण** बनाई आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस् –

पाउँदिन, गएका **छैनौं**, भनेकी थिइस्, गएकी थिइन्, खाएँ, खाएका थिएनन्, मरेको होला, हिंडेकी थिई, हिंडेकी थिइन, सुतेकी छिन्, सुत्तिनन्, सुतिन्, सुत्छ्यौ

(ज) 'कर्तव्य' पाठबाट दस वटा सकर्मक र पाँच वटा अकर्मक क्रिया बटुलेर अर्थ खुल्ने गरी आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् ।

(झ) हरेक वाक्यका मूल क्रियालाई अकरण पारेर जलेश्वर बस्ने आफ्ना मामालाई एउटा रमाइलो चिठी लेख्नुहोस् ।

(बाँकी भाग २ मा पढ्नुहोला)

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

महेन्द्र माला कक्षा ९ र १०